अध्याय : एक

# शोध परिचय

## १.१ पृष्ठभूमि

भाषा शिक्षण सिपको शिक्षण हो । भाषा शिक्षण गर्दा विषयवस्तु गौण हुन्छ भने भाषिक सिप प्रमुख हुन्छ । त्यसैले भाषा शिक्षण विषयवस्तुको शिक्षण नभएर विषयवस्तु व्यक्त गर्ने वा बुझ्ने सिपको शिक्षण हो । भाषा सिकाइ ज्ञान कम अनि कला र सिप बढी भएकाले त्यसलाई प्राप्त गर्न अभ्यासको निकै ठूलो भूमिका रहेको हुन्छ । त्यसैले भाषिक सिपको विकास गराउन विभिन्न सामग्रीहरू जस्तै : भाषा पाठ्यक्रम, पाठ्य पुस्तक, शिक्षक निर्देशिका आदिको विकास निर्माण गरिन्छ । भाषा पाठ्यक्रम सिकाइका सैद्धान्तिक कुराहरूलाई सूत्रात्मक रूपमा प्रस्तुत गरिएको समग्र दस्तावेज हो । पाठ्य पुस्तक पाठ्यक्रमअनुसारका विषयवस्तु समावेश गरिएको विधागत विविधताले युक्त सामग्री हो । शिक्षक निर्देशिका विषयवस्तुको प्रस्तुति शैली सम्बन्धी शिक्षकलाई निर्देशन प्रदान गर्ने महत्त्वपूर्ण सामग्री हो ।

शिक्षा विकासको इतिहासलाई फर्केर हेर्दा रा.शि.प.यो. वि.सं. २०२८ ले सर्वप्रथम देशभरी नै एकै प्रकारको पाठ्यक्रम र पाठ्य पुस्तक लागु गऱ्यो । त्यसपछि राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ ले प्राथमिक तहदेखि उच्च तहसम्मका शिक्षक निर्देशिका निर्माण गरी शैक्षिक सत्र २०४९/०५० बाट प्रा.वि. तह कक्षा १ मा २०५२/०५३ बाट कक्षा ४ मा २०५३/०५४ बाट कक्षा ५ मा र २०५५/०५६ बाट कक्षा ७ मा शिक्षक निर्देशिका लागु गरेको पाइन्छ । पाठ्यक्रम प्रारूप २०६३ ले पनि विद्यालय तहको पाठ्यक्रम परिमार्जन गरी निर्देशिकाको लेखाइ, छपाइ, र कार्यान्वयन पक्षमा जोड दिइएको पाइन्छ । नेपाल सरकार, शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र सानो ठिमी भक्तपुरले निरन्तर रूपमा पाठ्यक्रम विकास निर्माण गरी देशका सबै ठाउँहरूमा निर्देशिका उपलब्ध गराई निर्देशिका प्रयोगलाई अनिवार्य गराउने प्रयास गर्दै आएको छ ।

शिक्षक निर्देशिका शिक्षकका लागि कक्षा प्रस्तुतीकरणको आधार हो । जसले शिक्षकलाई पाठ्यक्रमले राखेका उद्देश्यभन्दा बाहिर नबहकिन निर्देशन प्रदान गर्दछ । निर्देशिकामा कुन विषयवस्तु, कसरी, कस्ता विधि र शैक्षिक सामग्री प्रयोग गरी कति

समयमा सिध्याउनुपर्ने हो । त्यसका लागि अनुमानित घन्टी, शिक्षण विधि, शिक्षण सामग्री, शिक्षण क्रियाकलाप र मूल्याङ्कन पद्दती समेत निर्देश गरिएको हुन्छ । त्यसैले पाठ्यक्रमले वा समग्र राष्ट्रले राखेको अपेक्षा पुरा गराउन शिक्षक निर्देशिका अपरिहार्य साधन सावित भएको छ । त्यतिमात्र नभई तालिम अप्राप्त शिक्षकहरू, नवप्रवेशी शिक्षकहरू, पुराना शिक्षकहरू, दरबन्दीको अभावमा निजी स्तरबाट राखिने शिक्षकहरूलाई शिक्षक निर्देशिकाले महत्त्वपूर्ण सामग्रीका रूपमा काम गरेको हुन्छ ।

नेपाल सरकार शिक्षा मन्त्रालयले हाल करिव ९२ प्रतिशत शिक्षकहरू तालिम प्राप्त छन् भनेर दावी गरेको वर्तमान सन्दर्भमा विद्यालयको सङ्ख्या र विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षक दरवन्दीको न्यूनतम देखिन्छ । अतः त्यो अभावलाई पूर्ति गर्न निजी स्तरका शिक्षकहरूलाई निर्देशिका बढी महत्त्वपूर्ण साधन भएको छ । निर्देशिकाका यस्ता विविध उपयोगिता र महत्त्व भए पनि निर्देशिका समयमै उपलब्ध नहुनु, निर्देशिकाको महत्त्व नबुभ्नु, नवप्रवेशी शिक्षकहरू निर्देशिका प्रयोगमा अनभिज्ञ हुनु, निर्देशिकाले सिफारिस गरेका सामग्रीहरू सबै ठाउँमा उपलब्ध नहुनु, निर्देशिका समय सान्दर्भिक नहुनु, कार्यान्वयन पक्ष फितलो हुनु , सरोकारवाला पक्षले उचित ध्यान पुऱ्याउन नसक्नु जस्ता विविध कारणले निर्देशिकाको उचित सदुपयोग भएको पाइदैन । जुन समग्र राष्ट्रका लागि दुर्भाग्यपूर्ण र सोचनीय विषय हो ।

यसरी भाषा सिकाइलाई उद्‌देश्यपूर्ण, व्यवहारिक, योजनाबद्ध र प्रभावकारी बनाउन निर्देशिका अपरिहार्य सामग्री हो । त्यसैले यसको प्रयोगमा अत्याधिक जोड दिनु पर्दछ । प्रस्तुत अध्ययनले माथि प्रस्तुत निर्देशिकामा सवल पक्षहरू र कमजोरीका पक्षहरू औंल्याई केही हदसम्म भएपनि कमी कमजोरी सुधार गर्न सहयोग गर्नेछ भन्ने विश्वास गरिन्छ । वर्तमान प्राथमिक तहका विद्यालयहरूमा नेपाली भाषा अध्ययन अध्यापनमा सहयोग पुऱ्याउने महत्त्वपूर्ण सामग्री निर्देशिका पाठ्यक्रम, पाठ्य पुस्तकअनुरूप निर्माण भए/नभएको, निर्देशिका प्रयोगको अवस्था के कस्तो छ ? र निर्देशिकाको प्रयोग र प्रभावकारीता कस्तो रहेको छ ? आदि वस्तुस्थितिको प्राथमिकताका साथ अध्ययन गरिएको छ ।

## १.२ समस्या कथन

हाम्रो देशको ग्रामीण भेगमा नेपाली भाषा शिक्षण प्रक्रिया पुरानै पद्धतिबाट गुज्रिरहेको छ । यस्तो परिवेशमा विद्यालय सञ्चालक, प्रशासन तथा शिक्षकहरूमा नेपाली विषयप्रति रहेको हेयको दृष्टिकोणका कारण नेपाली विषयमा दक्ष तथा विषय शिक्षकको आवश्यकता नठान्ने मानसिकता पाइन्छ । यस्तो परिवेशमा सरकारी विद्यालयहरूमा त झन् विद्यालय व्यवस्थापन समितिलाई अधिकार सम्पन्न बनाइएकोमा राम्रोभन्दा हाम्रो शिक्षक भर्ना गराउने कार्यले झन समस्या थपिरहेको छ । शिक्षण सिकाइ प्रक्रियाको प्रमुख आधार वा मार्गनिर्देशक भनेको पाठयक्रम हो र पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि पाठ्य पुस्तक र शिक्षक निर्देशिका लगायत अन्य शिक्षण स्रोत सामग्रीको उपयोग गरिन्छ । शिक्षण सिकाइ प्रक्रियालाई उद्देश्यपूर्ण, योजनाबद्ध र व्यावहारिक बनाउन पाठ्यक्रम, पाठ्य पुस्तक र शिक्षक निर्देशिका बीच अन्योन्याश्रित सम्बन्धकासाथ तिनको प्रयोग हुनुपर्दछ । (शै.ज.वि.के., २०६३[1] : २०६) भाषा शिक्षण भनेको भाषिक सिपहरूको शिक्षण हो । भाषिक सिप शिक्षण अन्तर्गत सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता सिपहरू पर्दछन् । भाषिक सिप आर्जन क्रमशः सरलबाट जटिल हुँदै जान्छ । (शै.ज.वि.के., २०६३[1] : ८)

भाषा शिक्षणमा विषयवस्तु गौण हुन्छ । भाषा शिक्षण साहित्य शिक्षण नभई यसले भाषिक सिपहरूको शिक्षणलाई प्रमुख महत्त्व दिन्छ । भाषिक सिपको शिक्षण भन्नासाथ भाषाका चार प्रमुख सिपहरू (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) सँगै सम्बद्ध रही भाषालाई नै साधन र साध्यका रूपमा हेर्ने दृष्टिकोण हो । भाषा शिक्षणको उद्देश्य भाषिक सिप विकास गर्नु हो । भाषा शिक्षण गर्दैमा सिप विकास नहुन पनि सक्दछन् । भाषा सिकाइमा प्रभाव पार्ने परिवेश, रुचि, तरिका, समस्या र निराकरणको खोज विना अपेक्षित सिकाइ सम्भव हुँदैन । भाषा बोल्नु वा लेख्नु मात्र सिकाइ होइन, शुद्ध प्रयोगलाई मात्र भाषिक सिप विकास मानिन्छ । सिकारुको भाषिक शुद्धीकरणको लागि भाषा शिक्षकमा सैद्धान्तिक ज्ञान, सिपको अद्यावधीकरण, विधि, सामग्री प्रयोग र अभ्यासात्मक कार्यमा उत्प्रेरणात्मक नवीनताको अपेक्षा गरिन्छ । यसका लागि शिक्षकले सिप सिकाउने नभई विद्यार्थीको रुचिगत सिकाइ उत्प्रेरणालाई सहजीकरण गर्नुपर्ने पक्ष महत्त्वपूर्ण मानिन्छ । (भट्टराई, २०६३ : ४४)

भाषा विचार विनिमयको सशक्त माध्यम हो । मानव व्यवहारमा यसले विशिष्ट महत्त्व राख्दछ । समाजको दैनिक व्यवहार सञ्चालनमा यसको आवश्यकता पर्दछ । मानिसका सम्पूर्ण व्यवहार एवम् क्रियाकलापहरू भाषाका माध्यबाट सञ्चालित हुने हुँदा जीवन निर्वाहको हरपलमा भाषाको आवश्यकता हुन्छ । भाषा शिक्षण विषयवस्तुको शिक्षण नभई विषयवस्तुका माध्यमबाट भाषिक सिपहरूको शिक्षण भएकाले यो अरू विषयको शिक्षणको तुलनामा केही जटिल हुन्छन् । (पा.वि.के., २०६४ : ८)

शिक्षक निर्देशिकाले तालिम अप्राप्त शिक्षकलाई प्रभावकारी रूपमा शिक्षण गर्ने उपयुक्त निर्देशन दिन्छ भने तालिम प्राप्त शिक्षकलाई उसले सिकेका कुराहरू पुनर्जागृत गराउन सहयोग पुऱ्याउँछ । (ढुङ्गेल र दाहाल, २०६४ : ११६)

शैक्षिक जनशक्ति विकास केन्द्रद्वारा सञ्चालित सेवाकालिन तालिम सामुदायिक विद्‍यालयमा कार्यरत बहुसङ्ख्यक शिक्षकहरू (९८.२%) ले प्राप्त गरिसकेको तथ्याङ्क सार्वजनिक भए पनि शिक्षकहरूले तालिममा सिकेका कुराहरू कक्षाकोठामा प्रयोग नगरिरहेको विद्यमान अवस्था देखिन्छ । यस्तो अवस्थामा शिक्षण व्यवहारको प्रभावकारी कार्यान्वयनका लागि तालिम प्राप्त शिक्षकलाई शिक्षक निर्देशिका प्रयोगको बारेमा सामूहिक छलफल गर्न, स्थलगत भ्रमण गर्न, खोज, प्रयोगमा देखिएका समस्या समाधानमा केन्द्रित रहन र शैक्षिक सामग्रीको प्रयोग गर्न आवश्यक पृष्ठपोषणको अभाव खड्किएको छ ( भण्डारी, २०६७ : १२७) ।

शिक्षक निर्देशिकाले शिक्षकका लागि सहयोगीको भूमिका खेल्न सक्छ । यसले शिक्षकलाई दैनिक पाठयोजना बनाई लागू गर्न, शिक्षण क्रियाकलापलाई व्याख्यानभन्दा, छलफल र अन्तरक्रियामुखी बनाउन, विद्‍यार्थीमा भाषिक दक्षता अभिबृद्‍धि गर्दै बोध र अभिव्यक्ति पक्षको विकास गर्न मार्गनिर्देशकको भूमिका खेल्ने देखिन्छ । (पा.वि.के., २०६७ : हाम्रो भनाइ)

विद्‍यालयको शैक्षिक गुणस्तर उकास्न सर्वप्रथम शिक्षण सिकाइ प्रक्रिया सुधारतर्फ ध्यान दिनु जरुरी छ । शिक्षण सिकाइ प्रक्रियालाई प्रभावकारी, व्यावहारिक तथा उद्‍देश्यपूर्ण बनाउनका लागि पाठ्‍यक्रमको उपयुक्त ढङ्गले कार्यान्वयन हुन जरुरी हुन्छ । पाठ्‍यक्रम कार्यान्वयनका प्रमुख साधनका रूपमा पाठ्‍य पुस्तकका अतिरिक्त, शिक्षक निर्देशिका,

स्रोतसामग्री, सन्दर्भसामग्रीले महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् । नेपाली भाषा शिक्षण परम्पराले लामो समय बिताइसकेको छ । यसमा समयानुकूल परिवर्तन र परिष्कारका लागि प्रयासहरू हुँदै आएका छन् । यति हुँदाहुँदै पनि नेपाली भाषा शिक्षणले अनेकौं समस्या आत्मसात् गरेर गुज्रनु परेको तीतो सत्य पाइन्छ ।

शिक्षण सिकाइ प्रक्रियालाई उद्देश्यपूर्ण, व्यावहारिक र योजनाबद्ध बनाउन शिक्षक निर्देशिकाको समुचित र सन्तुलित प्रयोग अपरिहार्य बन्दै गएको वर्तमान अवस्थामा यसको महत्त्व बुझ्रेर प्रयोग/उपयोग गर्ने कुशलताको अभाव भएको कारणले यसको प्रभावकारी प्रयोगमा समस्या रहेको देखिन्छ । अतः प्रस्तुत शोधपत्रले ग्रामीण भेगका विद्यालयहरूमा पाठ्यक्रमले अपेक्षा गरे अनुसारको उद्देश्य प्राप्तिका लागि पाठ्य पुस्तकमा समावेश गरिएको पाठ्यविषयहरूको अपेक्षित उद्देश्यअनुसार शिक्षण गर्न निर्देशिकाले के-कस्तो भूमिका खेलेको छ ? यसको प्रयोग र प्रभावकारिताको वर्तमान अवस्था कस्तो छ पहिचान गरी समस्या निराकरणका उपायहरू समेत खोजी गर्न यसका समस्याहरूलाई निम्नानुसार बुँदामा प्रस्तुत गरिएको छ :

(क) पाठ्यक्रम, पाठ्य पुस्तक र शिक्षक निर्देशिका बीच कस्तो सम्बन्ध रहेको छ ?

(ख) (कक्षा ७) को नेपाली भाषा शिक्षण गर्दा शिक्षक निर्देशिका प्रयोगको प्रभावकारिता के-कस्तो छ ?

(ग) निर्दिष्ट स्थानमा (कक्षा ७) को नेपाली शिक्षणका लागि शिक्षक निर्देशिका उपयोगी सावित भएको छ, वा छैन ?

(घ) शिक्षक निर्देशिका प्रयोगमा के-कस्ता कठिनाइहरू रहेका छन् ?

(ङ) नेपाली भाषा शिक्षणमा शिक्षक निर्देशिकाको प्रयोगमा समय सापेक्ष सुधार ल्याउन के-कस्ता उपायहरू अवलम्बन गर्नुपर्दछ ?

## १.३ अध्ययनको सान्दर्भिकता

अनुसन्धान निश्चित उद्देश्यमा आधारित भएर गरिने कार्य हो । यो कुनै निश्चित क्षेत्रमा र दायरामा रहेर सम्पन्न गरिन्छ । प्रस्तुत अध्ययन त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाष शिक्षा विभाग स्नातकोत्तर तह (एम.एड.) द्वितीय वर्षको नेपा.शि. (५९८) को प्रयोजनका लागि तयार पारिएको हो । हुन त यस शीर्षकसँग

सम्बन्धित थुप्रै अध्ययनहरू भएका छन् । तर ती अध्ययनहरू सैद्धान्तिक रूपमा कुनै निश्चित क्षेत्रलाई आधार मानेर निश्चित उद्देश्य पूर्तिका लागि भएका छन् भने प्रयोगात्मक रूपमा यस क्षेत्रमा अध्ययन अनुसन्धानको अभाव नै देखिन्छ । प्रयोगात्मक रूपमा १/२ वटा अनुसन्धान भने नभएका होइनन् तर ती अध्ययनहरू पुराना भइसकेका वा समय सान्दर्भिक छैनन् । अतः त्यो अभावलाई मध्यनजर गरी वर्तमान अवस्थामा यस शीर्षकमा अध्ययन गर्नु सान्दर्भिक देखिन्छ ।

विद्यालय तहको शिक्षालाई प्रभावकारी बनाउन नेपाल सरकार शिक्षा मन्त्रालयले निर्देशिका लेख्ने र छपाउने कार्य पाठ्यक्रम विकास केन्द्रलाई दिई निर्देशिका प्रयोग अनिवार्य गरेको वर्तमान सन्दर्भमा देशका सबैजसो दुर्गम र पिछडिएका ठाउँहरूमा सबै शिक्षकले निर्देशिका प्रयोग गरे/नगरेको बारे जानकारी प्राप्त गर्न प्रस्तुत अध्ययन सान्दर्भिक देखिन्छ । प्रस्तुत अध्ययन उदयपुर जिल्लाका नि.मा.वि. तहका विद्यालय र त्यसमा अध्यापनरत विषयगत शिक्षकहरू माझ प्रत्यक्ष रूपमा रही सम्पन्न गरेकाले त्यहाँका नमुना छनोटमा परेका विद्यालय र शिक्षकहरूलाई अध्ययनबाट प्राप्त तथ्यका आधारमा आफ्ना नराम्रा पक्षहरू सुधार गर्ने मौका मिल्छ । त्यतिमात्र नभई सिङ्गो उदयपुर जिल्लाका विद्यालयहरूलाई समेत प्राप्त तथ्यका आधारमा आफ्ना कमजोरी सुधार गर्ने अवसर मिल्छ । त्यस्तै त्यहाँका शिक्षासँग सम्बन्धित संघ संस्था वा निकायहरूलाई अनुमानित भरमा नीति, योजना र बजेट तर्जुमा र विनियोजना गर्नु भन्दा यस अध्ययनबाट प्राप्त तथ्यलाई आधार मानी तयार गर्न महत्त्वपूर्ण सहयोग गर्ने भएकाले प्रस्तुत अध्ययन बढी सान्दर्भिक देखिन्छ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययन कार्यका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

(क) पाठ्यक्रम, पाठ्य पुस्तक र शिक्षक निर्देशिका बीचको अन्तर्सम्बन्ध ठम्याउनु,

(ख) निम्न माध्यमिक तह (कक्षा ७) को नेपाली भाषा शिक्षणमा शिक्षक निर्देशिका प्रयोगको प्रभावकारिता पहिल्याउनु,

(ग) कक्षा ७ को नेपाली भााषको पठनपाठनमा शिक्षक निर्देशिकाको भूमिका निर्क्योल गर्नु,

(घ) शिक्षक निर्देशिका प्रयोगमा देखिएका कठिनाइहरू खोजी गर्नु,

(ङ) निम्न माध्यमिक तह (कक्षा ७) को नेपाली भाषा शिक्षणमा शिक्षक निर्देशिकाको प्रयाेगमा सुधार ल्याउनका लागि आवश्यक उपायहरू सुझाउनु ।

## १.५ अध्ययनको औचित्य

नेपाली भाषालाई नेपालको अन्तरिम संविधानले सरकारी कामकाजको भाषाका रूपमा स्वीकारेको छ । प्रत्येक नेपालीले आफ्ना बालबालिकाहरूलाई आफ्नै मातृभाषामा शिक्षा आर्जन गर्न पाउनु पर्ने आवाज उठाउने गरेका भए पनि यसका लागि आवश्यक पूर्वाधारहरू तयार नभइसकेका कारण जुनसुकै मातृभाषी विद्यार्थीले पनि प्राथमिक तहदेखि नै नेपाली भाषा सिकेर यही भाषाको माध्यमले अन्य विषयहरू पनि सिक्नु पर्ने अवस्था छ । यस्तो बाध्यात्मक अवस्थामा नेपाली भाषालाई दोस्रो भाषाका रूपमा शिक्षण गर्नुपर्दा भाषा शिक्षण कठिन बन्न पुगेको देखिन्छ । यस्तो परिस्थितिमा नेपाली भाषा शिक्षणलाई सरल, सहज र प्रभावकारी बनाउनका लागि शिक्षक निर्देशिका प्रयोगमा ध्यान दिनु आवश्यक हुन्छ । (अधिकारी, २०६३ : ३१)

भाषा शिक्षणको उद्देश्य विषयवस्तु शिक्षण नभएर भाषिक सिपहरूको शिक्षण भएकाले भाषा पाठ्य पुस्तकका विभिन्न विधालाई भाषिक सिप विकासमा अभ्यासका लागि उपयोग गर्नुपर्ने हुन्छ । पाठका विधागत विषयवस्तुका माध्यमबाट सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपका लागि आवश्यक पर्ने श्रुतिवोध, उच्चारण, सस्वरपठन, मौनपठन, पठनवोध, लयवोध, मौखिक अभिव्यक्ति, लिखित अभिव्यक्ति, शब्दभण्डार, वर्णविन्यास र व्याकरणात्मक अभ्यासका विविध पक्षहरूको बोधात्मक एवम् सम्पादन क्षमताको उन्नयनलाई नै भाषा शिक्षणको मुख्य ध्येय बनाइनुपर्छ । (शर्मा र पौडेल, २०६८ : २१७)

उपयुक्त र प्रभावकारी रूपमा भाषिक सिप शिक्षण गर्न शिक्षक निर्देशिकाले मार्गदर्शन गरेको हुन्छ । तसर्थ पाठ्य पुस्तकका पाठ्यांश अनुसार नमूनाका रूपमा दिइएका पाठयोजनाहरू पाठ्यक्रमका उद्देश्यहरू पुरा गर्ने खालका छन् वा छैनन् तिनीहरूको विद्यालय तहमा प्रभावकारिता र उपयोगिताको अवस्था कस्तो छ भन्ने तथ्यको अध्ययन हुनु महत्त्वपूर्ण हुने देखिन्छ । आजको प्रतिस्पर्धात्मक युगमा पनि शिक्षक निर्देशिकाको प्रभावकारिता प्रयोगमा शिक्षा सम्बद्ध सरोकारवालाहरूको ध्यान नगइरहेको, निर्देशिका

प्रयोग सम्बन्धी अध्ययन अनुसन्धान पर्याप्त नभइरहेको विद्यमान अवस्थामा यस अध्ययनको औचित्य पुष्टि हुन्छ ।

शिक्षक निर्देशिकाको महत्त्व बुझेर प्रयोग/उपयोग गर्ने कुशलताको अभाव भएको हुँदा यसको प्रभावकारितामा समस्या रहेको देखिन्छ । शिक्षण क्रियाकलापलाई अझै परिष्कृत र उपलब्धिमूलक बनाउनका लागि अध्ययन अनुसन्धानले निकै सहयोग पुऱ्याउने हुँदा पनि यसको औचित्य पुष्टि हुन्छ । यस अध्ययनबाट उदयपुर जिल्लाका निम्न माध्यमिक तह ( कक्षा ७) मा शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिता सम्बन्धी वर्तमान अवस्थाका वास्तविक तथ्यहरू प्राप्त हुनाका साथै पाठ्य पुस्तकका पाठ्यांशहरूको अध्यापनमा निर्देशिकाले खेल्ने भूमिकाका बारेमा अध्ययन गरी निकालिएका निष्कर्षहरूले महत्त्वपूर्ण भूमिका खेल्ने देखिन्छ । अध्ययन विश्लेषण कार्य पूर्णतया तथ्यपरक हुने हुँदा यसबाट प्राप्त निचोड वा निष्कर्षले भाषाशिक्षकको अध्यापन कार्यमा थप प्रभावकारी बनाउन मद्धत पुग्नेछ । यसबाट पाठ्यक्रम, पाठ्य पुस्तक तथा शिक्षक निर्देशिका निर्माण कार्यमा लाग्ने महानुभावलाई भावी कार्यक्रम तय गर्दा यसको प्रयोग क्षमता तथा सर्वसुलभताका लागि आवश्यक उपाय अवलम्बन गर्न समेत मद्धत पुग्ने भएकाले यस अध्ययनको औचित्य पुष्टि हुने देखिन्छ । शिक्षक वर्गलाई भाषा शिक्षणमा शिक्षक निर्देशिकाको के-कस्तो प्रभावकारिता रहन्छ भन्ने कुरा पत्ता लगाउन यस अध्ययनले सहयोग पुऱ्याउने हुनाले पनि यस अध्ययनको औचित्य प्रमाणित हुन्छ ।

## १.६ अध्ययनको सीमाङ्कन

क. उदयपुर जिल्लाअन्तर्गत भलायडाँडा र पञ्चावती गाउँ विकास समितिभित्रका विद्यालयहरू (उ.मा.वि.-४, नि.मा.वि.-१६) का प्रधानाध्यापक तथा निम्न माध्यमिक तह (कक्षा ७) मा नेपाली विषयका विषय शिक्षकहरूमा यो अध्ययन सीमित रहेको छ ।

ख. उदयपुर जिल्लाका निम्न माध्यमिक तह (कक्षा ७) को नेपाली विषयको पाठ्यक्रम, पाठ्य पुस्तक तथा शिक्षक निर्देशिका प्रयोगको प्रभावकारितासँग मात्र यो अध्ययन सीमित रहेको छ ।

ग. उदयपुर जिल्लाका निम्न माध्यमिक तह (कक्षा ७) को नेपाली शिक्षणमा शिक्षक निर्देशिका प्रयोगको प्रभावकारिता पहिल्याउनुका लागि तोकिएको विद्यालयहरूमा मात्र सीमित गरिएको छ ।

घ. निर्दिष्ट उद्देश्य प्राप्तिका लागि यो अध्ययन उदयपुर जिल्ला भलायडाँडा र पञ्चावती गाउँ विकास समितिमा तोकिएका विद्यालयका निम्न माध्यमिक तहमा पढाउने नेपाली विषयको शिक्षकहरूको शिक्षण कौशलको अवलोकनमा सीमित गरिएको छ ।

ङ. प्रश्नावली र कक्षाअवलोकन तथ्याङ्क सङ्कलनका आधार मानिएको छ ।

# अध्याय : दुई

# पूर्वकार्यको अध्ययन र अध्ययनको रूपरेखा

## २.१ सम्बन्धित साहित्यको अध्ययन

शिक्षक निर्देशिका प्रयोग सम्बन्धी विगतमा भएका पुस्तक लेखन तथा शोधकार्यहरूको अध्ययनबाट यस अध्ययनलाई केही मार्गनिर्देशन हुने भएकाले यसमा केही त्यस्ता सामग्रीहरूको समीक्षा प्रस्तुत गरिएको छ । वास्तवमा विगतका कार्यहरूबाट नै वर्तमान निर्देशित हुने गर्दछ । विगतमा भए गरेका लेखन तथा शोधकार्यहरूमा के-कस्ता समस्याहरू देखाइएका छन्, कसरी निराकरण गर्न निर्देश गरिएको छ आदि कुराहरूको जानकारी लिन पूर्ववत् कार्यहरूको समीक्षा यहाँ प्रस्तुत गरिएको छ ।

लामिछानेद्वारा लिखित **नेपाली भाषा शिक्षण परिचय** (२०५२ : २२४) मा नेपाली शिक्षण सहायक सामग्रीको आवश्यकता भाषा शिक्षणको सन्दर्भमा उपयोगमा ल्याउन सकिने सामग्रीको परिचय तथा नेपाली भाषा शिक्षणको महत्त्व बारे चर्चा गरिएको छ ।

अधिकारी (२०६१) ले **नेपाली भाषा शिक्षण** ( : २२६) मा कुनै वस्तु वा वातावरणको खास पक्ष बृहत् ब्रह्माण्डको सानो भन्दा सानो अंश हुन सक्छ । उक्त अंशलाई कक्षाको शिक्षण प्रक्रियामा प्रत्यक्ष सहायक बनाइन्छ भने त्यसलाई सहायक सामग्री मान्नु उपयुक्त हुने कुरा उल्लेख गरेका छन् ।

ढुङ्गेल र दाहाल (२०६४) ले **भाषा पाठ्यक्रम, पाठ्य पुस्तक तथा शिक्षण पद्धति**

(: ११६) मा शिक्षक निर्देशिकाले पाठ्य पुस्तकमा राखिएका पाठ्यवस्तुलाई कतिसम्म विस्तार गर्ने र के-कस्ता सामग्रीहरूको सहायताबाट कुन शिक्षण विधि तथा सामग्री प्रयोग गर्न तथा शिक्षण पश्चात् कुन तरिकाबाट मूल्याङ्कन गर्ने भन्ने कुरा निर्देश गर्दछ । यसले तालिम अप्राप्त शिक्षकलाई प्रभावकारी रूपमा शिक्षण गर्ने उपयुक्त निर्देशन दिन्छ भने तालिम प्राप्त शिक्षकलाई उसले सिकेका कुराहरू पुनर्जागृत गराउन सहयोग पुऱ्याउँछ भनेका छन् ।

प्रधान (२०६४) ले **नेपाली भाषा शिक्षण** (: २३१) मा पाठ्य पुस्तकमा राखिएका पाठहरूलाई विभिन्न पाठ्यवस्तु र घण्टीमा विभाजन गरी प्रत्येक पाठ्यवस्तुको सङ्क्षिप्त रूपमा

पाठयोजनासमेत समावेश गरी शिक्षक/शिक्षिकालाई कुन पाठ्यवस्तुका लागि कति समय छुट्याउने, के-कस्ता शिक्षण सामग्री प्रयोग गर्ने, कुन विधि अपनाएर शिक्षण कार्यकलाप सञ्चालन गर्ने तथा मूल्याङ्कनका लागि के-कस्ता उपाय अपनाउने भन्ने मार्गदर्शन प्रदान गर्ने सामग्री शिक्षक निर्देशिका भएको र यसलाई शिक्षण सहायक सामग्रीका रूपमा प्रयोग गर्न सकिने चर्चा गरेकी छिन् ।

खनियाँ र अन्यले **नेपाली भाषा शिक्षण** (२०६६ : ३०३) मा शिक्षक निर्देशिकामा कस्ता-कस्ता पाठ्यविषयका लागि के-कस्ता सामग्रीको उपयोग गर्ने, कुन विधि कसरी अपनाउने र शिक्षण सिकाइ क्रियाकलाप कसरी गर्ने भन्ने कुराको उल्लेख गरिएको हुन्छ । त्यस्तै के-कस्ता मूल्याङ्कनका प्रविधिहरू अपनाउने, के-कस्ता अभ्यासात्मक क्रियाकलाप गराउने र समग्रमा कस्तो शिक्षण योजना बनाउने जस्ता पक्षहरूको निर्देशन दिइएको हुन्छ । यसले गर्दा शिक्षकले शिक्षण गर्न धेरै सजिलो पार्छ र शिक्षण पनि प्रभावकारी र उद्देश्यमूलक हुन्छ भनेका छन् ।

लम्साल र अन्यले **नेपाली भाषा शिक्षण** (२०६६ : १८५) मा शिक्षण सामग्रीको आवश्यकतालाई पुरा गर्ने पाठ्य पुस्तकका अतिरिक्त अन्य विभिन्न सामग्रीलाई नै शिक्षण सहायक सामग्री भनिन्छ भन्दै विद्यार्थीहरूको भाषिक सिप विकास गर्नका साथै विषयवस्तुको ज्ञान रुचिपूर्ण ढङ्गले प्रस्तुत गर्न पाठलाई सरल बनाउन तथा भाषिक सिपमा विद्यार्थीहरूलाई बढीभन्दा बढी सक्रिय तुल्याउन समेत शिक्षण सहायक सामग्रीले सहयोग पुऱ्याउने हुनाले यसको महत्त्व हुन्छ भनेका छन् ।

शर्मा र पौडेल (२०६८) ले **नेपाली भाषा शिक्षणका सन्दर्भहरू** (: ४४७) मा भाषिक उद्देश्यका उपलब्धि तहसम्म पुग्न मद्दत पुऱ्याउने सहयोगी साधन विशेषलाई नै व्यापक अर्थमा शिक्षण सामग्री वा शिक्षण सहायक सामग्री भनिन्छ । यस मानेमा पाठ्य पुस्तक र त्यसभित्रका पाठ्यसामग्रीलाई आधार सामग्री वा मूल सामग्री र अभ्यासपुस्तिका, शिक्षण निर्देशिका तथा पूरक पाठ्य पुस्तकलाई पूरक सामग्री र अन्य सबै प्रकारका सामग्रीहरूलाई सहायक सामग्री भनेर व्यवहार गर्ने गरिएको पाइन्छ । आधार सामग्री नभई नहुने अनिवार्य सामग्री हो भने पूरक वा सहायक सामग्री भने शिक्षणलाई प्रभावकारी तथा अग्रगामी बनाउने ऐच्छिक सामग्री हुन्, जसको प्रयोग अनिवार्य मानिँदैन तर अपरिहार्य मानिने कुरा उल्लेख गरेका छन् ।

ढकाल र खतिवडा (२०६८) ले **नेपाली भाषा र साहित्य शिक्षण** (: २६९) मा पाठ्यसामग्रीहरूमा पाठ्य पुस्तक, सन्दर्भपुस्तक, शिक्षक निर्देशन पुस्तिका, पत्रपत्रिका, पर्चा, पोष्टर, शब्दपत्तीहरू हाम्रा सन्दर्भमा प्रयुक्त हुन सक्ने देखिन्छन् तर पनि सुलभ ढङ्गले ग्रामीण विद्यालयमा उक्त सामग्री प्रयोग गर्ने वातावारण अझै बनिसकेको छैन । शिक्षकको अनभिज्ञता पनि कतिपय सन्दर्भमा जिम्मेवार छ भनी उल्लेख गरेका छन् ।

आचार्य (२०६२) ले **माध्यमिक तहका शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिता सम्बन्धी अध्ययन** (२०६२) शीर्षकको शोधपत्रमा माध्यमिक तहको शिक्षक निर्देशिकालाई पाठ्य पुस्तक र पाठ्यक्रमको उद्देश्यसँग तुलना गर्ने, पाठ्यक्रम, पाठ्य पुस्तक र शिक्षक निर्देशिका बीचको अन्तर्सम्बन्ध पहिचान गर्ने, माध्यमिक तहमा शिक्षक निर्देशिकाको प्रयोगावस्था पत्ता लगाउने, निर्देशिका प्रयोगमा देखिएका सवल तथा दुर्बल पक्षहरू पहिल्याउँदै निर्देशिकाको सुधारका लागि सुझाव दिने उद्देश्य राखी तालिका र सामान्य साङ्ख्यिकीय विधिको प्रयोग गरिएको छ । त्यस्तै यसमा निर्देशिका शिक्षकका लागि महत्त्वपूर्ण सन्दर्भसामग्री भए पनि यसमा पूर्वपाठसँग अन्तर्सम्बन्धित गराउँदै शिक्षण गर्ने कुराप्रति निर्देशिका मौन रहेको उल्लेख गरेका छन् । त्यस्तै माध्यमिक तहका विषय अध्यापनका लागि विकास गरिएको निर्देशिकामा पाठ्यक्रमले निर्देश गरेअनुसार विषयवस्तुहरू चयन गरिएका छन् । पाठहरू लामा छोटा भएअनुसार पाठ्यविषय, उद्देश्य, विधि, सिपको सिकाइबाट विद्यार्थीले हासिल गर्ने कुरा, आवश्यक सामग्री, मूल्याङ्कन तरिकालाई आधार लिएर प्रस्तुत गरिएका विषयवस्तु प्राप्यताका दृष्टिले उपयुक्त हुँदाहुँदै पनि व्याकरणमा न्युनता हुनु र विधिमा विविधता नहुनु यसका कमजोरी मान्न सकिने कुरा औंल्याएका छन् ।

अधिकारी (२०६४) ले **निम्न माध्यमिक तह कक्षा ८ को शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिता सम्बन्धी अध्ययन** (२०६४) शीर्षक शोधपत्रमा निम्न माध्यमिक तह कक्षा ८ को शिक्षक निर्देशिकालाई पाठ्यक्रम र पाठ्य पुस्तक अनुरूपताका आधारमा विश्लेषण गर्ने, पाठ्यक्रम र पाठ्य पुस्तकको उद्देश्यसँग तुलना गर्ने, नेपाली शिक्षण गर्दा निर्देशिकाको प्रयोग स्थिति पहिल्याउने जस्ता उद्देश्य राखेको पाइन्छ । उक्त शोधपत्रमा आवश्यकतानुसार तालिका र सामान्य साङ्ख्यिकीय विधिको प्रयोग गरेको पाइयो । यसमा निर्देशिका व्यावहारिक र कार्यकलापमूखी हुनुभन्दा बढी आदर्शमूखी र सैद्धान्तिक हुन

पुगेको, निर्देशिका परिमार्जनमा चासो नदिएको, निर्देशिका पूर्णता र प्राप्यताका दृष्टिले अपूर्ण रहेको, वर्णविन्यास सम्बन्धी अन्यौलता हटाउन, निर्देशिका असक्षम रहेको जस्ता समस्या रहे पनि विद्यार्थीको भावना अनुकूल पाठ्यविषय सिकाउन निर्देशिकामा विषयवस्तुको वितरण गरिएको, पाठ्य पुस्तकमा भएका प्रश्नहरूका साथै थप अन्य प्रश्नहरूको व्याख्या गरी निरन्तर मूल्याङ्कन गर्ने अवसर प्रदान, व्यक्तिगत वा सामूहिक छलफल, अभिव्यक्ति सुनाइ, लिखित परीक्षा, हाजिरी जवाफ, कक्षामा प्रश्नोत्तर क्रियाकलाप आदि गराउन निर्देशिकाले ठूलो सहयोग गरेको निष्कर्ष दिइएको छ ।

गौतमले **प्राथमिक तह कक्षा ५ मा शिक्षक निर्देशिकाको प्रयोग** (०६४) शीर्षकको शोधमा प्राथमिक तहको निर्देशिकालाई पाठ्यक्रम र पाठ्य पुस्तक अनुरूपताका आधारमा तुलना गर्ने, पाठ्यक्रम, पाठ्य पुस्तक र शिक्षक निर्देशिका बीचको अन्तर्सम्बन्ध पहिल्याउने प्राथमिक तह कक्षा ५ मा शिक्षक निर्देशिकाको प्रयोग स्थिति पहिचान गर्ने साथै सुधारका लागि सुझाव दिने उद्देश्य राखी तालिका तथा साङ्ख्यिकीय विधिको प्रयोग गरेको पाइन्छ । यसमा निर्देशिकाको सवल तथा दुर्बल पक्षहरू गरी विभिन्न बुँदामार्फत निर्देशिकाले पाठ्यक्रम र पाठ्य पुस्तकका उद्देश्यअनुसार शिक्षण गर्न मार्गप्रदान गर्नाका साथै विभिन्न विधाहरूअन्तर्गत पाठ्यवस्तुहरूको सिप पक्षको सन्तुलन गर्न खोजेको, तालिम अप्राप्त तथा प्राप्त शिक्षकका लागि सहयोगी सामग्री भएको, पाठको स्वरूप र प्रकृतिअनुसार शिक्षण विधिको चयन र प्रयोग गर्न सघाउ पुऱ्याउने, पाठ्य पुस्तकलाई स्पष्ट पार्न र सही कार्यान्वयन गर्न निर्देशिका महत्त्वपूर्ण साधन भएको निष्कर्ष दिएका छन् ।

पन्थीले **निम्न माध्यमिक तह (कक्षा ८) मा शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिता सम्बन्धी अध्ययन** (२०६५) शीर्षकमा शोधकार्य गरेको देखिन्छ । यसमा निम्न माध्यमिक तह कक्षा ८ को निर्देशिकालाई पाठ्यक्रम र पाठ्य पुस्तक अनुरूपताका आधारमा विश्लेषण गर्ने पाठ्यक्रमको उद्देश्यसँग तुलना गर्ने, नेपाली शिक्षण गर्दा शिक्षक निर्देशिकाको प्रयोग स्थिति पहिल्याउने, निर्देशिका प्रयोगकर्ताको सुधारको लागि सुझाव दिने जस्ता उद्देश्य रहेको पाइन्छ भने सामान्य साङ्खिकीय र तालिकीकरण विधिको प्रयोग पाइन्छ । यस शोधपत्रमा सबल र दुर्बल पक्षहरू भनी निष्कर्ष दिइएको छ । शिक्षक निर्देशिकाले कक्षाकोठाको शिक्षण सिकाइ प्रक्रियालाई योजनाबद्ध, उद्देश्यपूर्ण, व्यावहारिक बनाउँदै शैक्षिक सामग्री निर्माण छनोट र प्रयोग गर्न सघाउ पुऱ्याउने देखिन्छ । निर्देशिकामा

प्रायः एउटै विधि र सामग्री उल्लेख भएकाले सो अनुसार शिक्षण गर्दा निरस र पट्यारिलो हुने देखिन्छ । निर्देशिकालाई समयानुकूल परिमार्जन गर्दै जानुपर्ने निष्कर्ष दिइएको पाइन्छ ।

प्रस्तुत शोधपत्रको यस परिच्छेदमा उल्लेख गरिएको पूर्वकार्यको समीक्षाको आधारमा विगतदेखि हालसम्म यस विषयसँग सम्बन्धित विविध खोज अनुसन्धानलाई दुई खण्डमा विभाजन गरी शिक्षक निर्देशिकासम्बन्धमा पुस्तकमा गरिएका टिप्पणीहरूको सङ्क्षिप्त रूपमा चर्चा गरिएको छ । त्यसै गरी अप्रकाशित शोधपत्रमा भएका शिक्षक निर्देशिका प्रयोगको प्रभावकारिता सम्बन्धी विविध शोधपत्रको जानकारी प्रस्तुत गरिएको छ । पूर्वकार्यहरूको समीक्षात्मक प्रस्तुतिका क्रममा व्यक्ति तथा संस्थाद्वारा नेपाली भाषा शिक्षणलाई चिरस्थायी र जीवन्त बनाउनको लागि प्रयोगमा ल्याइने शिक्षक निर्देशिकाको परिचय र आवश्यकता सम्बन्धी केही खोज अनुसन्धान भएको पाइयो । शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिता सम्बन्धी जानकारीमूलक केही सामग्रीहरू तयार गरिएका भए तापनि प्रस्तुत अध्ययनसँग मिल्दा अध्ययनहरू भने नभएको देखिन्छ । अतः यस अध्ययन पूर्व भएका कार्यहरूलाई जगका रूपमा लिई गरिएको प्रस्तुत शीर्षकको अध्ययन नयाँ खालको हुने अपेक्षा गरिएको छ ।

## २.२ पूर्व अध्ययनको महत्त्व

अनुसन्धानका सिलसिलामा सम्बन्धित विषयमा त्यसअघि सम्पन्न गरिएका कार्यहरू (पुस्तक, पत्रपत्रिका, लेख, शोधप्रबन्ध, प्रतिवेदन आदि) को व्यवस्थित रूपमा अध्ययन गरी क्रमबद्ध समीक्षा गर्नु नै पूर्वकार्यको समीक्षा हो (बन्धु, २०६५ : २८) ।

अनुसन्धानमा पूर्वकार्यको समीक्षा अत्यन्त आवश्यक हुन्छ । अनुसन्धानमा पूर्व कार्यको समीक्षाका असीमित उपयोगिताहरू छन् । ती मध्ये प्रमुख उपयोगिताहरू निम्न पकार छन् :

- समस्यालाई राम्ररी बुझ्न, विश्लेषण गर्न र शीर्षक चयन गर्न ।
- प्राक्कल्पना निर्माण गर्न, अनुसन्धानका उद्देश्यहरू निर्धारण गर्न र शोध पद्धति निर्क्यौल गर्न उपयोगी हुन्छ ।

- अनुसन्धानलाई उपलब्धिमूलक बनाउन, नवीन धारणा पहिल्याउन र नयाँ सिद्धान्तको खोजी गर्न उपयोगी हुन्छ ।
- सम्बन्धित विषयको गहिरो ज्ञान गर्न, अनुसन्धानलाई वैध र विश्वसनीय बनाउन उपयोगी हुन्छ ।
- अनुसन्धान ढाँचा निर्धारण गर्न, उपयुक्त र अनुकूल उपकरणको छनोट गर्न सघाउ पुऱ्याउँछ ।
- पहिले भएका अध्ययनहरूको विश्लेषण गर्न र भविष्यमा गर्न सकिने अनुसन्धानका क्षेत्रहरू पत्ता लगाउन सहयोगी हुन्छ ।
- समस्याको विशिष्टीकरण गर्न उपयोगी हुन्छ ।
- शोधार्थीलाई सैद्धान्तिक पृष्ठभूमि निर्माण गर्न सहयोग गर्दछ ।
- शोधकार्यमा पुनरावृत्तिका सम्भावनहरूलाई हटाउन मद्धत गर्दछ ।
- समस्याको चुरो पत्ता लगाउन सहयोग गर्दछ ।
- समस्याको औचित्य स्थापित गर्न निर्देश गर्दछ ।
- विश्लेषणको आधार खोज्ने कार्यमा निकै मद्दत गर्दछ ।

## २.३ सैद्धान्तिक परिचय

### २.३.१ भाषा पाठ्यक्रम

निर्धारित उद्देश्यसम्म पुग्नका लागि बनाइएको धावनमार्गरूपी कार्यक्रमका रूपमा पाठ्यक्रमलाई परिचित गराउन सकिन्छ । यस अर्थमा कसलाई पढाउने ? किन पढाउने ? के पढाउने ? कति पढाउने ? कति समयमा पढाउने ? कसरी पढाउने ? कहाँ पढाउने ? कुन सामग्रीको सहयोगले पढाउने ? पढाइको प्रभावकारिता कसरी जाँच गर्ने जस्ता कुराहरूको सुस्पष्ट मार्गनिर्देशकका रूपमा पाठ्यक्रमलाई हेरिनुपर्दछ । पाठ्यक्रम शिक्षाको राष्ट्रिय उद्देश्यलाई केन्द्रमा राखेर तयार गरिन्छ । शिक्षाको राष्ट्रिय उद्देश्य पूर्तिका लागि शैक्षिक प्रणालीमा विभिन्न क्रियाकलाप गरिन्छ । शैक्षिक उद्देश्य निर्धारण गर्न, निर्धारित उद्देश्यअनुसार विषयवस्तुको चयन गर्न र त्यसलाई व्यावहारिक रूपमा प्रयोगमा ल्याउने कार्यमा पाठ्यक्रमकै अग्रणी भूमिका रहेको हुन्छ । पाठ्यक्रम शिक्षण सिकाइलाई एक

निश्चित गन्तव्यमा पुऱ्याउन मद्धत गर्ने सुझबुझपूर्ण रूपमा तयार पारिएको विस्तृत योजना हो । (शर्मा र पौडेल, २०६० : २६५)

पाठ्यक्रममा उद्देश्य, लक्ष्य, विषयवस्तु, शिक्षण प्रक्रिया, स्रोत तथा मूल्याङ्न प्रक्रियाको स्पष्ट रूपमा उल्लेख गरिएको हुन्छ । पाठ्यक्रमलाई शैक्षणिक लक्ष्यसम्म पुग्न विद्यार्थीमा अपेक्षित परिवर्तन ल्याउनका लागि समग्र सिकाइ अनुभवहरूको सङ्गालोका रूपमा हेर्न सकिन्छ । शिक्षण सिकाइ क्रियाकलापलाई मूल रूपमा मार्गदर्शन गर्नका लागि पाठ्यक्रम अनुसार पाठ्य पुस्तक र शिक्षक निर्देशिका तयार गरिएको हुन्छ । जसले शिक्षणमा महत्त्वपूर्ण मार्गनिर्देशन गर्दछ । शर्मा र पौडेलले 'नेपाली भाषा शिक्षणका सन्दर्भहरू' (२०६८: ६५) मा भाषा पाठ्यक्रमलाई निम्नानुसार चिनाइएको छ :

(क) विद्यालयभित्र वा बाहिरको परिवेशमा भाषा शिक्षणका अपेक्षित उद्देश्य प्राप्त गर्न गरिने यावत् प्रयासहरूलाई भाषा पाठ्यक्रम भनिन्छ ।

(ख) भाषा पाठ्यक्रम भनेको मानव जातिको सम्पूर्ण भाषिक ज्ञान र अनुभवहरूको सार हो ।

(ग) भाषा शिक्षणको लक्ष्य हासिल गर्न बनाइएको कार्यक्रमलाई भाषा पाठ्यक्रम भनिन्छ ।

(घ) भाषा पाठ्यक्रम भन्नाले भाषिक उद्देश्य, भाषिक विषयवस्तु, भाषिक प्रक्रिया, भाीषक स्रोत र भाषिक मूल्याङ्कनका साधन आदि बुझिन्छ, जसलाई विद्यालयभित्र तथा बाहिर कक्षाशिक्षण वा सम्बन्धित कार्यक्रमद्वारा पुरा गर्ने योजनाबद्ध प्रयास गरिएको हुन्छ ।

पाठ्यक्रम सम्बन्धी उल्लेखित परिभाषाका आधारमा नै भाषा पाठ्यक्रमलाई चिनाउन सकिन्छ । भाषाको कुनै वा सम्पूर्ण पक्षहहरू वा कुनै भाषिक भेद सिकाउने उद्देश्यले निर्मित पाठ्यक्रम नै भाषापाठ्क्रम हो । तसर्थ भाषाका चारैवटा सिपहरू (सुनाइ, बोलाइ, पढाइ, लेखाइ) र तीनै पक्षहरू (शब्द भण्डार, व्याकरण र सम्प्रेषण) क्षमताको विकास गराउने लक्ष्य राखिएको हुन्छ । यसै सन्दर्भमा निम्न माध्यमिक तहको नेपाली विषयको पाठ्यक्रम (२०६४) मा यसको परिचय खण्डमा निम्न बमोजिम भाषापाठ्यक्रलाई चिनाएको पाइन्छ :

- पाठ्यक्रमलाई समयसापेक्ष, उपयोगी र व्यवहारमूलक बनाउने अभीष्ट प्रयास रहेको,
- भाषा सिकाइलाई सिपगत उद्देश्यमा निर्धारण गरी उपयुक्त पाठ्यवस्तुको छनोट एवम् स्तरणमा सचेततापूर्वक सीमाङ्कन गरिएको,
- प्राथमिक शिक्षा पुरा गरी आउने विद्यार्थीलाई दृष्टिगत गरी माध्यमिक शिक्षाको पूर्वाधार निर्माण गर्न सिकाइको पूर्वक्षमता, आवश्यकता, रुचि र मानसिक दक्षताअनुरूप पाठ्यवस्तुको विस्तारमा सचेतता अपनाइएको,
- भाषिक सिपहरूको अभ्यासका लागि विविध क्षेत्रबाट उपयुक्त विषयवस्तु छनोटको अपेक्षा गरिएको छ । यसमा साहित्यिक क्षेत्रका अतिरिक्त सामाजिक, ऐतिहासिक, राजनीतिक, सांस्कृतिक, कला, विज्ञान/प्रविधि जस्ता विविध क्षेत्रबाट सामग्री रहने प्रावधान राखिएको,
- भाषिक क्षमता अभिवृद्धिका लागि पूरकरूपमा भाषातत्त्व (व्याकरण) लाई समावेश गरिएको,
- विधाको क्षेत्र र क्रमलाई विस्तृतरूपमा स्पष्ट पारिएको,
- पठनकौशल, रचनाकौशल, शब्दभण्डार जस्ता पक्षमा जोड दिइएको र
- भाषाको मूल्याङ्कन प्रभावकारी हुन सकोस् भन्ने दृष्टिकोणले पाठ्यवस्तुअनुरूप अङ्कभार निर्देशन गरिएको ।

शिक्षालाई पहुँच, समानता, सान्दर्भिकता र गुणस्तर जस्ता पक्षले प्रत्यक्षरूपमा प्रभाव पार्दछन् । यी पक्षमध्ये पनि सान्दर्भिकता र गुणस्तर पाठ्यक्रमसँग साम्बन्धित रहेका छन् । तसर्थ पाठ्यक्रम सान्दर्भिक र गुणस्तरयुक्त भएमा मात्र शिक्षा त्यस खालको हुन सक्छ । त्यस्तै शिक्षालाई प्रभावकारी, व्यावहारिक तथा उद्देश्यपूर्ण बनाउनका लागि पाठ्यक्रमको उपयुक्त ढङ्गले कार्यन्वयन हुन जरुरी हुन्छ । पाठ्यक्रमका कार्यन्वयनका प्रमुख साधनका रूपमा पाठ्य पुस्तकका अतिरिक्त शिक्षकनिर्देशिका, स्रोतसामग्री, सन्दर्भसामग्री र शिक्षा सम्बन्धी अन्य प्रकाशनहरूले महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् । (पा.वि.के., २०६६[२] : प्रकाशकीय)

शिक्षा देश विकासको मेरुदण्ड हो । शिक्षाको समुचित विकास बिना देशले गति लिन सक्दैन । शिक्षालाई व्यवस्थित ढङ्गले अगाडि लैजाने कार्य पाठ्यक्रमले गर्दछ । शिक्षाको

विकासका लागि पाठ्यक्रमले रक्तसञ्चार प्रणालीको रूपमा कार्य गरेको हुन्छ । बालबालिकाको सर्वाङ्गीण विकासका लागि आवश्यक पर्ने ज्ञान, सिप र अनुभवको विस्तृत योजना पाठ्क्रम हो । यसले सम्पूर्ण शैक्षिक गतिविधिको नेतृत्व गर्दछ । विद्यालयभित्र र बाहिरका सबै शैक्षिक क्रियाकलाप पाठ्यक्रममा आधारित हुने भएकाले यो समग्र शैक्षिक प्रक्रियाको मेरुदण्ड हो । समग्र शिक्षा व्यवस्थाको कार्ययोजनाका रूपमा रहने पाठ्यक्रमको सफल कार्यन्वयन हुन सकेमा मात्र शिक्षाले सही बाटो अवलम्वन गर्न सक्छ । (पाविके, २०६८ : प्रकाशकीय)

### २.३.२ भाषा पाठ्य पुस्तक

पाठ्यक्रमले निर्धारण गरेका उद्देश्य तथा सिकाइ उपलब्धिलाई पाठ्यवस्तुमा रूपान्तरण गरिसकेपछि पाठ्यवस्तुको क्षेत्र र क्रमका आधारमा विद्यार्थीको क्षमता, उपलब्धिस्तर तथा रुचिसँग मेलखाने गरी तयार पारिएको विस्तृत पाठ्यसामग्रीलाई पाठ्य पुस्तक भनिन्छ । पाठ्यक्रम शिक्षण सिकाइको विस्तृत योजना हो । जसले शिक्षाको विकासको लागि रक्तसञ्चार प्रणालीका रूपमा कार्य गरिरहेको हुन्छ । पाठ्यक्रमको विस्तृत योजनालाई कार्यरूप दिन तयार पारिएको विषयवस्तुको विस्तारित रूप पाठ्य पुस्तक हो । पाठ्य पुस्तकका सन्दर्भमा तल ल्लेखित (घिमिरे, २०६३ : ५३) को परिभाषाबाट पनि अझ बढी स्पष्ट हुने भएकाले तिनलाई उल्लेख गर्नु सान्दर्भिक मानिन्छ :

- एच.आर.डोग्लस अनुसार - “शिक्षकहरूले के-कसरी पढाउने भन्ने कुराको आधारशीला पाठ्य पुस्तक हो ।”
- हल्लाउइस्ट अनुसार - “पाठ्य पुस्तक शैक्षिक अभिप्रायका लागि व्यवस्थित गरिएको एउटा चिन्तनको अभिलेख हो ।”
- प्रो. हिल अनुसार - “पाठ्य पुस्तकलाई विद्यार्थीद्वारा कण्ठस्थ गरिने तथ्यको सङ्कलनको रूपमा होइन बरु तिनीहरूको सक्रिय क्रियाकलापमा आधारभूत सूचनाको भण्डारगृहका रूपमा लिइनुपर्दछ ।”

पाठ्यक्रममा निर्दिष्ट गरिएका विषयवस्तु र शिक्षण क्रियाकलापका आधारमा तयार पारिएको शिक्षण सिकाइ प्रक्रियाको प्रमुख साधन पाठ्य पुस्तक हो । शैक्षिक वातावरणसँग विषयवस्तु शिक्षक, विद्यार्थी र पाठ्यक्रमका उद्देश्यबीचको अन्तरक्रिया पाठ्य पुस्तकका

माध्यमबाट हुने गर्दछ । विषयवस्तुलाई शिक्षण सिकाइको प्रक्रियाद्वारा विद्यार्थीसम्म पुऱ्याउने माध्यमका रूपमा समेत पाठ्य पुस्तक रहेको हुन्छ । शिक्षकले योजनाबद्ध शिक्षण गर्न शैक्षणिक योजना तयार गर्न, योजना अनुसार शैक्षणिक उद्देश्य तयार गर्न, शिक्षण विधि छनोट गर्न, विद्यार्थी केन्द्रित क्रियाकलाप निर्धारण गर्न, गृहकार्य दिन लगायत कार्यमा पाठ्य पुस्तकले शिक्षकलाई सहयोग पुऱ्याउँछ भने विद्यार्थीलाई पूर्व तयारी गर्न स्वाध्ययन गर्न र गृहकार्य एवम् शिक्षक र साथीहरूसँग अन्तरक्रिया गर्ने आधार पनि पाठ्य पुस्तकले प्रदान गर्दछ । त्यसैले शिक्षक तथा हरेक विद्यार्थीका लागि पाठ्य पुस्तक अति आवश्यक हुन्छ । (अधिकारी, २०६७ : ११२)

### २.३.३ शिक्षक निर्देशिका

गुणात्मक शिक्षाका लागि प्रभावकारी शिक्षण हुनु पर्दछ । त्यसका लागि शिक्षकहरूलाई विद्यार्थीमुखी क्रियाकलापहरू सञ्चालन गर्नमा सहयोग पुऱ्याउने शिक्षक सहयोगी सामग्रीका रूपमा शिक्षक निर्देशिकालाई लिन सकिन्छ । निर्देशिका शिक्षण कार्यलाई सहज, सरल र प्रभावकारी बनाउन सहयोग पुऱ्याउने शिक्षण सामग्री हो । यसमा पाठ्य पुस्तकका पाठहरूको शिक्षण कसरी गर्ने भन्ने बारेमा उपयुक्त निर्देशन दिइएको हुन्छ । प्रस्तुत पाठको निम्ति आवश्यक क्रियाकलाप र त्यसै अनुसारका शैक्षिक सामग्री तथा मूल्याङ्कनका निम्ति प्रश्न समेत दिइएको हुन्छ । शिक्षकले प्रत्येक पाठका निम्ति दिइएका घन्टीको आधारमा प्रस्तुत क्रियाकलाप गरी निर्देशिकाको प्रयोग गर्नुपर्दछ । सामान्यतया पाठ्य पुस्तकमा दिइएका विषयवस्तु विद्यार्थीले पढेर सिक्छन् भन्ने धारणा रहेपनि बालबालिकाहरूलाई प्रत्येक क्षण शिक्षकले सिक्ने बाटो दर्शाउँदै लैजानु पर्दछ । यसका लागि शिक्षकले प्रत्येक बुँदाहरू पाठ्य पुस्तकका प्रत्येक पाठको उद्देश्य, क्रियाकलाप, मूल्याङ्कनका तरिका बुझ्न नितान्त आवश्यक देखिएको कुरालाई मनन् गरेर प्रत्येक पाठ्य पुस्तकका लागि छुट्टाछुट्टै तयार गरिएको शिक्षण सामग्री नै शिक्षक निर्देशिका हो । (शैजविके, २०६३[१] : २००)

पाठ्य पुस्तकमा राखिएका पाठ्यवस्तुलाई कतिसम्म विस्तार गर्ने र के-कस्ता सामग्रीको सहायताबाट कुन शिक्षण विधि तथा सामग्री प्रयोग गर्ने तथा शिक्षण पश्चात् कुन तरिकाबाट मूल्याङ्कन गर्ने भन्ने कुराको व्यवस्थित रूपमा निर्देश गर्ने शिक्षक परक सामग्री नै शिक्षक निर्देशिका हो । यसले तालिम अप्राप्त शिक्षकलाई प्रभावकारी रूपमा

शिक्षण गर्ने उपयुक्त निर्देशन दिन्छ भने तालिमप्राप्त शिक्षकलाई उसले सिकेका कुराहरू पुनर्जागृत गराउन सहयोग पुऱ्याउँछ । विद्यार्थीमा कस्तो किसिमको ज्ञान, सिप र क्षमता विकास गराउने पाठ्यक्रमले विषयवस्तु चयन गरेको छ, सो अनुसार शिक्षण विधि छनोट गर्न, शिक्षण सिकाइ क्रियाकलाप एवम् विद्यार्थी मूल्याङ्कन गर्न शिक्षक निर्देशिकाको प्रयोग आवश्यक हुन्छ । त्यस्तै कक्षाकोठाको शिक्षण सिकाइ प्रक्रियालाई योजनाबद्ध, उद्देश्यपूर्ण र व्यावहारिक बनाउन शिक्षक निर्देशिकाको प्रयोग महत्त्वपूर्ण हुन्छ । ढुङ्गेल र दाहाल ( २०६४ : ११६) का अनुसार शिक्षक निर्देशिकामा निम्न विशेषता हुनुपर्दछ :

- भाषा शिक्षणको स्पष्ट निर्विवाद सिद्धान्त र अभ्यासमा आधारित हुनपर्दछ,
- सरल, स्पष्ट र सहज हुनुपर्दछ,
- पूरक अभ्यास तथा कार्य गराउनका लागि स्रोतपुस्तक हुन सक्नुपर्दछ,
- पाठ्य पुस्तकलाई शिक्षकले हु-बहु नभई आफ्नै परिस्थितिअनुकूल समेत प्रयोग गर्न सम्भव हुने गरी तर्जुमा गरिएको हुनुपर्दछ,
- नयाँ-नयाँ प्रविधिहरूको सङ्केत हुनुपर्दछ र
- असल शिक्षक निर्देशिकाले कक्षाको आकार, फर्निचर, सिकारूको व्यवहार, धारणा तथा सामाजिक अपेक्षा अनि विद्यार्थीको मातृभाषा र उसको बौद्धिक क्षमता आदिका आधारमा निर्देशन प्रदान गर्दछ ।

कक्षाकोठाभित्र प्रभावकारी रूपमा पाठ्यवस्तुको अध्यापन गराई यसमा दिइएका क्रियाकलापहरू गराउन शिक्षकलाई सहयोग पुगोस् भन्ने अभिप्रायले शिक्षक निर्देशिका तयार पारिएको हो । यो शिक्षकलाई शिक्षण क्रियाकलाप सञ्चालन गर्न बनाइएको सहयोगी सामग्री हो । यसमा पाठ्यक्रम र पाठ्य पुस्तकमा दिइएका विषयवस्तुको अध्यापन गराउँदा अपनाउनपर्ने विधि र तरिकाका सम्बन्धमा सकेसम्म स्पष्ट पार्न खोखिएको छ । यसले प्रबन्धात्मक शैलीलाई भन्दा विद्यार्थीकेन्द्रित र क्रियाकलापमुखी विधिलाई अपनाएको छ । पाठ्य पुस्तकमा राखिएका विषयवस्तुको शिक्षणमा शिक्षकलाई सहयोग पुऱ्याउने उद्देश्यले तयार पारिएको भए पनि यसमा भएका क्रियाकलाप र शिक्षणविधि अपर्याप्त हुन सक्छन् । यसका लागि शिक्षकले यसका क्रियाकलाप र विधिलाई नमुना मानी अरु बढी क्रियाकलापमा विद्यार्थीहरूलाई सहभागी गराउनुपर्छ । निर्देशिका दैनिक पाठयोजना नभई

कक्षा शिक्षणका लागि मार्गनिर्देशक मात्र हो । यो पाठ्यक्रमको कार्यान्वयनका लागि शिक्षकलाई सहयोग पुऱ्याउने महत्त्वपूर्ण सामग्री हो । (पाविके, २०६६[1] : १०)

### २.३.४ शिक्षक निर्देशिकाको महत्त्व र उपयोगिता

शिक्षकहरू भाषा शिक्षणको कक्षामा गएर महत्त्वहीन र अनावश्यक कुरामा नअल्मलिउन्, उद्देश्यविपरीत कुराहरूमा नबहकिऊन्, भाषा शिक्षणलाई वस्तुगत र व्यवस्थित ढङ्गले अगाडि बढाउन सकुन्, सुनिश्चित योजना बनाएर आवश्यक र प्रभावकारी कार्यकलापहरूमा सहभागी बन्न सकून्, विद्यार्थीहरूलाई प्रभावकारी भाषा सिकाइ कार्यकलापहरू र अभ्यासहरूमा संलग्न गराएर हिँडाउन सकून् र पाठ्य पुस्तकको व्यावहारिक उपयोग गरेर पाठ्यक्रमका भाषिक अपेक्षाहरूलाई प्रभावकारी ढङ्गले हासिल गराउन् भन्ने महत्त्वपूर्ण आशय शिक्षक निर्देशिकाको रहेको हुन्छ । (शर्मा र पौडेल, २०६० : ३९०)

पाठ्यक्रममा विशिष्ट उद्देश्य, विषयवस्तु, शिक्षण सिकाइ क्रियाकलाप, शैक्षिक सामग्री, शिक्षण विधि र मूल्याङ्कन प्रक्रिया समेत समावेश गरिएको हुन्छ । ती सम्पूर्ण तत्त्वहरूको कार्यान्वयनका लागि पाठ्य पुस्तक र शिक्षक निर्देशिकाको निर्माण र प्रयोग गरिन्छ । पाठ्यक्रम र पाठ्य पुस्तकको वास्तविक र प्रभावकारी प्रयोग गर्न शिक्षक निर्देशिका आवश्यक हुन्छ । सिकाइका क्रममा शिक्षकलाई प्रभावकारी तथा विद्यार्थी केन्द्रित शिक्षण विधि, कक्षाक्रियाकलाप, मूल्याङ्कन तथा गृहकार्य छनोट गरी कक्षाकोठाको शिक्षण सिकाइ प्रक्रियालाई योजनाबद्ध, उद्देश्यपूर्ण र व्यावहारिक बनाउनका लागि शिक्षक निर्देशिकाको आवश्यकता पर्दछ । (शैजविके, २०६३[1] : २००)

प्रत्येक पाठको अध्यापन कार्य सस्वरवाचन र शुद्धोच्चारणबाट आरम्भ गरी पाठको अन्तमा पाठ्यक्रमले निर्धारण गरेका र पाठ्य पुस्तकमा समावेश भएका व्याकरणको अध्यापन गर्ने गरी निर्देशिका तयार भएको देखिन्छ । निर्देशिकामा शिक्षकलाई सहयोग पुग्ने गरी पाठ्यक्रम र पाठ्य पुस्तकमा दिइएका विषयवस्तुको अध्यापन गराउँदा प्रभावकारी सिकाइका लागि अपनाउनु पर्ने विधि र तरिकाहरू स्पष्ट पार्न खोजिएको छ । भाषाका चारवटै सिपहरूलाई विद्यार्थी केन्द्रित, क्रियाकलापमुखी तथा नवीन विधिका नमूनाहरू मार्फत शिक्षण गराउन समेत निर्देशिकाले मार्गदर्शन गरेको छ । (पाविके, २०६७ : हाम्रो भनाइ)

मूलतः शिक्षक निर्देशिकाको प्रयोग शिक्षकहरूबाट हुने हो । तसर्थ यसलाई शिक्षकपरक सामग्रीका रूपमा हेर्ने गरिन्छ । (शैजविके, २०६३[३] : ९२) अनुसार भाषा शिक्षणका क्रममा शिक्षकले शिक्षक निर्देशिकाको प्रयोग निम्न कार्यमा गर्न सक्ने अपेक्षा गरिन्छ :

- शिक्षण योजना निर्माण गर्न,
- शैक्षिक सामग्रीको निर्माण र प्रयोग गर्न,
- शिक्षण विधिको छनोट गर्न,
- शिक्षण सिकाइ क्रियाकलापको छनोट गर्न,
- विद्यार्थीको मूल्याङ्कन गर्न,
- सहक्रियाकलाप गराउन,
- गृहकार्यको महत्त्वलाई प्रस्तुत गर्न,
- व्याकरणलाई आगमनात्मक रूपमा शिक्षण गर्न,
- शब्दभण्डार र उखानटुक्का एकीकृत रूपमा शिक्षण गर्न र
- विद्यार्थीको अवस्था अनुरूप शिक्षण गर्न र विद्यार्थीलाई सिकाइ तर्फ सक्रिय गराउन ।

वर्तमान समयमा नेपाली पठनपाठन गर्दै आएका तालिम अप्राप्त र तालिम प्राप्त भएर पनि व्यवहारमा लागू गर्न नचाहने शिक्षक, शिक्षण सम्बन्धी कम ज्ञान भएका पुराना शिक्षक र पाठयोजना बारेमा राम्रो ज्ञान नभएका अन्य सङ्कायमा अध्ययन गरी शिक्षण पेशामा आएका शिक्षकहरूको बाहुल्यताले भाषा शिक्षणलाई विद्यालय तहमा साहित्य शिक्षण र विषयवस्तु शिक्षणका रूपमा हेर्दै आएको परिवेशमा शिक्षकहरूलाई शिक्षक निर्देशिका अनुसार शिक्षण गर्न गाह्रो र झन्झटपूर्ण लाग्न सक्दछ तर यथार्थमा भन्नु पर्दा निर्देशिका शिक्षकहरूका लागि पथप्रदर्शक सहयोगी सामग्री बन्नु आवश्यक छ । जुनसुकै शिक्षकले नेपाली भषाशिक्षण गर्नुपूर्व निर्देशिकाअनुसार पाठयोजना तयार गरी पठनपाठन गर्ने गरेमा नेपाली शिक्षण उद्देश्यपूर्तिका लागि सहयोगी सिद्ध हुने देखिन्छ ।

सबै शिक्षकहरू तालिम प्राप्त हुँदैनन् र तालिम प्राप्त शिक्षकहरू पनि कतिपय शिक्षण विधि र प्रक्रियाका बारेमा विस्मृत अवस्थामा हुन सक्दछन् । अझ भाषा शिक्षणका क्षेत्रमा आविष्कार भएका नवीन शिक्षण प्रक्रियाका बारेमा अनभिज्ञ समेत हुन सक्दछन् ।

यस दृष्टिले भाषापाठ्य पुस्तक भित्रका पाठ्यवस्तुहरूलाई कसरी, कुन-कुन भाषिक पक्षलाई के-कस्ता शिक्षण विधिहरूको उपयोग गरेर शिक्षण गर्ने, कुन-कुन विधा र सिपका लागि के-कस्ता स्रोतसामग्री तथा स्थानीय सामग्रीहरूको उपयोग गरेर शिक्षण गर्ने, के-कस्ता अभ्यासात्मक कार्यकलापहरूमा जोड दिने, कुन सिप र पक्षलई के-कति महत्त्व दिएर शिक्षण गर्ने, शिक्षणका क्रममा के-कसरी निर्माणात्मक मूल्याङ्कन गर्ने, शिक्षण पश्चात् के-कस्ता विधि र प्रक्रिया अपनाएर भाषिक मूल्याङ्कन गर्ने, मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणबाट भावी शिक्षण प्रक्रियालाई के-कसरी सुधार र परिमार्जन गर्ने, मूल्याङ्कन अभिलेख कसरी राख्ने र यसको उपयोग कसरी गर्ने, के-कस्ता सहकार्यकलापहरूको प्रयोग/उपयोग गरेर भाषा शिक्षणलाई जीवन्त बनाउने आदि पक्षहरूमा शिक्षक निर्देशिकाले निर्देशन र नमूना प्रदान गरिदिएमा तालिम प्राप्त तथा अप्राप्त सबै प्रकारका शिक्षकहरूलाई उपयुक्त शिक्षणीय सहयोग पुग्न गई यसको महत्त्व र प्रयोग अझै बढ्न सक्ने देखिन्छ ।

## २.४ पाठ्यक्रम, पाठ्य पुस्तक र शिक्षक निर्देशिकाको अन्तरसम्बन्ध

पाठ्यक्रम सम्पूर्ण शैक्षिक गतिविधिहरूको मेरुदण्ड हो । पाठ्यक्रमले निर्धारण गरेका लक्ष्य र उद्देश्य, विभिन्न विधा, विषयवस्तु एवम् सिकाइअनुभवहरूको सङ्गठन, शिक्षण विधि, शैक्षिक सामग्री, शिक्षक विद्यार्थी क्रियाकलाप, मूल्याङ्कन प्रक्रिया आदि समेटिएको हुन्छ । त्यसैले पाठ्यक्रमलाई सिकाइ योजना पनि भनिन्छ । शिक्षण सिकाइप्रक्रियाको प्रमुख साधन पाठ्यक्रम हो भने पाठ्यक्रमलाई प्रभावकारीरूपमा कार्यन्वयन गर्न सघाउने पाठ्यसामग्री पाठ्य पुस्तक हो । पाठ्यक्रमका उद्देश्य परिपूर्तिका लागि पाठ्य पुस्तकमा विभिन्न पाठहरूमा साथै भाषिक सिप विकासका लागि विभिन्न क्रियाकलाप र अभ्यासहरू समावेश गरिएको हुन्छ । पाठ्य पुस्तकका पाठहरू कसरी शिक्षण गर्ने भनेर पाठका उद्देश्य, शैक्षिक सामग्री, शिक्षण विधि, मूल्याङ्कन प्रक्रिया समेत दिई निर्माण गरिएको सामग्रीलाई शिक्षक निर्देशिका भनिन्छ । यसरी शिक्षण सिकाइ प्रक्रियालाई प्रभावकारी बनाउन पाठ्यक्रम, पाठ्य पुस्तक र शिक्षक निर्देशिका बीच महत्त्वपूर्ण सम्बन्ध रहेको हुन्छ । शिक्षण प्रक्रियामा पाठ्यक्रम साध्य (उद्देश्य), पाठ्य पुस्तक साधन र शिक्षक निर्देशिका विधिका रूपमा अन्तरसम्बन्धित भएका हुन्छन् । (शैजविके, २०६३१ : २००)

(पाविके, ०६६[१] : १०) का अनुसार शिक्षक निर्देशिका शिक्षकको सहयोगी सामग्री हो । यसको प्रभावकारी प्रयोग गर्न निम्नलिखित पक्षमा ध्यानदिनुपर्छ :

- पाठ्य पुस्तकका हरेक क्रियाकलापलाई कक्षा शिक्षणमा प्रयोग गर्न शिक्षक निर्देशिकामा दिइएको निर्देशन पढ्ने,
- शिक्षक निर्देशिकामा सङ्केत गरिएअनुसारका उद्देश्य, सामग्री र विधि प्रयोग गर्न उपयुक्त पाठयोजना बनाउने,
- शिक्षक निर्देशिकाको मूल्याङ्कन खण्डमा दिइएका मूल्याङ्कन साधनका आधारमा विद्यार्थी मूल्याङ्कन गर्ने,
- शिक्षक निर्देशिकामा उल्लेखित क्रियाकलाप गर्न/गराउन शिक्षक अद्यावधिक हुने र
- शिक्षक निर्देशिकाको आधारमा अन्य प्रशस्त अभ्यास सामग्रीबाट बनाइ पटकपटक अभ्यास गराउने । आफ्नो विशिष्ट अनुभवको समेत उपयोग गरी विद्यार्थीको निरन्तर मूल्याङ्कन गर्ने ।

पाठ्यक्रम, पाठ्य पुस्तक र शिक्षक निर्देशिकाको अन्तर्सम्बन्धालाई तलका उल्लेखित बुँदाले अझ स्पष्ट पार्ने हुँदा उल्लेख गरिएको छ :

- शैक्षिक क्रियाकलापको प्रमुख योजना पाठ्यक्रम हो भने यसका उद्देश्य परिपूर्ति गर्न चाहिने अत्यावश्यक साधनका रूपमा पाठ्य पुस्तक र शिक्षक निर्देशिका रहेका हुन्छन्,
- पाठ्य पुस्तक र शिक्षक निर्देशिका कक्षा प्रस्तुतीकरणका आधार हुन् भने तिनको मियो पाठ्यक्रम हो,
- पाठ्यक्रमले स्पष्ट नगरेका कुराहरू पाठ्य पुस्तकले स्पष्ट गर्दछ भने पाठ्य पुस्तकलाई शिक्षक निर्देशिकाले अझै स्पष्ट बनाउँदछ,
- पाठ्यसामग्रीको स्रोत पाठ्य पुस्तक हो भने पाठ्यसामग्रीको मुख्य आधार पाठ्यक्रम
  हो । पाठ्य पुस्तकको सही कार्यन्वयन गर्न शिक्षक निर्देशिकाले सहयोग पुऱ्याउँदछ,
- पाठ्य पुस्तक र शिक्षक निर्देशिका निर्माण र प्रयोग गर्दा मूलतः पाठ्यक्रमलाई ध्यान दिइएको हुन्छ । त्यसैले कक्षा शिक्षणमा पनि मूलदस्तावेज पाठ्यक्रम हुन्छ

भने त्यसको मर्मलाई कक्षाकोठामा रूपान्तरण गर्न पाठ्य पुस्तक र शिक्षक निर्देशिकाको सही रूपमा प्रयोग आवश्यक हुन्छ,

- पाठ्य पुस्तकमा पाठ्यवस्तुका अतिरिक्त विभिन्न सिर्जनात्मक अभ्यास र विषयवस्तु क्रियाकलापहरू दिइएको हुन्छ भने तिनको सही रूपमा प्रयोग गर्न शिक्षक निर्देशिकाले निर्देशित गरेको हुन्छ,
- पाठ्यक्रमले विषयवस्तुको विधा क्षेत्र र क्रम पाठ्यभार, मूल्याङ्कन आदि दिइएको हुन्छ । त्यसैका आधारमा पठ्यपुस्तक र शिक्षक निर्देशिका निर्देशित हुन्छ,
- राष्ट्रले अपेक्षा गरेका शैक्षिक लक्ष्य अनुसार पाठ्यक्रम तयार पारिन्छ भने पाठयक्रमको उद्देश्य पुरा गर्ने प्रक्रियाका रूपमा पाठ्य पुस्तक र शिक्षक निर्देशिकाका माध्यमबाट शिक्षण सिकाइ क्रियाकलाप निर्देशित हुने गर्दछ,
- पाठ्यक्रमको प्रयोगात्मक सन्दर्भसामग्री पाठ्य पुस्तक हो भने शिक्षक निर्देशिका पाठ्य पुस्तकको सही प्रयोगको मार्ग निर्देशक हो र
- पाठ्य पुस्तक र शिक्षक निर्देशिकाको निर्माण मूल्याङ्कनको मूल आधार पाठ्यक्रम हो ।

नेपाली भाषा शिक्षणमा भाषा पाठ्यक्रमले तय गरेका विषयवस्तुहरूको विधा र विधागत क्षेत्र, भाषिक सिप, भाषातत्त्व समेतको सन्तुलित शिक्षण गर्नु पर्ने हुँदा सिर्जनात्मक र प्रयोजनपरक उपयोग गर्नका लागि शिक्षक निर्देशिकाले अहम् भूमिका खेलेको हुन्छ । भाषा पाठ्यक्रमका उद्देश्य प्राप्त गर्न निर्धारण गरिएका पाठ्य विषयहरू पाठ्य पुस्तकमा समावेश भएका हुन्छन् भने भाषाका सिप र भाषातत्त्वलाई समेत वैज्ञानिक विधिको प्रयोग गरी वास्तविक कक्षा शिक्षण गर्न शिक्षक निर्देशिकाले सहयोग प्रदान गर्ने हुनाले यी तीन तत्त्वहरूका बीच त्रिकोणात्मक सम्बन्ध रहेको पाइन्छ ।

## २.५ सारांश

- प्रस्तुत परिच्छेदले पाठ्यक्रम, पाठ्य पुस्तक र शिक्षक निर्देशिकाको परिचयका साथ यी तिन बीचको अन्तर्सम्बन्धलाई स्पष्ट पार्दछ ।

- पाठ्यक्रम समग्र शैक्षिक प्रक्रियाको मेरुदण्ड हो ।

- शिक्षाको विकासका लागि पाठ्यक्रमले रक्तसञ्चार प्रणालीका रूपमा कार्य गरेको हुन्छ ।

- समग्र शिक्षा व्यवस्थाको कार्ययोजनाका रूपमा रहने पाठ्यक्रमको सफल कार्यन्वयन हुन सकेमा मात्र शिक्षाले सही बाटो अवलम्वन गर्न सक्छ ।

- पाठ्यक्रमले निर्दिष्ट गरेका उद्देश्यहरू परिपूर्ति गर्न छनोट गरिएका विधा र विषयवस्तुमा आधारित भएर नेपाली भाषापाठ्य पुस्तक तयार गरिएको हुन्छ ।

- भाषापाठ्य पुस्तकमा भाषालाई नै साधन र साध्य दुवै मानिएको हुन्छ । त्यस्तै यसमा भााषिक सिपलाई महत्त्व दिनुका साथै विधागत विविधता समेत समावेश गरिएको हुन्छ ।

- पाठ्य पुस्तकका पाठहरूको शिक्षण कसरी गर्ने भन्ने सम्बन्धमा उपयुक्त निर्देशन दिइएको तथा शिक्षण कार्यलाई सरल, सहज र प्रभावकारी बनाउन सहयोग पुऱ्याउने एउटा महत्त्वपूर्ण सामग्री शिक्षक निर्देशिका हो ।

- शिक्षक निर्देशिकामा शिक्षकले भाषिक सिप शिक्षण गर्दा कस्तो सामग्री प्रयोग गर्ने, पाठ्यवस्तु तथा उद्देश्य कसरी चयन गर्ने, कुन कुन विधि अपनाउने, मूल्याङ्कन कसरी गर्ने आदि समेत उल्लेख गरिएको हुने हुँदा शिक्षक अल्मलिनु पर्दैन ।

- भाषा पाठ्यक्रममा उद्देश्य प्राप्त गर्न निर्धारण गरिएका पाठ्यविषयहरू पाठ्य पुस्तकमा समावेश भएका हुन्छन् भने भाषाका सिप र भाषातत्त्वलाई समेत वैज्ञानिक विधिको प्रयोग गरी वास्तविक कक्षा शिक्षण गर्न शिक्षक निर्देशिकाले मार्गनिर्देश गर्ने हुँदा शिक्षण प्रक्रियामा पाठ्यक्रम साध्य (उद्देश्य), पाठ्य पुस्तक साधन र शिक्षक निर्देशिका विधिका रूपमा अन्तरसम्बन्धित भएका हुन्छन् ।

# अध्याय : तीन
# विधि र अध्ययन प्रक्रिया

## ३.१ अध्ययनको ढाँचा

शोधकार्य आफैमा जटिल र कठिन कार्य हो । यो निश्चित ढाँचा र रूपरेखामा व्यवस्थित र सङ्गठित हुनुपर्दछ । प्रस्तुत शोधपत्रको ढाँचा वा रूपरेखा निम्नानुसारको रहेको छ :

### ३.१.१ जनसङ्ख्याको पहिचन वा अध्ययनको क्षेत्र

प्रस्तुत अध्ययनमा २०७१ साल उदयपुर जिल्लाका भलायडाँडा र पञ्चावती गा.वि.स. का निम्न माध्यमिक तह कक्षा ७ का सार्वजनिक र निजी विद्यालयमा अध्यापनरत सबै शिक्षकहरूलाई जनसङ्ख्याका रूपमा लिइएको छ । उदयपुर जिल्लाभरिका नि.मा.वि. तह अध्यापन हुने सरकारी र निजी विद्यालयलाई अध्ययनको क्षेत्रका रूपमा लिइएको छ ।

### ३.१.२ नमुना जनसङ्ख्याको छनोट

प्रस्तुत अध्ययनमा सबै जनसङ्ख्यालाई लिएर अध्ययन गर्न असम्भव भएकाले उदपुर जिल्लाका भलायडाँडा र पच्चावती गा.वि.स. का नि.मा.वि. तहका सार्वजनिक र निजी गरी २० वटा विद्यालय र ती विद्यालयमा २०७१ सालमा अध्यापनरत २० जना विषगत शिक्षक, विषयविज्ञहरू, जिल्ला शिक्षा कार्यालय, पाठ्यक्रम विकास केन्द्र आदिलाई नमुना जनसङ्ख्याका रूपमा लिइएको छ ।

### ३.१.३ तथ्याङ्/सूचना सङ्कलनका साधनहरू

प्रस्तुत अध्ययनमा सम्बन्धित क्षेत्रमा गएर आवश्यक तथ्याङ्क सङ्कलन गर्न प्राथमिक स्रोत र द्वितीयक स्रोतका सामग्रीहरू प्रयोग गरिएको छ ।

### ३.१.३.१ प्राथमिक स्रोत

प्रस्तुत शोधपत्रमा प्राथमिक स्रोतका रूपमा निर्दिष्ट कक्षाको पाठ्यक्रम, पाठ्य पुस्तक, शिक्षक निर्देशिका, शिक्षकहरूले प्रश्नावली मार्फत दिएका सल्लाह, सुझाव र दृष्टिकोणहरू साथै विषय विज्ञहरूद्वारा प्रदान गरिएका महत्त्वपूर्ण राय सुझाव समेत तथ्याङ्क सङ्कलनको आधार बनाइएको छ ।

### ३.१.३.२ द्वितीय स्रोत

यस अन्तर्गत पुस्तकहरू, पत्रपत्रिकामा प्रकाशित लेखहरू र अप्रकाशित शोधग्रन्थहरू, निम्न माध्यमिक शिक्षक तालिम सम्बन्धी सामग्रीहरू रहेका छन् ।

### ३.१.४ सूचना सङ्कलन पद्धति

शोधकार्य एउटा व्यवस्थित र सङ्गठित कार्य हो । त्यसैले शोधकार्य सम्पन्न गर्दा निश्चित प्रक्रिया, साधन र विधिको प्रयोग गरिन्छ । जसले सम्बन्धित विषय क्षेत्रबारे जानकारी प्राप्त गर्न वा सूचना सङ्कलन गर्न मद्दत गर्दछन् प्रस्तुत अध्ययनमा क्षेत्र अध्ययन विधि, शोधनी विधि र केही मात्रामा पुस्तकालयीय अध्ययन विधिको पनि प्रयोग गरी तथ्याङ्क सङ्कल गरिएको छ । जसलाई यसरी उल्लेख गरिएको छ ।

#### क. क्षेत्र अध्ययन विधि

प्रस्तुत अध्ययनमा आवश्यक तथ्याङ्क सङ्कलन गर्न अध्ययनको क्षेत्र (उदयपुर जिल्लाका प्राथमिक तहका विद्यालय) मा गई नमुना छनोटमा परेका सरकारी र निजी विद्यालय २० वटा र ती विद्यालयमा २०७१ सालमा अध्ययनरत २० जना शिक्षकहरूका प्रत्यक्ष सम्पर्कमा गई तिनीहरूलाई प्रश्नावली फाराम भर्न अनुरोध गरी ५ वटा कक्षा अवलोकन समेत गरेर कक्षा अवलोकन फारम भरी निर्देशिकाको प्रयोग भए/नभएको सम्बन्धमा जानकारी लिइएको छ ।

#### ख. शोधनी विधि

यस विधिअन्तर्गत उदयपुर जिल्लाका नि.मा.वि. तहका विद्यालयमा नेपाली भाषाको शिक्षक निर्देशिका प्रयोग भए/नभएको बारेमा जानकारी लिन उदयपुर जिल्लाका

नि.मा.वि. तहका २० वटा सरकारी र निजी विद्यालयमा अध्यापनरत २० जना विषयगत शिक्षकहरूसँग, विषयविज्ञहरूसँग, जिल्ला शिक्षा कार्यालयसँग सम्बन्धित व्यक्तिहरूसँग सङ्क्षिप्त प्रश्नहरू सोधर जानकारी लिइएको छ । यसरी जानकारी प्राप्त गर्न अनावश्यक मात्रामा मोबाइल फोनको पनि प्रयोग गरिएको छ ।

**ग. पुस्तकालयीय अध्ययन विधि**

यस विधिअन्तर्गत प्रस्तुत अध्ययनको सैद्धान्तिक अवधारणा तयार पार्न र पाठ्यक्रम, पाठ्य पुस्तक र शिक्षक निर्देशिकाको परिचय र यिनीहरूको अन्तरसम्बन्ध कस्तो रहेको छ भन्ने बारे जानकारी हासिल गर्न पुस्तकालयमा गएर पुराना अध्ययन प्रतिवेदनहरू, पाठ्यक्रम, पाठ्य पुस्तक र शिक्षक निर्देशिकाको अध्ययन गरिएको छ ।

### ३.१.५ तथ्याङ्क विश्लेषण र मूल्याङ्कन पद्धति

प्रस्तुत शोधपत्रमा प्राथमिक तथा द्वितीय स्रोतबाट प्राप्त तथ्यहरूलाई व्याख्या र विश्लेषणका महत्त्वपूर्ण आधार बनाइएको छ ।

## ३.२ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको रूपरेखा निम्नानुसार तय गरिएको छ :

| | | |
|---|---|---|
| अध्याय एक | : | शोधपरिचय |
| अध्याय दुई | : | पूर्वकार्यको अध्ययन र अध्ययनको रूपरेखा |
| अध्याय तीन | : | विधि र अध्ययन प्रक्रिया |
| अध्याय चार | : | परिणाम, छलफल र विश्लेषण |
| अध्याय पाँच | : | सारांश , निष्कर्ष, सुझाव र उपयोगिता |

# अध्याय : चार

# परिणाम, छलफल र विश्लेषण

## ४.१ विषयप्रवेश

उदयपुर जिल्लाका भलायडाँडा र पञ्चावती गा.वि.स. मा नि.मा.वि. तहका विद्यालयमा नेपाली भाषाको शिक्षक निर्देशिका प्रयोगको अवस्थामा प्रस्तुत अध्ययन केन्द्रित रहेको छ । यस अध्ययनमा पाठ्यक्रम, पाठ्य पुस्तकअनुरूप निर्देशिका तयार भए/नभएको पत्ता लगाउन नि.मा.वि. तहको पाठ्यक्रम वि.सं. २०५५/२०५६ ले राखेका राष्ट्रिय, तहगत, कक्षागत उद्देश्य, पाठ्यक्रमले समावेश गरेका अन्य विषयहरू, पाठ्यभार वितरण आदि कुराहरूको विश्लेषण गरी प्राप्त परिणामलाई विभिन्न बुँदासूची, तालिकीकरण र सारिणीकरण गरेर प्रस्तुत गरिएको छ । यसरी विश्लेषण गर्दा निर्देशिका प्रयोगको अवस्था पत्ता लगाउन उदयपुर जिल्लाका सरकारी र निजी विद्यालयमा अध्यापनरत शिक्षकहरूसँग शिक्षक प्रश्नावली फारम र कक्षा अवलोकन फारम भरी त्यसमा प्राप्त प्रतिक्रियालाई प्रतिशतमा ढालेर प्रत्येक प्रश्नको छुट्टाछुट्टै छलफल र विश्लेषण गरिएको छ ।

## ४.२ भाषा पाठ्यक्रम र पाठ्य पुस्तक अनुरूपताका आधारमा शिक्षक निर्देशिकाको अध्ययन

### ४.२.१ परिचय

पाठ्यक्रममा शिक्षाका राष्ट्रिय, तहगत र कक्षागत उद्देश्यहरू समावेश गरिएको हुन्छ भने पाठ्यक्रमका आधारमा पाठ्य पुस्तक र पाठ्य पुस्तकलाई कक्षामा प्रस्तुत गर्ने तौरतरिका बारे शिक्षकलाई निर्देशन दिने वा सहयोग गर्ने साधनका रूपमा शिक्षक निर्देशिकाको निर्माण भएको हुन्छ । त्यसैले पाठ्यक्रम, पाठ्य पुस्तक र निर्देशिका एक आपसमा अन्तरसम्बन्धित रहेका पाइन्छन् । अतः प्रस्तुत अध्ययनमा पाठ्यक्रम, पाठ्य पुस्तकअनुरूप निर्देशिका तयार भए/नभएको अध्ययन गरिएको छ । यसका लागि नि.मा.वि. तह पाठ्यक्रम (२०६४ : परिचय) ले राखेको शिक्षँका राष्ट्रिय उद्देश्यहरूलाई उल्लेख गर्न सान्दर्भिक ठानिन्छ ।

१. प्रत्येक व्यक्तिमा अन्तर्निहित प्रतिभा र व्यक्तित्व विकासका सम्भावनालाई प्रस्फुटित गर्न सहयोग गर्ने,

२. प्रत्येक व्यक्तिमा निहित सार्वभौम मानवीय मूल्यका साथै राष्ट्रिय संस्कृति र अस्मिता, सामाजिक मान्यता र आस्थाहरूको संवर्द्धन गरी जीवन्त अनुभवहरू समेट्दै स्वस्थ सामाजिक तथा सामूहिक जीवन पद्धतिको विकास गर्न चरित्रवान एवम् नैतिकवान नागरिक तयार गर्ने,

३. स्थानीय, राष्ट्रियस्तरका व्यवसाय, पेसा एवम् रोजगारीका साथै आवश्यकतानुसार अन्तर्राष्ट्रिय रोजगारीतर्फ उन्मुख उत्पादनमुखी र सिपयुक्त नागरिक तयार गर्न सहयोग गर्ने,

४. व्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै सामाजिक एकतालाई सुदृढ बनाउने,

५. समाजको आधुनिकीकरणमा सहयोग गरी देश निर्माणको निम्ति मानवसंसाधनको विकास गर्ने,

६. प्राकृतिक वातावरण र राष्ट्रिय सम्पदाको संरक्षण र सदुपयोग गर्न सहयोग गर्ने,

७. सामाजिक समानता र न्यायबारे चिन्तन गर्दै तदनुरूपको आचरण विकास गर्ने र समावेशी समाज निर्माणमा मद्धत गर्ने,

८. स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशअनुकूल शान्ति, मैत्री, सद्भाव, सहिष्णुता र विश्ववन्धुत्वको भावनाको विकास गरी तद्नुरूपको आचारण गर्ने गराउने र हरेक प्रकारका द्वन्द्व व्यवस्थापनका लागि सक्षम नागरिक तयार गर्ने,

९. आधुनिक सूचना प्रविधिसँग परिचित भई त्यसको प्रयोग गर्न सक्ने विश्वपरिवेश सुहाउँदो दक्ष जनशक्ति तयार गर्ने,

१०. राष्ट्र, राष्ट्रियता लोकतन्त्र, मानव अधिकारप्रति सम्मान गर्ने, समालोचनात्मक तथा रचनात्मकसोच भएका, स्वाभिमानी तथा अरुलाई सम्मानगर्ने र अफू नेपाली भएकामा गौरव गर्ने नागरिक तयार गर्ने र

११. नेपाली कला, सौन्दर्य आदर्श तथा वैशिष्ट्यहरूको संरक्षण, संवर्द्धन र विस्तारतर्फ अभिप्रेरित नागरिक तयार गर्न मद्धत गर्ने ।

निम्न माध्यमिक तह (कक्षा ७) को सिपगत उद्देश्यलाई पाठ्यक्रम (२०६४ : ३) मा निम्नअनुसार उल्लेख गरेको छ :

### सुनाइ र बोलाइ सिप

१. ध्वनिहरूको भिन्नता पहिल्याई उच्चारण गर्न,

२. शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण गर्न,

३. अरुले वर्णन गरेका कुराहरू बुझी आफ्नो शब्दमा व्यक्त गर्न,

४. आफूले देखे, सुनेका र पढेका वस्तु, वातावरण तथा घटनाका विषयमा सिलसिला मिलाई मौखिक वर्णन गर्न,

५. सामान्य मौखिक वर्णनहरू सुनी मुख्य-मुख्य कुरा बताउन,

६. साहित्यिक विधाका पाठहरू आनन्द लिने गरी सुनेर प्रतिक्रिया जनाउन,

७. मौखिक अभिव्यक्तिहरू सुन्ने क्रममा प्रयुक्त हाउभाउ, चेष्टा, अभिनय आदिमा ध्यान दिन,

८. हाउभाउ मिलाई उपयुक्त ढङ्गले बोल्न र

९. स्तरअनुसारका कुराकानी, प्रश्नोत्तर, संवाद, वादविवाद, छलफल आदि मौखिक अभिव्यक्तिहरू ध्यानपूर्वक सुनी तिनमा भाग लिन ।

### पढाइ सिप

१. लिखित सामग्रीलाई गति, यति मिलाई शुद्ध र स्पष्टसँग सस्वरवाचन गर्न,

२. विभिन्न पाठहरू पढी तिनका मुख्य-मुख्य कुराहरू बताउन,

३. कविता, कथा आदिका पाठहरूलाई भावअनुसार लय, सुर र आघात मिलाइ पढ्न,

४. लिखित सामग्रीहरूको मौनवाचन गर्न,

५. विभिन्न प्रयोजनका लागि कथा, कविता, प्रबन्ध आदिका पाठहरू पढ्न,

६. पठित शब्दहरूको उपयुक्त प्रयोग गर्न,

७. पाठमा प्रयुक्त उखान टुक्काहरूको अर्थ बुझी वाक्यमा प्रयोग गर्न र

८. विभिन्न विधाका पाठहरूबाट शब्दभण्डारको बृद्धि गर्न ।

### लेखाइ सिप

१. हिज्जे र वाक्यगठन मिलाइ सफा र शुद्धसँग लेख्न,

२. लेख्य चिन्न्हहरूको उपयुक्त प्रयोग गरी लेख्न,

३. सफा र स्पष्टसँग लेख्न र लेखेका कुरा दोहोर्‍याई सच्याउन,

४. शब्द, वाक्य र पाठका अंशहरू सुनेर लेख्न,

५. आफूले देखे सुनेका र पढेका वस्तु, वातावरण तथा घटनाका विषयमा लिखित वर्णन गर्न,

६. स-साना लिखित रचनाहरू (अनुच्छेद, चिठी, निवेदन, प्रबन्ध आदि) सिलसिला मिलाई लेख्न,

७. सुनेका र पढेका विषयवस्तुको सार लेख्न,

८. विशिष्ट अंशहरूको भावविस्तार गर्न,

९. आफ्नो रुचि अनुसारका विषयमा मौलिक रचना गर्न र

१०. व्याकरणका आधारभूत तत्त्व बुझी तिनको उपयुक्त प्रयोग गर्न ।

यसरी पाठ्यक्रमले राखेका उद्देश्य पुरा गर्नका लागि निम्न माध्यमिक तह (कक्षा ७) को हाम्रो नेपाली भाषापाठ्य पुस्तकमा जम्मा २३ वटा पाठहरू समावेश गरिएका छन् । जसमा व्याकरणलाई पाठ्यविषयको अन्त्यमा समावेश गरिएको छ । पाठ्यविषयको लगतै शब्दार्थ प्रस्तुत गरिएको छ भने प्रत्येक पाठहरूको अभ्यासमा क्रमशः अभ्यास १, अभ्यास २ आदि प्रस्तुत गरेको पाइन्छ ।

यसरी निर्देशिकाले पाठ्यक्रम र पाठ्य पुस्तकमा राखिएका विधा र क्षेत्रलाई आफ्नो उद्देश्य बनाई ती विधाहरूलाई सचेत र प्रभावकारी रूपमा दैनिक पाठयोजनामा समावेश गरेको छ । कक्षा शिक्षणको लागि शिक्षक निर्देशिका उपयोगी सामग्री हो जसमा पाठ्य पुस्तकका पाठहरूको शिक्षण कसरी गर्ने भन्ने विषयमा उपयुक्त निर्देशन दिइएको छ । यसमा प्रत्येक पाठको शिक्षणका निमित्त आवश्यक क्रियाकलापहरू र सोही अनुसार शिक्षण सामग्री तथा मूल्याङ्कन समेत सामावेश गरिएको छ ।

शिक्षक निर्देशिकामा वर्षभरिमा पढाइने पाठलाई घण्टीमा बाँडिएको छ । यसका लागि (कक्षा ७) मा १५० घण्टी छुट्याइएको छ । निर्देशिकाले भाषा शिक्षणका चारवटै सिपहरूको शिक्षणमा जोड दिँदै हरेक पक्षलाई सिपगत ढङ्गबाट कसरी शिक्षण गर्न सकिन्छ भन्ने जानकारी समेत प्रस्तुत गरेको छ । यसवाहेक प्रत्येक पाठको अन्त्यमा व्याकरण अध्यापन गराउने कुराको निर्देशन पनि यसमा छ । पाठ्यवस्तुहरूको वितरण पनि सोही अनुरूप गरिएको र यसलाई उद्देश्य, गृहकार्य जस्ता शीर्षकमा विभाजन गरी उपयुक्त शिक्षण पद्धतिको निर्देशन गरिएको छ । शिक्षकहरूले निर्देशिकामा दिइएका क्रियाकलापहरू

बाहेक अन्य प्रभावकारी क्रियाकलापहरू समेत तयार गरी कक्षा सञ्चालन गर्न सक्नेछन् भन्ने कुरा निर्देशिकामा उल्लेख गरिएको छ ।

पाठ्य पुस्तकका विधाहरूलाई निर्देशिकाले निश्चित घन्टीमा विभाजन गरी पाठयोजनाको नमूना तयार पारेको छ । ती विधाहरूका लागि विभाजन गरिएको अनुमानित घन्टीलाई निम्न तालिका मार्फत स्पष्ट गरिएको छ :

**तालिका १**

**विधागत आधारमा निम्न माध्यमिक तह (कक्षा ७) हाम्रो नेपाली किताबको विधासङ्ख्या र पाठघण्टीको विभाजन**

| क्र.सं | विधा | विधासङ्ख्या | घन्टी | कैफियत |
|---|---|---|---|---|
| १. | कविता/गीत | ४ | २८ | |
| २. | कथा | ६ | ३६ | |
| ३. | प्रबन्ध/निबन्ध | ५ | ३४ | |
| ४. | चिठी/निवेदन | २ | १० | |
| ५. | जीवनी | ४ | २८ | |
| ६. | रूपक (वादविवाद/संवाद) | २ | १४ | |
| | जम्मा | २३ | १५० | |

यसरी कविता/गीत कथा, प्रबन्ध/निबन्ध, चिठी/निवेदन, जीवनी वादविवाद, संवाद आदि विधामार्फत भाषा सिकाउने प्रयास गरिएको छ । घरपरिवार, विद्यालय, खेतीपाती, प्राकृतिक वातावरण, संस्कृति आदि विभिन्न स्थितिमा भाषाको प्रयोग गर्नु पर्ने भएकाले बालबालिकाहरूको स्तर अनुसार उपर्युक्त क्षेत्रगत विषयहरू भित्र रही पाठहरूको विकास गरिएको छ । यिनै विषयक्षेत्र भित्र पर्न आउने विभिन्न शब्दहरूका आधारमा शब्दभण्डारको पनि बृद्धि गराउन खोजिएको छ ।

पाठ्यक्रम र पाठ्य पुस्तकको आधारमा निर्देशिकाको अध्ययन गर्नु पर्ने हुँदा यस आधारमा वर्तमान निम्न माध्यमिक शिक्षक निर्देशिकाले पाठ्यक्रमका उद्देश्य पुरा गर्न/गराउन पाठ्य पुस्तकमा समावेश विधा र तिनको शीर्षक अनि शीर्षकका लागि छुट्याइएको अनुमानित पाठ्यघन्टीलाई प्रस्ट पार्न निम्न तालिका प्रस्तुत गरिएको छ :

## तालिका २

## हाम्रो नेपाली शिक्षक निर्देशिका (कक्षा ७) को विधा र पाठशीर्षकअनुसार अनुमानित पाठ्यघन्टी र पाठपरिचयको वितरण

| क्र.सं | विधा | पाठशीर्षक | जम्मा घन्टी |
|---|---|---|---|
| १ | कविता | परिचय | ७ |
| २ | कथा | वाल्मीकि | ६ |
| ३ | निबन्ध | जनकपुरधाम | ७ |
| ४ | जीवनी | पृथ्वीनाराण शाह | ७ |
| ५ | संवाद | पर्यटनको महत्त्व | ७ |
| ६ | कविता | झन्डाको गीत | ५ |
| ७ | चिठी | साथीको चिठी | ६ |
| ८ | कथा | खरानीको डोरी | ७ |
| ९ | प्रबन्ध | पीपल | ७ |
| १० | जीवनी | बालकृष्ण सम | ७ |
| ११ | वादविवाद | जागीरभन्दा व्यापार बेस | ७ |
| १२ | कविता | आह्वान गीत | ७ |
| १३ | कथा | मानिसलाई कति जमिन चाहिन्छ ? | ६ |
| १४ | निवेदन | प्रधानाध्यापकलाई निवेदन | ५ |
| १५ | जीवनी | अब्राहम लिङ्कन | ७ |
| १६ | कथा | कदर्य | ६ |
| १७ | निबन्ध | समाचारपत्र | ६ |
| १८ | कविता | मन | ७ |
| १९ | कथा | बुहारीको खोजी | ६ |
| २० | प्रबन्ध | मित्रता | ७ |
| २१ | कथा | मास्टरकी आमा | ६ |
| २२ | जीवनी | लिओनार्दो दाभिन्ची | ७ |
| २३ | प्रबन्ध | चलचित्र हेर्दाको पहिलो अनुभव | ७ |

पाठ्यक्रममा उल्लेख भएअनुसार यस तहका बालबालिकाहरूले व्याकरणगत कुराहरू पनि सिक्नु पर्ने हुनाले यसमा व्याकरणलाई आधुनिक विधिहरू अपनाई अभ्यास गराउन निर्देश गरेको छ । व्याकरण सूत्रका रूपमा नसिकाई प्रयोगात्मक रूपमा सिकाउन वैज्ञानिक ठानिन्छ । यसलाई शिक्षक निर्देशिका (२०६७) ले निम्नानुसार निर्देश गरेको छ :

**तालिका ३**

**निम्न माध्यमिक तह (कक्षा ७) हाम्रो नेपाली किताबको व्याकरणिक कोटिहरूको वर्गीकरण**

| क.सं | क्षेत्र | कैफियत |
|---|---|---|
| १. | क्रियालाई कालका विभिन्न पक्षमा प्रयोग गरी अभिव्यक्त गर्न | सामान्य वर्तमान, सामान्य भूत, अपूर्ण वर्तमान, अपूर्ण भूत, पूर्ण वर्तमान, पूर्ण भूत र पूर्ण भविष्यत, प्रयोग र परिभाषा |
| २. | मौखिक तथा लिखित रूपमा विभिन्न नाम शब्दको प्रयोग गर्न | व्यक्तिवाचक, समूहवाचक, जातिवाचक, द्रव्यवाचक र भाववाचक |
| ३. | मौखिक तथा लिखित रूपमा पदसङ्गति मिलाउन | लिङ्ग, वचन र पुरुरुषको आधारमा सङ्गति |
| ४. | क्रियाको भाव वा अर्थ व्यक्त गर्न | सामान्यार्थ, आज्ञार्थ, इच्छार्थ, साङ्केतार्थ र सम्भावनार्थ |
| ५. | क्रियाको विभिन्न रूपमको प्रयोग गरी अभिव्यक्त गर्न | करण/अकरण, पूर्वकालिन, उत्तरकालिन, प्रेरणार्थक र विध्यार्थ क्रिया |
| ६. | मौखिक तथा लिखित रूपमा विशेषणको प्रयोग | गुणवोधक, सङ्ख्यावोधक, परमाणवोधक, सङ्केतवोधक (प्रयोग र परिभाषा) |
| ७. | मौखिक तथा लिखित रूपमा विपरीतार्थक शब्दको पहिचान र प्रयोग | उपयुक्त रूपमा विपरीतार्थक शब्दको प्रयोग गर्न |
| ८. | मौखिक तथा लिखित रूपमा वचनको परिचय र वचन परिवर्तन | लिङ्ग, वचन र पुरुषको मेल गरी व्यक्त गर्न |
| ९. | शब्दवर्ग अनुसार शब्दहरूको पहिचान गरी धातुबाट क्रियापदका विभिन्न रूपहरू तयार | नाम, सर्वनाम, विशेषण, क्रिया, क्रियायोगी, नामयोगी, संयोजक निपात र विस्मायादिवोधक |
| १०. | मौखिक तथा लिखित रूपमा परिचय र अर्थअनुसार वाक्य परिवर्तन | दिइएका सङ्केतका आधारमा वाक्य परिवर्तन |
| ११. | मौखिक तथा लिखित रूपमा सर्वमानको प्रयोग गर्न | पुरुषवाचक, प्रश्नवाचक, सम्बन्धवाचक, दर्शक, निजवाचक, अनिश्चयवाचक सर्वनाम, प्रयोग र परिभाषा |
| १२. | शुद्धसँग हिज्जेको प्रयोग गर्न | मात्रा, ह्रस्व, दीर्घ, उस्तै खालको ध्वनि आउने, अक्षरजोडा, शिरविन्दु र चन्द्रविन्दुको प्रयोग गर्न र पदयोग पदवियोग गर्न |

| | | |
|---|---|---|
| १३. | लेख्दा उपयुक्त चिन्ह्को प्रयोग गर्न | पूर्णविराम, अल्पविराम, प्रश्नवाचक, उद्धरण र विस्मयादिवोधक चिह्नको प्रयोग गर्न |
| १४. | सोदाहरण वाच्यको परिचय दिँदै वाच्य परिवर्तन गर्न | कर्तृवाच्य, कर्मवाच्यको परिचय र उपयुक्त प्रयोग |
| १५. | कारक र विभक्तिको प्रयोग गर्न | कर्ताकारक, कर्मकारक, करणकारक, सम्प्रदानकारक, अपादानकारक, अधिकरणकारक र प्रथम, द्वितीय, तृतीय …… सप्तमी विभक्ति |

नोट : कक्षा ७ को हाम्रो नेपाली किताव मा तपाईले उल्लेख गर्नु भएको व्याकरणिक कोटीहरु छ ? पाठ्य पुस्तक हेरेर जे छ त्यही राख्नु होलो ।

### ४.२.२ सारांश

१. प्रस्तुत परिच्छेदले पाठ्यक्रम र पाठ्य पुस्तक अनुरूपताको दृष्टिले वर्तमान निम्न माध्यमिक तह (कक्षा ७) को निर्देशिकाको अध्ययन गरेको छ ।

२. पाठ्यक्रममा निर्धारित उद्देश्य पुरा गर्नका लागि निम्न माध्यमिक तह (कक्षा ७) को 'हाम्रो नेपाली किताब' नामको भाषापाठ्य पुस्तकमा २३ वटा पाठहरू छन् । जसको शिक्षणका लागि निर्देशिकामा १५० घन्टी छुट्याइएको छ ।

३. (कक्षा ७) को अन्त्यमा विद्यार्थीहरूले नेपाली भाषा विषयमा हासिल गर्ने सिकाइ उपलब्धिहरूलाई निम्न माध्यमिक शिक्षा पाठ्यक्रमले यसरी छुट्याएको छ : भाषिक सिप, सुनाइ, बोलाइ, पढाइ, लेखाइ र कार्यमूलक व्याकरण ।

## ४.३ पाठ्यक्रम तथा पाठ्य पुस्तक अनुरूपता तथा क्रमबद्धताका आधारमा नेपाली शिक्षक निर्देशिका (कक्षा ७) को विश्लेषण

### ४.३.१ परिचय

प्रस्तुत शोधपत्रमा निर्धारित क्षेत्र भित्रका निम्नमाध्यमिक विद्यालयका प्रधानाध्यापक तथा नेपाली विषयका विषय शिक्षकहरूलाई प्रतिनिधि जनसङ्ख्याका रूपमा छनोट गरिएको थियो । यसरी छनोटमा परेका प्रतिनिधि जनसङ्ख्याहरूमा (कक्षा ७) को नेपाली शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिता सम्बन्धमा विभिन्न आधारमा परीक्षण गरिएको थियो ।

यसलाई तल उल्लेख गरिएका तालिकाबाट प्रश्नको प्रकृति र तिनका उत्तरसँग सम्बन्धित रही विभिन्न दृष्टिले विश्लेषण भएको छ :

**तालिका ४**

| क.सं. | विषय | सहमत | | असहमत | |
|---|---|---|---|---|---|
| | | प्र.अ. | शिक्षक | प्र.अ. | शिक्षक |
| अ. | निर्देशिका पाठ्कम र पाठ्य पुस्तक अनुरूप तयार भएको छ । | १००% | १००% | – | – |
| आ. | पाठ्यक्रम र पाठ्य पुस्तकले निर्धारण गरेका उद्देश्य प्राप्तिका लागि निर्देशिकाले महत्त्वपूर्ण भूमिका खेलेको छ । | ८४.३४% | ८४.३४% | १७.६८% | १७.६८% |
| इ. | शिक्षक निर्देशिकाले पाठ्यक्रमको उद्देश्य पुरा गर्न ठोस भूमिका खेलेको देखिँदैन । | – | ८४.३४% | १००% | १७.६८% |
| ई. | निर्देशिकामा भएका सबै क्रियाकलापहरू पर्याप्त र व्यावहारिक छन् । | ३४.३४% | ३४.३४% | ६७.६८% | ६७.६८% |
| उ. | निर्देशिकामा पहिलो र पछिल्लो पाठको सहसम्बन्ध छ । | १७.६८% | – | ८४.३४% | १००% |

शिक्षक निर्देशिकाको निर्माण पाठ्यक्रमलाई केन्द्रमा राखी पाठ्य पुस्तकका पाठहरू अनुरूप भएको हुनुपर्छ । माथिको तालिका अनुसार शिक्षक निर्देशिका (कक्षा ७) पाठ्यक्रम र पाठ्य पुस्तक अनुरूप तयार भएको देखिन्छ । यसको पुष्टि माथिको तालिकाबाट हुन्छ । यसैगरी ८४.३४ प्रतिशत प्रधानाध्यापक तथा सोही सङ्ख्यामा विषय शिक्षकहरूको मतले पाठ्यक्रम र पाठ्य पुस्तकले निर्धारण गरेका उद्देश्य प्राप्तिका लागि निर्देशिकाले महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ । त्यसैले शिक्षकका लागि निर्देशिका महत्त्वपूर्ण सामग्री सावित भएको छ । निर्देशिकामा समावेश गरिएका क्रियाकलापहरूलाई पर्याप्त वैज्ञानिक, व्यावहारिक तथा वस्तुनिष्ठ बनाउनेतर्फ सम्बन्धित पक्षको ध्यान जानु आवश्यक देखिन्छ । निर्देशिकामा समावेश गरिएका नमुना पाठयोजनालाई पूर्वपाठसँग अन्तरसम्बन्धित बनाउनु पर्ने देखिन्छ भने शिक्षण सिकाइ क्रियाकलापको शुरुमा पूर्वपाठलाई पुनराबृत्ति गराउनु पर्ने

तर्फ पनि सचेत हुनुपर्ने देखिन्छ । समग्रमा शिक्षक निर्देशिका, पाठ्यक्रम र पाठ्य पुस्तकअनुरूप तयार भएको हुँदा पाठ्यक्रमको उद्देश्य प्राप्तिमा सहायक सिद्ध भएको छ ।

### ४.३.२ तथा प्राप्यताका आधारमा नेपाली शिक्षक निर्देशिका (कक्षा ७) को विश्लेषण

**तालिका ५**

| क्र.सं. | विषय | सहमत | | असहमत | |
|---|---|---|---|---|---|
| | | प्र.अ. | शिक्षक | प्र.अ. | शिक्षक |
| अ. | निर्देशिकाको नाम सुनिएको छ । | ८४.३४% | १००% | १७.६८% | – |
| आ. | निर्देशिका सम्पूर्ण विद्यालयमा समयमै पुगेको छ । | १७.६८% | १७.६८% | ८४.३४% | ८४.३४% |
| इ. | निर्देशिका विद्यालयमा समयमै उपलब्ध गराउन प्रधानाध्यापकको भूमिका महत्त्वपूर्ण रहन्छ । | १००% | १००% | – | – |
| ई. | शिक्षण गर्नुपूर्व निर्देशिका अध्ययन गर्नु आवश्यक छ । | ६७.६८% | ८४.३४% | ३४.३४% | १७.६८% |
| उ. | तालिम अप्राप्त शिक्षकका लागि निर्देशिका बढी उपयुक्त छ । | १००% | १००% | – | – |

माथिको तालिकाबाट शिक्षक निर्देशिका प्रत्येक विद्यालय तथा विषय शिक्षकका लागि अति महत्त्वपूर्ण र आवश्यक सामग्री भए पनि विभिन्न कारणले गर्दा ग्रामीण भेगका विद्यालयहरूमा सर्वसुलभरूपमा समयमा नै पुग्न सकेका छैनन् । शिक्षक निर्देशिकासँग प्रधानाध्यापक तथा शिक्षकहरू परिचित छन् । यसले हामीलाई शिक्षण सिकाइ क्रियाकलापमा सहयोग पुऱ्याउँछ भन्नेतर्फ उनीहरू सचेत रहेको देखिन्छ । तापनि विद्यालयका विविध समस्याहरू (जस्तै : आर्थिक, भौतिक, मानवीय) ले गर्दा निर्देशिका उपलब्ध गराउनेतर्फ ध्यान गएको पाईदैन । शिक्षणलाई कुशलता प्रदान गर्ने इच्छाशक्ति भएर पनि विभिन्न सामग्रीको अभावका कारण परम्परागत शिक्षण पद्धतिलाई निरन्तरता दिनु बाहेक अरु विकल्प नरहेको गुनासो पाइयो ।

### ४.३.३ प्रयोग तथा प्रभावकारिताका आधारमा नेपाली शिक्षक निर्देशिका (कक्षा ७) को विश्लेषण

**तालिका ६**

| क्र.सं. | विषय | सहमत | | असहमत | |
|---|---|---|---|---|---|
| | | प्र.अ. | शिक्षक | प्र.अ. | शिक्षक |
| अ. | निर्देशिका अनुसार शिक्षण गर्दा शिक्षण प्रभावकारी हुन्छ । | १००% | १००% | – | – |
| आ. | निर्देशिकामा दिइएका निर्देशन अनुसार कक्षा सञ्चालन भएको छ । | १७.६८% | १७.६८% | ८४.३४% | ८४.३४% |
| इ. | भाषाका चार सिप शिक्षणका लागि निर्देशिका उपयोगी छ । | १००% | ८४.३४% | – | १७.६८% |
| ई. | निर्देशिकामा स्थानीय सामग्रीलाई बढी जोड दिइएको छ । | ८४.३४% | ५०% | १७.६८% | ५०% |
| उ. | निर्देशिकाको अनुशरण नगर्दा पनि शिक्षण प्रभावकारी हुन्छ | ८४.३४% | ८४.३४% | १७.६८% | १७.६८% |
| ऊ | व्याकरण शिक्षणका सम्बन्धमा निर्देशिकामा केही उल्लेख छ । | १००% | १००% | – | – |

शिक्षक निर्देशिकाअनुसार शिक्षण गर्दा शिक्षण प्रभावकारी हुने कुरामा सैद्धान्तिकरूपमा १०० प्रतिशत प्रधानाध्यापक र शिक्षकहरू सहमत देखिएका छन् । तरपनि विद्यालयमा व्यावहारिक प्रयोग गर्ने सन्दर्भमा सोधिएको जिज्ञासामा ८४.३४ प्रतिशत, प्रधानाध्यापक तथा सोही सङ्ख्यामा शिक्षकको मत निर्देशिकाअनुसार कक्षा सञ्चालन नभएको तर्फ रहनुले पनि विद्यालयका प्रधानाध्यापक तथा शिक्षकहरू अनेक वाहनामा शिक्षण सिकाइ प्रक्रियामा सुधार गर्नेतर्फ अग्रसार छैनन् भन्ने देखाउँछ ।

शिक्षक निर्देशिकाको प्रभावकारिता सम्बन्धी शतप्रतिशत प्रधानाध्यापक र शिक्षकहरू जानकार छन् । तर प्राप्यता तथा प्रयोग सम्बन्धी व्यावहारिकता हेर्ने हो भन्ने प्रायः शून्य देखिन्छ । निर्देशिकाअनुसार शिक्षण गर्दा शिक्षण प्रभावकारी हुने पक्षमा शतप्रतिशत प्रधानाध्यापक तथा शिक्षकहरूको सहमति देखिन्छन् । यस्तै भाषिक सिप शिक्षणका लागि निर्देशिका उपयोगी रहेको पक्षमा शतप्रतिशित, प्रधानाध्यापक तथा ८४.३४ प्रतिशत शिक्षकहरू रहेको, निर्देशिकामा स्थानीय सामग्रीमा जोड दिइएको हुन्छ भन्ने पक्षमा ८४.३४ प्रतिशत प्रधानाध्यापक तथा ५१ प्रतिशत शिक्षकको मत रहेको जस्ता पक्षलाई केलाउँदा

प्रभावकारी शिक्षणका लागि प्रधानाध्यापक तथा शिक्षकमा शिक्षण सामग्री जाटाएर वैज्ञानिक विधिको प्रयोग गरी शिक्षण गर्ने इच्छाशक्ति हुनुपर्ने देखिन्छ ।

### ४.३.४ अन्य विभिन्न आधारमा शिक्षक निर्देशिका (कक्षा ७) को विश्लेषण

**तालिका ७**

| क्र.सं. | विषय | सहमत | | असहमत | |
|---|---|---|---|---|---|
| | | प्र.अ. | शिक्षक | प्र.अ. | शिक्षक |
| अ. | निर्देशिकाका कार्यकलापहरू सबै उपयुक्त र व्यावहारिक देखिन्छन् । | ५१% | ६७.६८% | ५१% | ३४.३४% |
| आ. | भाषिक सिपअनुसार मूल्याङ्कन गर्न खोजिएको छ । | ८४.३४% | ८४.३४% | १७.६८% | १७.६८% |
| इ. | निर्देशिकाले सिर्जनात्मक अभ्यासमा जोड दिएको छ । | ६८.६८% | १००% | ३४.३४% | – |
| ई. | निर्देशिकामा गृहकार्यलाई उचित ध्यान दिइएको छ । | ६४.६४% | ६७.६८% | ३८.३८% | ३८.३( ४% |
| उ. | निर्देशिकाको आकार प्रकार उपयुक्त देखिन्छ । | ३३.३३% | १७.६७% | ६७.६७% | ८३.३३% |
| ऊ | निर्देशिकामा कागत र छपाइको गुणस्तरमा उचित ध्यान दिइएको छ । | ३३.३३% | १७.६८% | ६७.६७% | ८३.३३% |

भाषा पाठ्यक्रमले निर्धारण गरेको उद्देश्य पुरा गराउने क्रममा भाषापाठ्य पुस्तकको पाठ्यसामग्री उपयोगिता एवम् प्रयोगको प्रमुख आधारशिलाका रूपमा शिक्षक निर्देशिकालाई लिन सकिन्छ । निर्देशिका साध्य नभएर साधनको रूपमा रहेको हुन्छ । निर्देशिकाको पाठयोजनामा दिइएका क्रियाकलापहरू केवल शिक्षकहरूको लागि नमुनाको रूपमा मात्र दिइएको हो । अनुभवी र विषयवस्तुमा अद्यावधिक शिक्षकले शिक्षण सिकाइका क्रममा यसलाई परिवर्तन गर्न सकिने कुरा निर्देशिकामा सङ्केत गरिएको हुन्छ ।

माथिको तालिकाले निर्देशिकामा समाविष्ट क्रियाकलापहरूको सम्बन्धमा राखिएको जिज्ञासामा ५१ प्रतिशत प्रधानाध्यापक तथा ६७.६८ प्रतिशत शिक्षकहरू सहमत भएबाट शिक्षक निर्देशिकाका कार्यकलापहरू उपयुक्त र व्यावहारिक बनाउनका लागि शिक्षकको शिक्षण कौशलमा भर पर्ने हुन्छ भन्ने देखाएको छ ।

भाषा शिक्षण भाषाका बारेको शिक्षण नभएर भाषिक सिपको शिक्षण हो । सिपको शिक्षण भएकाले सिप (सुनाइ, बोलाइ, पढाइ, लेखाइ) पक्षको मूल्याङ्कन गर्न निर्देशिका सफल देखिन्छ । यसमा ८४.३४ प्रतिशत प्रधानाध्यापक तथा ८४.३४ प्रतिशत नै शिक्षकहरूले सकारात्मक प्रतिक्रिया दिएका छन् । पाठयोजनाको अर्को प्रमुख अङ्ग क्रियाकलाप हो । क्रियाकलापहरू पर्याप्त हुँदाहुँदै पनि अव्यावहारिक भयो भने तथा व्यावहारिक भएर पनि आवश्यकतानुसार पर्याप्त हुन सकेन भने शिक्षणको उद्देश्य पुरा हनु नसक्ने हुँदा निर्देशिकामा यस कुराप्रति सचेतता अपनाउनु पर्दछ । त्यसैगरी निर्देशिकाले सिर्जनात्मक अभ्यासलाई जोड दिएको पाइन्छ । यसमा ६७.६८ प्रतिशत प्रधानाध्यापक तथा शतप्रतिशत शिक्षकहरू सहमत भएको पाइन्छ ।

पाठयोजनाको एउटा अङ्ग गृहकार्य पनि हो । यसतर्फ निर्देशिकाले ध्यान पुऱ्याउनु जरुरी हुन्छ । निर्देशिकामा यस सम्बन्धी उचित ध्यान पुगेको देखिन्छ । यसमा ६७.६८ प्रतिशत शिक्षक तथा प्रधानाध्यापकको सकारात्मक अभिमत रहेको देखिन्छ । निर्देशिकाको आकार प्रकार तथा कागज र छपाई पनि गुणस्तरयुक्त हुनु आवश्यक मानिन्छ तर निर्देशिका निर्माताहरूले यसको छपाइ गुणस्तर तथा आकारप्रकार र कागजमा ध्यान पुऱ्याएको देखिंदैन । यसतर्फ सरोकारवाला पक्ष सचेत हुनुपर्ने तथ्य तालिकामा व्यक्त ६७.६८ प्रतिशत नकारात्मक पक्षको मतले देखाउँछ ।

## ४.४ बहुवैकल्पिक प्रश्नबाट प्राप्त तथ्याङ्कको विश्लेषण

### ४.४.१ प्रधानाध्यापक तथा शिक्षकहरूबाट प्राप्त तथ्यहरूका आधारमा नेपाली शिक्षक निर्देशिका (कक्षा ७) को व्यावहारिकता तथा प्राप्यता सम्बन्धी विश्लेषण

**तालिका ८**

| क्र.सं. | विषय | प्रधानाध्यापक | शिक्षक |
|---|---|---|---|
| १. | शिक्षक निर्देशिकाको बारेमा जानकारी छ ?<br>क) छ<br>ख) छैन<br>ग) थाहा छैन | १००%<br>-<br>- | ८४.३४%<br>१७.६८%<br>- |
| २. | तपाईको विद्यालयमा निर्देशिका समयमै प्राप्त हुन्छ ?<br>क) प्राप्त हुन्छ<br>ख) प्राप्त हुँदैन<br>ग) केही थाहा छैन | १७.६८%<br>८४.३४%<br>- | १७.६७%<br>६७.६८%<br>१७.६८% |

| | | | |
|---|---|---|---|
| ३. | तपाईले निर्देशिकानुसार शिक्षण गर्नुहुन्छ ?<br>क) गर्दछु<br>ख) कठिन छ<br>ग) गरेको छैनँ | <br>१७.६८%<br>१७.६८%<br>६७.६७% | <br>१७.६७%<br>–<br>८४.३४% |
| ४. | निर्देशिकाअनुसार शिक्षण गर्दा तपाईले कस्तो अनुभव गर्नुहुन्छ ?<br>क) सहज<br>ख) असहज<br>ग) केही अनुभव गर्दिनँ | <br>३४.३४%<br>३४.३४%<br>३४.३४% | <br>३४.३४%<br>–<br>६७.६७% |
| ५. | शिक्षण गर्दा निर्देशिका प्रयोग गर्न आवश्यक छ ?<br>क) कहिलेकाहीं<br>ख) छैन<br>ग) अति आवश्यक छ | <br>५१%<br>–<br>५१% | <br>३४.३४%<br>–<br>६७.६८% |
| ६. | निर्देशिका अनुसार शिक्षण गर्न कठिनाइ छ ?<br>क) कठिनाइ छ<br>ख) कठिनाइ छैन<br>ग) असम्भव छ | <br>६७.६८%<br>३४.३४%<br>– | <br>६७.६८%<br>३४.३४%<br>– |
| ७. | निर्देशिकाको प्रयोग के कारणले कठिन छ ?<br>क) शिक्षक तालिम अप्राप्त हुनाले<br>ख) समयको अभावले<br>ग) कक्षा प्रभावकारी नहुनु | <br>५१%<br>५१%<br>– | <br>३४.३४%<br>६७.६८%<br>– |

माथिको तालिका अनुसार शिक्षक तथा प्रधानाध्यापकहरूमा राखिएको शिक्षक निर्देशिकाको जानकारी बारे अभिमत हेर्दा प्रधानाध्यापक शतप्रतिशतलाई जानकारी रहेको, शिक्षकहरू ८४.३४ प्रतिशतलाई जानकारी भएको र १७.६८ प्रतिशतलाई निर्देशिका बारेमा केही थाहा नभएको पाइयो । उक्त तथ्याङ्कलाई विश्लेषण गर्दा विद्यालयका प्रधानाध्यापक तथा शिक्षकहरू सबै शिक्षक निर्देशिकासँग परिचित हुनुहुन्छ भन्ने देखिन्छ । विद्यालयमा निर्देशिका समयमा प्राप्त हुने/नहुने प्रश्नमा ८४.३४ प्रतिशत प्रधानाध्यापक र ६७.६८ प्रतिशत शिक्षकको मत प्राप्त हुँदैन भन्ने देखिन्छ । त्यस्तै १७.६८ प्रतिशत प्रधानाध्यापक तथा शिक्षक प्राप्त हुन्छ भन्ने पक्षमा र १७.६८ प्रतिशत शिक्षक थाहा छैन भन्ने पक्षमा देखिनुबाट अधिकांश विद्यालयहरूमा निर्देशिका उपलब्ध नभएको देखिन्छ । उक्त तथ्याङ्कबाट विद्यालयका प्रधानाध्यापक तथा शिक्षकहरूमा शिक्षक निर्देशिकाअनुसार शिक्षण गर्ने इच्छाशक्ति रहेको देखिएन । शिक्षक निर्देशिकाअनुसार शिक्षण गर्नु हुन्छ भन्ने जिज्ञासामा ६७.६८ प्रतिशत प्रधानाध्यापक तथा ८४.३४ प्रतिशत शिक्षकहरूले गरेको छैन भन्ने मत राख्नुबाट पनि विद्यालयहरूमा भाषा शिक्षण पुरानै पद्धतिबाट गुज्रिएको अवस्था

देखिन्छ । शिक्षणमा निर्देशिका प्रयोग नभएपछि सहज वा असहज अनुभवको कुरा रहेन त्यसैले केही पनि अनुभव नभएको पक्षमा ६७.६८ प्रतिशत शिक्षकहरू रहेको देखियो ।

निर्देशिकाअनुसार शिक्षण गर्न कठिनाइ छ वा छैन भन्ने सवालमा ६७.६८ प्रतिशत प्रधानाध्यापक तथा शिक्षकले कठिन भएको र ३४.३४ प्रतिशत प्रधानाध्यापक तथा शिक्षकले कठिनाइ छैन भन्ने तथ्य दिएका छन् । निर्देशिका प्रयोगमा किन कठिनाइ छ भन्ने सवालमा प्रधानाध्यापकको तथ्यलाई हेर्दा शिक्षक तालिम अप्राप्त हुनाले ५१ प्रतिशत समयको अभाव हुनाले ५१( प्रतिशतले निर्देशिका प्रयोगको समस्या रहेको देखाएका छन् । उक्त तथ्यबाट निर्देशिकाले दिइएको नमुनाअनुसार शिक्षण गर्दा असहज महशुस हुनाको मुख्य कारण समयको अभाव र तालिम प्राप्त शिक्षकको अभाव देखिन आउँछ । कतिपय विद्यालयहरूमा एउटै शिक्षकले दैनिक आठ घन्टीसम्म पनि अध्यापन गराउनु पर्ने बाध्यात्मक अवस्था भएबाट पनि निर्देशिका प्रयोगमा समस्या रहेको देखिन्छ । निर्देशिकाको प्रभावकारी प्रयोगका निम्ति समय-समयमा गोष्ठी, तालिम सञ्चालन गरेर शिक्षकहरूलाई सक्रिय बनाउन प्रयत्नशील हुनुपर्ने देखिन्छ ।

### ४.४.२ प्रधानाध्यापक तथा शिक्षकहरूबाट प्राप्त तथ्यका आधारमा नेपाली शिक्षक निर्देशिका (कक्षा ७) को विधागत सन्तुलन क्रियाकलाप तथा शैक्षिक सामग्री प्रयोगको अवस्था सम्बन्धी विश्लेषण

**तालिका ९**

| क्र.सं. | विषय | प्रधानाध्यापक | शिक्षक |
|---|---|---|---|
| १. | निर्देशिकामा क्रियाकलापहरू विधाका दृष्टिले उपयुक्त छन् ?<br>क) उपयोगी छन्<br>ख) उपयोगी छैनन्<br>ग) केहीमात्र छन् | ८४.३४%<br>–<br>१६.६७% | ८४.३४%<br>–<br>१७.६८% |
| २. | निर्देशिकामा दिइएका अभ्यासात्मक प्रश्नहरू कस्ता खालका छन् ?<br>क) विविध<br>ख) एकै खालका<br>ग) विषयवस्तुमा मात्र केन्द्रित | ८४.३४%<br>–<br>१७.६८% | ८४.३४%<br>–<br>१७.६८% |
| ३. | निर्देशिकामा उल्लेखित शिक्षण सामग्री तपाईले प्रयोग गर्न सम्भव छ ?<br>क) कुनै पनि छैन | –<br>८४.३४% | –<br>६७.६८% |

| | | | |
|---|---|---|---|
| | ख) केही मात्र छन्<br>ग) सबै सम्भव छन् | १७.६८% | ३४.३४% |
| ४. | कक्षामा ती सामग्री कत्तिको उपयोग गर्नु हुन्छ ?<br>क) कहिलेकाहीं<br>ख) सधैं<br>ग) आवश्यक छैन | <br>१००%<br>–<br>– | <br>८४.३४%<br>–<br>१७.६८% |
| ५. | निर्देशिकाले कुन पक्षलाई जोड दिएको छ ?<br>क) भाषिक सिप<br>ख) शिक्षण सामग्री<br>ग) विषयवस्तु | <br>१००%<br>–<br>– | <br>१००%<br>–<br>– |

शिक्षक निर्देशिकामा रहनुपर्ने महत्त्वपूर्ण तत्त्व विधाहरूको सन्तुलन हो । पाठयोजनाको उद्‌देश्य पुरा गर्न समावेश गरिने क्रियाकलाप त्यसको मुटु हो । विधाका दृष्टिले हेर्दा क्रियाकलापको उपयुक्तता सम्बन्धमा ८४ प्रतिशत प्रधानाध्यापक र ८४.३४ प्रतिशत नै शिक्षकहरू उपयोगी रहेको र १७.६८ प्रतिशत प्रधानाध्यापक तथा शिक्षकहरूले केहीमात्र उपयोगी रहेको बताएका छन् ।

शिक्षणलाई उद्‌देश्यपूर्ण, रोचक, उत्प्रेरक, आकर्षक र चिरस्थायी बनाउन शैक्षिक सामग्रीको ठूलो भूमिका हुन्छ । सिकाइलाई जीवन्तता प्रदान गर्न र शिक्षकको कार्यबोझ घटाउन सहयोगी हुने सामग्रीहरू शिक्षकले सहज रूपमा उपलब्ध गर्न सक्ने खालका हुन आवश्यक छ । निर्देशिकाले उल्लेख गरेका सामग्री प्रयोग गर्न सम्भव छ भन्ने सम्बन्धमा प्रधानाध्यापक तर्फ ८४.३४ प्रतिशतले केही मात्र सम्भव रहेको, १७.६८ प्रतिशतले सबै सम्भव रहेको देखाएका छन् भने ६७.६८ प्रतिशत शिक्षकहरू केही मात्र सम्भव रहेको, ३४.३४ प्रतिशत शिक्षकहरूले सबै सम्भव रहेको जनाएका छन् ।

त्यसैगरी कक्षामा ती सामग्री कत्तिको प्रयोग गर्नुहुन्छ भन्ने जिज्ञासामा १०० प्रतिशत प्रधानाध्यापकले कहिलेकाहीँ र ८४.३४ प्रतिशत शिक्षकहरूले कहिलेकाहीं तथा १७.६८ प्रतिशतले आवश्यक छैन भन्ने मत जाहेर गरेका छन् । भाषा शिक्षण भनेको भाषिक सिपहरूको शिक्षण हो । भाषा शिक्षणमा विषयवस्तु गौण हुन्छ । भाषा शिक्षण साहित्यशिक्षण नभई यसले भाषिक सिपहरूको शिक्षणलाई महत्त्व दिन्छ । भाषिक सिपको शिक्षण भन्नासाथ भाषाका चार प्रमुख सिपहरू (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) सँगै सम्बद्‌ध रही भाषालाई नै साधन र साध्यका रूपमा हेर्ने दृष्टिकोण हो । उक्त सवालमा शिक्षक निर्देशिकाले कुन पक्षमा जोड दिएको छ भन्ने सवालमा १०० प्रतिशत प्रधानाध्यापक तथा शतप्रतिशत नै

शिक्षकहरू भाषिक सिपको पक्षमा देखिएका छन् । उक्त तथ्याङ्कबाट शिक्षक निर्देशिकाले भाषिक सिप विकासमा जोड दिएको देखिन्छ ।

### ४.४.३ प्रधानाध्यापक तथा शिक्षकबाट प्राप्त तथ्यहरूका आधारमा शिक्षक निर्देशिका (कक्षा ७) को विविध पक्षको विश्लेषण

**तालिका १०**

| क्र.सं. | विषय | प्रधानाध्यापक | शिक्षक |
|---|---|---|---|
| १. | नेपाली मातृभाषी र विमातृभाषी दुबैका लागि निर्देशिका महत्त्वपूर्ण छ ?<br>क) महत्त्वपूर्ण छ<br>ख) कति पनि छैन<br>ग) केही मात्रामा छ | १००%<br>–<br>– | १००%<br>–<br>– |
| २. | निर्देशिकाको निर्देशन प्रत्येक विद्यालयमा अनिवार्य लागू गर्नुपर्दछ ?<br>क) लागू गनुपर्दछ<br>ख) लागू गरिएको छ<br>ग थाहा छैन | ८४.३४%<br>–<br>१७.६८%- | ५१%<br>–<br>५१% |
| ३. | निर्देशिकाको प्रभावकारी प्रयोगका लागि कार्यशालाको आयोजना गरिँदै आएको छ ?<br>क) थाहा पाएको छैन<br>ख) कहिलेकाही गरिन्छ<br>ग) गरिँदैन | १७.६८%<br>–<br>८४.३४% | १००%<br>–<br>– |
| ४. | निर्देशिका प्रयोगको सन्दर्भमा अनुगमन कार्य हुँदै आएको छ ?<br>क) छैन<br>ख) थाहा छैन<br>ग) कहिलेकाहीं गरिन्छ | ६७.६८%<br>३४.३४%<br>– | –<br>१००%<br>– |
| ५. | निर्देशिका प्रयोग गर्ने कार्यमा प्र.अ. को सहयोग पाउनु भएको छ ?<br>क) छ<br>ख) थाहा छैन<br>ग) कहिलेकाहीं पाइन्छ | –<br>–<br>– | १७.६४%<br>८४.३४%<br>– |

विद्यालयमा नेपाली मातृभाषी र नेपाली विमातृभाषी दुबै समाजबाट विद्यार्थी अध्ययन गर्न आएका हुन्छन् । त्यसैले सबैलाई मध्यनजर राख्दै शिक्षण गर्नका लागि निर्देशिकाले ध्यान पुऱ्याएको हुनुपर्दछ । यस सवालमा निर्देशिका महत्त्वपूर्ण रहेको पुष्टि शतप्रतिशत प्रधानाध्यापक तथा शतप्रतिशत नै शिक्षकहरूको अभिमतले गरेको छ ।

निर्देशिकाको निर्देशन प्रत्येक विद्यालयमा अनिवार्य लागू गर्नुपर्दछ भन्ने सवालमा ८४.३४ प्रतिशत प्रधानाध्यापक तथा ५१ प्रतिशत शिक्षकहरू लागू गर्ने पक्षमा र १७.६८ प्रतिशत प्रधानाध्यापक तथा ५१ प्रतिशत शिक्षकहरू थाहा छैन भन्ने पक्षमा रहेको पाइयो । उक्त तथ्याङ्कको आधारलाई हेर्दा विद्यालयहरूमा निर्देशिकाको निर्देशनअनुसार कक्षा सञ्चालन गर्नेतर्फ सम्बन्धित पक्षको ध्यान जानु आवश्यक देखिन्छ ।

शिक्षक निर्देशिकाको प्रभावकारी प्रयोगका लागि कार्यशाला आयोजना गरिनु पर्दछ । हाम्रा विद्यालयहरूमा निर्देशिका प्रयोग सम्बन्धमा यस्ता कुनै पनि किसिमका कार्यहरू नभइरहेको पाइन्छ । यस सम्बन्धी जिज्ञासाबाट प्राप्त १७.६८ प्रतिशत प्रधानाध्यापक तथा १०० प्रतिशत शिक्षकहरूले थाहा नभएको अभिमत र ८४.३४ प्रतिशत प्रधानाध्यापकहरूले गरिँदैन भनी दिएको अभिमतले पुष्टि गरेको छ ।

सरकारी निकायहरूमा अनुगमन कार्य फितलो रहेको छ । त्यसमाथि विद्यालयहरूको अनुगमन त कतिपय अवस्थामा कागजमा मात्र सीमित पाइन्छ । जुनसुकै सहायक सामग्री वा पूरक सामग्री निर्माण गर्नुको अभिप्राय मूल सामग्रीलाई समुचित रूपले प्रयोगमा ल्याउनका लागि हो । सामग्री तयार भए पनि उक्त सामग्री प्रयोगमा ल्याउन नसके अमूल्य समय, स्रोत र साधनको मात्र दुरूपयोग हुन पुग्दछ । शिक्षक निर्देशिका शिक्षण, सिकाइलाई प्रभावकारी, व्यावहारिक तथा उद्देश्यपूर्ण बनाउनका लागि निर्माण गरिएको हुँदा यसको प्रयोग/उपयोग गराउनका लागि सम्बन्धित पक्षबाट अनुगमन गरिनु पर्ने हुन्छ साथै कार्यशाला तथा अनुगमनका क्रममा प्राप्त तथ्यका आधारमा निर्देशिका प्रयोग सम्बन्धी तालिम सञ्चालन गरिनु पर्ने देखिन्छ । माथिको तथ्याङ्कले विद्यालयमा निर्देशिका प्रयोग भए/नभएको अनुगमन हुने गरेको छैन भन्ने देखाउँछ । त्यस्तै निर्देशिका प्रयोग व्यावहारिक रूपमा कार्यन्वयन गर्नेतर्फ विद्यालयका प्रधानाध्यापकहरूको महत्त्वपूर्ण भूमिका रहने हुन्छ । निर्देशिकाको निर्देशन पालना गरी पाठयोजना बनाएर मात्र कक्षाप्रवेश गर्न सबै शिक्षकलाई प्रेरित गर्ने र सो अनुसार कक्षा सञ्चालन भए/नभएको अवलोकन गर्ने जिम्मेवारी प्रधानाध्यापकको हुने हुँदा कक्षा अवलोकन गर्ने र आवश्यक पृष्ठपोषण दिने तर्फ ध्यान दिनु आवश्यक छ । अतः निर्देशिकालाई समयसापेक्ष प्रभावकारी बनाउनका लागि आवश्यक स्रोत साधनले भ्याएसम्म समयअनुसार सेमिनार तथा गोष्ठीहरू सञ्चालन गरी

यसको सैद्धान्तिक र व्यावहारिक कठिनाइ तथा त्रुटिहरू समयमा नै निराकरण गर्नु पर्ने देखिन्छ ।

## ४.५ कक्षा अवलोकनबाट प्राप्त तथ्यहरूको व्याख्या र विश्लेषण

प्रस्तुत शोधमा तथ्याङ्क सङ्कलनको अर्को मुख्य आधार प्रत्यक्ष कक्षा अवलोकनलाई मानिएको छ । शोधार्थी स्वयम् कक्षामा उपस्थित भएर विषय शिक्षकहरूले कक्षा सञ्चालन कसरी गरिरहेका छन् ? शिक्षक निर्देशिकाको निर्देशनअनुसार कक्षा सञ्चालन भएको छ/छैन ? प्रश्नावलीबाट प्राप्त अभिमत र वास्तविक अवस्थामा कत्तिको मेल खाएको छ ? जस्ता पक्षमा अझ स्पष्ट हुनका लागि विषय शिक्षकको कक्षा अवलोकन गरिएको थियो । यस सन्दर्भमा कक्षा सञ्चालनमा रहेको वास्तविक अवस्थालाई विषयको प्रकृतिका आधारमा विभिन्न शीर्षकमा राखी निर्देशिका प्रयोग र प्रभावकारितालाई आधारमानी निम्नानुसार तालिकीकरण गरी विश्लेषण गरिएको छ ।

**तालिका ११**

**कक्षाको प्रारम्भ**

| क.सं. | कक्षाको प्रारम्भ | निम्न | मध्यम | उत्तम | अत्युत्तम | कैफियत |
|---|---|---|---|---|---|---|
| क) | पूर्वपाठमा आधारित | १७.६८% | ५१% | ३४.३४% | – | |
| ख) | पाठप्रति रुचि जागरण | १७.६७% | ६७.६८% | १७.६८% | – | |
| ग) | कक्षा व्यवस्थापन | – | ५१% | ५१% | – | |
| घ) | विद्यार्थी सहभागिता | – | १७.६८% | ८४.३४% | – | |

गीत गाउनेको बात सुसेलीले थाहा दिन्छ भने जस्तै शिक्षक कक्षामा प्रवेश गर्नासाथ विद्यार्थी सामु कसरी प्रस्तुत हुन्छन् त्यसबाट उसले गर्ने शिक्षण सिकाइ क्रियाकलापको बारेमा अनुमान गर्न सकिन्छ । यस सन्दर्भमा हेर्दा पूर्वपाठमा आधारित भएर कक्षा प्रारम्भ गर्ने शिक्षकहरू १७.६८ प्रतिशत निम्न, ५१ प्रतिशित मध्यम र ३४.३४ प्रतिशत उत्तम, त्यस्तै पाठप्रति रुचि जागरण गर्ने १७.६७ प्रतिशत निम्न, ६७.६८ प्रतिशत मध्यम र १७.६८ प्रतिशत उत्तम, कक्षा व्यवस्थापनमा ५० प्रतिशत मध्यम र ५१ प्रतिशत उत्तम देखिन्छ । विद्यार्थी सहभागिता भने ८४.३४ प्रतिशत उत्तम र १७.६८ प्रतिशत मध्यम रहेको कक्षा

अवलोकनले देखाएको छ । उक्त तथ्याङ्कबाट पूर्वपाठमा आधारित गराउँदै नयाँ पाठको प्रारम्भ गर्दा शिक्षण प्रभावकारी हुने हुँदा यसतर्फ क्रियाशील हुन आवश्यक देखिन्छ ।

**तालिका १२**

**पाठको प्रस्तुतीकरण**

| क्र.सं. | पाठको प्रस्तुतीकरण | निम्न | मध्यम | उत्तम | अत्युत्तम | कैफियत |
|---|---|---|---|---|---|---|
| क) | विषयवस्तुको ज्ञान | – | ३४.३४% | ६७.६८% | – | |
| ख) | विषयवस्तुको पर्याप्तता | – | ३४.३४% | ६७.६८% | – | |
| ग) | पाठको क्रमबद्धता | १७.६८% | ३४.३४% | ५१% | – | |
| घ) | उदाहरणको उपयुक्तता | – | ८४.३४% | १७.६८% | – | |
| ङ) | भाषिक सिपको स्तरयुक्त प्रयोग | १७.६८% | ८४.३४% | – | | |

पाठहरूको प्रस्तुति कसरी गर्ने भन्ने सवालमा निर्देशिकामा निर्देशनहरू दिएको हुन्छ । शिक्षक निर्देशिकाले उद्देश्य, सामग्री र विधि प्रयोग प्रभावकारी रूपमा गर्नका लागि उपयुक्त पाठयोजना बनाउन निर्देश गरेको हुन्छ । विषयवस्तुको ज्ञान विना कक्षामा पाठको प्रस्तुति प्रभावकारी हुँदैन । रोचक तथा प्रभावकारी रूपमा पाठको प्रस्तुति गर्नका लागि शिक्षक विषयवस्तुको ज्ञानमा पोख्त हुनुपर्दछ । यस सवालमा ३४.३४ प्रतिशत निम्न तथा ६७.६८ प्रतिशतको उत्तम प्रस्तुति रहेको तथ्याङ्कले देखाएको छ । विषयवस्तुको पर्याप्तताको अवस्था पनि राम्रो रहेको पुष्टि ३४.३४ प्रतिशत मध्यम तथा ६७.६८ प्रतिशत उत्तम रहेको तथ्यले गरेको छ । पाठलाई क्रमबद्ध गर्दै लैजाने सवालमा १७.६८ प्रतिशत निम्न, ३४.३४ प्रतिशत मध्यम र ५१ प्रतिशत उत्तम रूपमा पाठलाई निरन्तर एवम् क्रमबद्ध गरेको देखिन्छ । यसैगरी ८४.३४ प्रतिशत मध्यम र १७.६८ प्रतिशत उत्तम रूपमा उदाहरण प्रस्तुत गरेको तथ्याङ्क पाइयो । नेपाली भाषा शिक्षकले भाषिक सिपको स्तरयुक्त प्रयोग गर्नेतर्फ सचेत रहनुपर्ने हुन्छ । यस सम्बन्धमा प्राप्त तथ्याङ्कलाई हेर्दा १७.६८ प्रतिशत निम्न र ८४.३४ प्रतिशत मध्यम रहेको देखिएको छ । भाषिक सिपको स्तरयुक्त कार्यकलाप भएको देखिन्छ ।

## तालिका १३

## शिक्षक र विद्यार्थी क्रियाकलाप

| क्र.सं. | शिक्षक/विद्यार्थी क्रियाकलाप | निम्न | मध्यम | उत्तम | अत्युत्तम | कैफियत |
|---|---|---|---|---|---|---|
| क) | निर्देशिकाको उद्देश्यपूर्तिमा सहायक | ३४.३४% | ५१% | १७.६८% | – | |
| ख) | शब्दार्थ सम्बन्धी कठिनाइहरूको निवारण | – | ५१% | ५१% | – | |
| ग) | विषयवस्तुअनुसार हाउभाउ | – | ५१% | ५१% | – | |
| घ) | प्रश्नोत्तरको उपयुक्तता | – | ३४.३४% | ६७.६८% | – | |
| ङ) | प्रश्नोत्तर | – | ८४.३४% | १७.६८% | | |
| च) | विद्यार्थीलाई प्रोत्साहन | १७.६८% | ३४.३४% | ५१% | | |
| छ) | विद्यार्थी सक्रियता | १७.६८% | १७.६७% | ६७.६८% | | |
| ज) | निर्देशिकाको निर्देशन पालना | ८४.३४% | – | १६.६७% | | |
| झ) | अनुशासन | – | १७.६८% | ८४.३४% | | |
| ञ) | विद्यार्थी सङ्ख्या | – | – | १००% | | |

मूलरूपमा शिक्षक निर्देशिका शिक्षण क्रियाकलापलाई विद्यार्थीकेन्द्रित र क्रियाकलापमुखी बनाउनका लागि शिक्षकलाई शिक्षण कौशलको निर्देश गर्नका लागि बनाइएको हुन्छ । शिक्षण सिकाइको मेरुदण्ड नै शिक्षक विद्यार्थी क्रियाकलाप हो । यस सन्दर्भमा निर्देशित विद्यालयको कक्षा अवलोकनबाट निर्देशिकाको उद्देश्यपूर्तिमा सहायक हुने गरी शिक्षण गर्ने ३४.३४ प्रतिशत निम्न, ५१ प्रतिशत मध्यम र १७.६८ प्रतिशत उत्तम खालका शिक्षक पाइयो । त्यस्तै शब्दार्थ सम्बन्धी कठिनाइहरूको निवारण सम्बन्धमा ५१ प्रतिशत मध्यम तथा ५१ प्रतिशत उत्तम, विषयवस्तुअनुसार हाउभाउ ५१ प्रतिशत मध्यम र ५१ प्रतिशत उत्तम, प्रश्नोत्तरको उपयुक्तता ६७.६८ उत्तम तथा ३४.३४ प्रतिशत मध्यम खालको पाइयो । कक्षामा विद्यार्थी सक्रियता गराउनका लागि बीचबीचमा प्रश्नोत्तर गरी कक्षा कार्यकलाप सञ्चालन गर्ने ८४.३४ प्रतिशत मध्यम १७.६८ प्रतिशत उत्तम तरिका अपनाएर शिक्षण गरेको प्राप्त तथ्याङ्कले देखाउँछ । कक्षा कार्यकलाप रोचक बनाउन अर्को महत्त्वपूर्ण पक्ष विद्यार्थीलाई प्रोत्साहन हो । यस सम्बन्धमा १७.६८ प्रतिशत निम्न, ३४.३४ प्रतिशत मध्यम र ५१ प्रतिशत उत्तम रहेको तथ्याङ्कले देखाएको छ ।

शिक्षक निर्देशिकाको प्रभावकारी प्रयोगका लागि यसको प्रयोगमा शिक्षक सचेत हुनुपर्ने हुन्छ । शिक्षकले शिक्षक निर्देशिकामा दिइएको निर्देशन अध्ययन गरी पालना गर्नुपर्ने हुन्छ । यस सम्बन्धमा ८४.३४ प्रतिशत निम्न, १७.६८ प्रतिशतले उत्तम रूपमा प्रयोग गरेको देखिएकाले शिक्षकले शिक्षक निर्देशिका पालना गर्ने तर्फ क्रियाशील हुनुपर्ने तर्फ प्राप्त तथ्यले निर्देश गरेको छ । अनुशासन शिक्षण क्रियाकलापको महत्त्वपूर्ण पाटो हो । कक्षावातावरण अनुशासित भएन भने शिक्षण सिकाइ क्रियाकलाप निरर्थक बन्न जाने हुन्छ । यस सम्बन्धी अवलोकनबाट प्राप्त ८४.३४ प्रतिशत उत्तम तथा १७.६८ प्रतिशत मध्यम अवस्था रहेको तथ्याङ्कले पुष्टि गर्दछ । शिक्षक विद्यार्थी क्रियाकलापमा प्रभाव पार्ने अर्को पक्ष विद्यार्थी सङ्ख्या हो । विद्यार्थी सङ्ख्या अत्याधिक रहेको अवस्थामा शिक्षण सिकाइ कार्य अपूर्ण बन्न सक्छ । यसर्थ एउटा कक्षामा बढीमा ५१ जनासम्मको विद्यार्थी रहनु पर्ने मान्यतालाई आत्मसात् गर्दै सोही अनुसार व्यवस्था गरी शिक्षण क्रियाकलाप गरिनु पर्दछ । यस सम्बन्धमा विद्यालयहरूको अवस्था उत्तम रहेको कुरा १०० प्रतिशत उत्तममा प्राप्त तथ्याङ्कबाट पुष्टि हुन्छ ।

**तालिका १४**

**शिक्षण विधिको प्रयोग**

| क्र.सं. | शिक्षण विधिको प्रयोग | निम्न | मध्यम | उत्तम | अत्युत्तम | कैफियत |
|---|---|---|---|---|---|---|
| क) | प्रश्नोत्तर | १७.६८% | १७.६७% | ६७.६८% | – | |
| ख) | छलफल | ३४.३४% | ६७.६८% | – | – | |
| ग) | लेखन अभ्यास | १००% | – | – | – | |
| घ) | व्याख्यान | – | १७.६८% | ८४.३४% | – | |
| ङ) | प्रदर्शन | ८४.३४% | – | १७.६८% | – | |
| च) | हाउभाउ | – | ५१% | ५१% | – | |

कक्षा शिक्षणमा शिक्षणलाई रोचक, प्रभावकारी एवम् उत्प्रेरणामूलक बनाउनका लागि पाठ अनुरूप शिक्षण विधि कुन रूपमा कसरी अपनाउने भन्ने कुरामा शिक्षकहरू स्पष्ट हुनु आवश्यक हुन्छ । निर्देशिकाले शिक्षण विधिका सम्बन्धमा स्पष्ट रूपमा उल्लेख गरेको छ । शिक्षण क्रियाकलापलाई प्रभावकारी, चिरस्थायी र रोचक बनाउनका लागि भाषा शिक्षणका क्रममा देखिएका विद्यार्थी केन्द्रित नवीनतम विधिको अधिकतम प्रयोग गर्नु आजको

आवश्यकता हो । यस तथ्यलाई हेर्दा प्रश्नोत्तर विधि प्रयोग गर्ने १७.६८ प्रतिशत निम्न, १७.६७ प्रतिशत मध्यम र ६७.६८ प्रतिशत उत्तम रहेको देखिन्छ । यसैगरी छलफल विधिका सवालमा ३४.३४ प्रतिशत निम्न, ६७.६८ प्रतिशत मध्यम अवस्था रहेको देखिन्छ भने लेखन अभ्यासमा भने १०० प्रतिशत निम्न अवस्था पाइनुले हाम्रा विद्यालयका विषय शिक्षकहरूलाई शिक्षक निर्देशिकाको महत्त्वका बारेमा सुसुचित गराउनु पर्ने आवश्यकता देखिएको छ । व्याख्यान विधि प्रयोग गर्ने तर्फको तथ्य अध्ययन गर्दा ८४.३४ प्रतिशत उत्तम देखिनुले व्याख्यान विधिले नै प्रभावकारिता पाइरहेको अवस्था देखिन्छ भने प्रदर्शन विधिको प्रयोग पनि निम्न हुने गरेको ८४.३४ प्रतिशत निम्न, १७.६८ प्रतिशत उत्तम अवस्था रहेको तथ्याङ्कले प्रमाणित गर्दछ । हाउभाउका साथ कक्षालाई रोचक बनाएर पढाउनेहरूको सङ्ख्या भने सन्तोषजनक रहेको ५१ प्रतिशत मध्यम तथा ५१ प्रतिशत उत्तम तथ्याङ्कले देखाउँछ ।

**तालिका १५**

**शैक्षिक सामग्री प्रयोगको स्थिति**

| क्र.सं. | कालोपाटी तथा अन्य शैक्षिक सामग्रीको प्रयोग | निम्न | मध्यम | उत्तम | अत्युत्तम | कैफियत |
|---|---|---|---|---|---|---|
| क) | उद्देश्य प्राप्तिमा सहायक | – | ५१% | ५१% | – | |
| ख) | स्पष्ट देखिने र बुझ्ने | – | ५१% | ५१% | – | |
| ग) | शब्दपत्ती, वाक्यपत्तीको प्रयोग | ८४.३४% | १७.६८% | – | – | |
| घ) | पाठसँग सम्बन्धित तालिका र नमुनाको प्रयोग | ८४.३४% | १७.६८% | – | – | |
| ङ) | कालोपाटीको प्रयोग | – | ३४.३४% | ६७.६८% | – | |
| च) | पाठको विषयवस्तु सम्बन्धी सूची र बुँदाको प्रयोग | ६७.६८% | ३४.३४% | – | – | |
| छ) | स्थानीय सामग्रीको प्रयोग | ८४.३४% | १७.६८% | – | – | |

माथिको तालिका अध्ययन गर्दा कालोपाटी तथा अन्य शैक्षिक सामग्रीको प्रयोगको सन्दर्भमा उद्देश्य प्राप्तिमा सहाय भए/नभएको विश्लेषण गर्दा ५१ प्रतिशत उत्तम र ५१

प्रतिशत मध्यम खालको देखियो । त्यस्तै स्पष्ट देखिने र बुझिने सामग्री प्रयोग गर्ने शिक्षकहरूको सङ्ख्यामा ५१ प्रतिशत उत्तम र ५१ प्रतिशत मध्यम पाइयो । शिक्षण सिकाइको क्रममा शब्दपत्ती तथा वाक्यपत्तीको प्रयोगमा न्यूनता देखियो । त्यसैगरी पाठसँग सम्बन्धित तालिका र नमुनाको प्रयोग गर्दा पनि गोजीतालिका, फलाटिनबोर्ड जस्ता सामग्रीको प्रयोग नगरी भित्तामा टाँसेर र कालोपाटी नै प्रयोग गरेर ८४.३४ प्रतिशतले निम्न र १७.६८ प्रतिशत मध्यम तरिकाले प्रयोग गरेको पाइयो । कालेपाटी प्रयोग गर्ने शिक्षकहरूमा ६७.६८ प्रतिशत उत्तम र ३४.३४ प्रतिशतले मध्यम रूपमा कालोपाटीको प्रयोग गरेको तथ्याङ्कले देखाएको छ । पाठको विषयवस्तु सम्बन्धी सूची र बुँदाको प्रयोग गर्दा ६७.६८ प्रतिशत निम्न र ३४.३४ प्रतिशत मध्यम तरिकाले प्रयोग गर्न सफल देखियो । निर्देशिकाले स्थानीय सामग्रीको प्रयोगमा जति जोड दिएको छ सो अनुसार शिक्षकहरूले प्रयोगमा ल्याउन चाहेको देखिँदैन । स्थानीय सामग्री प्रयोग ८४.३४ प्रतिशतले निम्न, १७.६८ प्रतिशतले मध्यम रूपमा गरेको तथ्याङ्क पाइयो । यस तथ्याङ्कबाट हाम्रा विद्यालयहरूमा नेपाली विषयप्रति रहेको हेयको दृष्टिकोण प्रमाणित भएको छ । अतः नेपाली भाषालाई पनि शैक्षिक सामग्री आवश्यक पर्छ र भन्ने सोचलाई विस्थापित गर्न सम्बन्धित पक्षको ध्यान जानु पर्ने देखिन्छ ।

**तालिका १६**

**मूल्याङ्कन**

| क्र.सं. | मूल्याङ्कन | निम्न | मध्यम | उत्तम | अत्युत्तम | कैफियत |
|---|---|---|---|---|---|---|
| क) | निरन्तर विद्यार्थी मूल्याङ्कन | ५१% | – | ५१% | – | |
| ख) | उद्देश्य प्राप्तिमा सहायक | – | ५१% | ५१% | – | |
| ग) | शिक्षण विधिमा विविधता | ३४.३४% | ६७.६८% | – | – | |
| घ) | कक्षाकार्य | ६७.६८% | ३४.३४% | – | – | |
| ङ) | प्रश्नोत्तर | १७.६८% | १७.६८% | ६७.६७% | – | |
| च) | गृहकार्य | १७.६८% | ३४.३४% | ५१% | – | |

शिक्षण सिकाइ कार्यको सफलता वा असफलता जाँच्ने बलियो आधार निरन्तर मूल्याङ्कन नै हो । निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रियाको मुख्य उद्देश्य भनेकै अध्ययन अध्यापनसँगै विद्यार्थीको सिकाइको स्तर पत्ता लगाई कम सिकेका विद्यार्थीहरूका लागि सुधारात्मक शिक्षण वा व्यक्तिगत रूपमा विशेष ध्यान दिई सिक्न प्रोत्साहन गर्नु हो । यसका लागि उसमा अन्तरनिहित ज्ञान, बोध र अभिव्यक्ति सिपको निरन्तर मापन तथा लेखाजोखा हुन आवश्यक छ । उसले सैद्धान्तिक तथा प्रयोगात्मक रूपमा हासिल गरेको विषयवस्तुका विभिन्न पक्षका आधारमा उसको व्यवहार परिवर्तन गर्न केन्द्रित गर्ने मूल्याङ्कन नै निरन्तर विद्यार्थी मूल्याङ्कन हो । त्यसका आधारमा यसको सिर्जनात्मक कार्यप्रतिको लगाव निर्धारण हुने गर्दछ । यसर्थ निरतर विद्यार्थी मूल्याङ्कनका लागि सबै निकायले आ-आफ्नो भूमिका निर्वाह गर्नु जरुरी हुन्छ । शिक्षक निर्देशिकाले पनि निरन्तर मूल्याङ्कनको सवालमा विशेष ध्यान पुऱ्याएको देखिन्छ ।

शिक्षकहरूले निरन्तर मूल्याङ्कन गर्ने सवालमा ५१ प्रतिशतले निम्न र ५१ प्रतिशतले उत्तम रूपमा गरेको, निर्देशिकाको उद्देश्य प्राप्तिमा सहायक हुने ५१ प्रतिशत मध्यम, ५१ प्रतिशत उत्तम साधन प्रयोगमा ल्याइएको दखियो । शिक्षण विधिमा विविधता हुने खालका ३४.३४ प्रतिशत निम्न, ६७.६८ प्रतिशत मध्यम मूल्याङ्कन विधि अपनाउनुका साथै मूल्याङ्कन कै क्रममा कक्षाकार्य गराउने शिक्षकहरू ६७.६८ प्रतिशत निम्न, ३४.३४ प्रतिशत मध्यम देखिएका छन् । बोलीको स्पष्टताको मूल्याङ्कन गर्ने क्रममा उचित समयमा प्रश्नोत्तर प्रयोग गर्दै शिक्षण गर्नेहरूको सङ्ख्या भने १७.६८ प्रतिशत निम्न, १७.६८ प्रतिशत मध्यम र ६७.६८ प्रतिशत उत्तम रहेको देखियो । शिक्षण सिकाइ प्रक्रियाको अन्त्यमा गृहकार्यका माध्यमबाट मूल्याङ्कन गर्ने शिक्षकहरूमा १७.६८ प्रतिशत निम्न, ३४.३४ प्रतिशत मध्यम र ५१ प्रतिशत उत्तम देखिन्छ । उल्लेखित तथ्याङ्कले हाम्रा विद्यालयहरूमा कक्षाकार्य, प्रश्नोत्तर, गृहकार्य आदि विधि मार्फत उत्तम रूपमा मूल्याङ्कन गरिन्छ भने निरन्तर विद्यार्थी मूल्याङ्कन मध्यम रूपमा अपनाइने गरेको देखिन्छ ।

कक्षा अवलोकनका आधारमा प्राप्त गरिएको तथ्याङ्कले निम्न माध्यमिक तह (कक्षा ७) को नेपाली विषयको शिक्षक निर्देशिका उक्त तहका विद्यालयहरूमा प्रभावकारी सन्दर्भ सामग्री भएको देखाउँछ तापनि शिक्षकको समय अभाव, निर्देशिका समयमा उपलब्ध नहुने, निर्देशिका प्रयोग सम्बन्धी तालिमको व्यवस्था नगरिनु, नेपाली भाषा शिक्षणलाई तल्लो

दर्जाको रूपमा हेरिनु, सम्बन्धित निकायबाट प्रभावकारी अवलोकन तथा अनुगमन नहुनु आदि विविध कारणले प्रयोगमा ल्याउन समस्या रहेको तथ्यले देखाएको छ । यसलाई प्रभावकारी बनाउनका लागि हिमाल, पहाड, तराइका विभिन्न कुना कन्दरामा यथासम्भव समयमै निर्देशिका उपलब्ध हुनसक्ने गरी नीति निर्माण गर्न सम्बन्धित पक्षको ध्यान जानुपर्ने देखिन्छ । समय समयमा शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिता सम्बन्धमा कार्यशाला, गोष्ठी गरी विषयविज्ञ, शिक्षक तथा सरोकारवालाहरूसँग रायसुझाव सङ्कलन गरी समय सापेक्ष परिमार्जन, संशोधन गर्न सकेमा यसको प्रभाकारिता बृद्धि हुने देखिन्छ । साथै गाउँस्तरमा रहने स्रोतकेन्द्र मार्फत निर्देशिकाको प्रयोग र प्रभावकारिता सम्बन्धी तालिम, गोष्ठी, छलफल, अन्तरक्रिया आदि कार्यहरू सञ्चालन गर्न सकेमा यसको महत्त्व झनै सुनिश्चित भई गुणस्तरीय शिक्षामा सफलता मिल्ने देखिन्छ ।

### ४.५.१ सारांश

१. प्रस्तुत परिच्छेदमा ठीक/बेठीक प्रश्नावली मार्फत प्रधानाध्यापक तथा शिक्षकहरूबाट प्राप्त तथ्यलाई निम्न माध्यमिक तह (कक्षा ७) को नेपाली विषयको शिक्षक निर्देशिकालाई पाठ्यक्रम तथा पाठ्य पुस्तक अनुरूपता, आवश्यकता/प्राप्यता, प्रयोग/प्रभावकारिता जस्ता विविध पक्षका आधारमा तालिका मार्फत विश्लेषण गरिएको छ ।

२. बहुवैकल्पिक प्रश्नहरू मार्फत व्यावहारिकता/प्राप्यता, विधागत सन्तुलन, क्रियाकलाप, शैक्षिक सामग्रीको अवस्था तथा विविध पक्षका आधारमा विश्लेषण गरिएको छ ।

३. सैद्धान्तिक रूपबाट प्राप्त भएका तथ्याङ्कहरूले कक्षाकोठामा कतिहदसम्म व्यावहारिकता पाएको छ भन्ने सवालमा अवलोकन फारामको प्रयोग भएको थियो । त्यसबाट प्राप्त तथ्याङ्कलाई विषयको प्रकृतिअनुसार यसप्रकार विश्लेषण भएको छ :

   क) पाठको प्रारम्भ/सुरुवात

   ख) पाठको प्रस्तुतीकरण

   ग) शिक्षक विद्यार्थी क्रियाकलाप

   घ) शिक्षण विधिको प्रयोग

ङ) शैक्षिक सामग्रीको प्रयोगको स्थिति

च) मूल्याङ्कन

४. निम्न माध्यमिक तह (कक्षा ७) को नेपाली विषयको शिक्षक निर्देशिका उक्त तहका विद्यालयहरूमा प्रभावकारी सन्दर्भ सामग्री भएर पनि शिक्षकको समय अभाव, निर्देशिका समयमै उपलब्ध नहुने, निर्देशिका प्रयोग सम्बन्धी गोष्ठी सञ्चालन नहुनु, नेपाली भाषा शिक्षणलाई हेयको दृष्टिले हेर्ने प्रवृत्ति रहनु आदि समस्या व्याप्त रहेको देखिन्छ ।

५. नं ४ को समस्या समाधानमा सम्बद्ध सरोकारवालाहरूको ध्यान जानु आवश्यक देखिएको छ ।

# अध्याय : पाँच

# सारांश, निष्कर्ष, सुझाव र उपयोगिता

## ५.१ सारांश

प्रस्तुत अध्ययनमा उदयपुर जिल्लाका भलायडाँडा र पञ्चावती गा.वि.स. का नि.मा.वि. तहका विद्यालय (कक्षा ७) मा निर्देशिका प्रयोगको अवस्था के कस्तो रहेको छ भन्ने कुरा पत्ता लगाउन विभिनन प्रकारका सूचना सङ्कलनका साधन तथा विधिहरू प्रयोग गरिएको थियो । त्यस्ता साधन तथा विधिहरूबाट प्राप्त सूचनालाई विभिन्न आधारमा व्याख्या, विश्लेषण र छलफल गरी निस्केको विवरणलाई तालिकामा प्रस्तुत गरिएको छ ।

पाठ्यक्रम, पाठ्य पुस्तकअनुरूप शिक्षक निर्देशिका तयार भए/नभएको पत्ता लगाउन भाषा पाठ्यक्रम, भाषा पाठ्यत्रपुस्तक र निर्देशिका बिचको सम्बन्ध केलाई निर्देशिका पाठ्यक्रम र पाठ्य पुस्तक एक्लाएक्लै अस्तित्वमा आउन सक्दैनन्, यिनीहरूको छुट्टाछुट्टै प्रयोग सधैं अपुरो र अधुरो हुन्छ, त्यसैले सफल र प्रभावकारी शिक्षणका लागि पाठ्यक्रम पाठ्य पुस्तकअनुरूप निर्देशिका तयार हुनुपर्दछ र तयार भएको पनि पाइन्छ ।

उदयपुर जिल्लामा भयालडाँडा र पञ्चावती गा.वि.स. का सरकारी र निजी विद्यालयमा निर्देशिका प्रयोगको अवस्था पत्ता लगाउन शिक्षक प्रश्नावली फाराम निर्माण गरिएको थियो । त्यस फाराममा प्राप्त प्रतिक्रियाको विवरणलाई विश्लेषण गर्दा उदयपुर जस्तो भित्र मधेशका जिल्लामा निर्देशिका समयमै नपुग्ने, निर्देशिका ढिला गरी पुगी हाले पनि सरकारी विद्यालयका शिक्षकहरू निर्देशिका प्रयोगबारे अनभिज्ञ देखापर्नु आदि कारणले सरकारी विद्यालयमा निर्देशिका प्रयोगको त्यति प्रभाव नभएको देखिन्छ भने निजी विद्यालयले बजारमा आफ्नो प्रतिस्पर्धा गर्ने हेतुले सरकारी स्तरका किताबहरू कमै प्रयोग गरेको पाइयो भने निर्देशिका पनि आफ्नै पनि आफ्नै तरिकाले प्रयोग गरिएको देखियो ।

उदयपुर जिल्लाका सबैजसो विद्यालयमा निर्देशिका ढिलो गरी पुगे पनि त्यसको प्रयोग शिक्षकले कक्षामा कतिको गर्दछन् त भनी कक्षा अवलोकन गरिएको थियो । शिक्षणका क्रममा शिक्षकहरूको कक्षा अवलोकन फाराम भरेर निर्देशिका दैनिक रूपमा प्रयोग गरे/नगरेको निर्देशिकाले सिफारिस गरेका शिक्षण सामग्री, शिक्षण विधि, शिक्षण

क्रियाकलाप र मूल्याङ्कनका तरिका आदि प्रयोग गरे/नगरेको विषयमा अध्ययन गर्दा सरकारी विद्यालयका केही तालिम प्राप्त शिक्षकले मात्र निर्देशिका प्रयोग गरेर शिक्षण गरेको पाइयो भने निजी विद्यालयले आफ्नै प्रकारको निर्देशिका निर्माण गरी प्रयोग गर्ने गरेको भेटियो ।

## ५.२ निष्कर्ष

प्रस्तुत अध्ययनमा नेपाली शिक्षक निर्देशिका (कक्षा ७) को प्रभावकारी प्रयोगमा प्रधानाध्यापक तथा विषय शिक्षकको भूमिका ठम्याउनुका साथै नेपाली भाषा शिक्षणमा शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारितामा देखापरेका समस्याहरू खोजी गरी निम्न माध्यमिक तह (कक्षा ७) को नेपाली शिक्षक निर्देशिकाको प्रभावकारी प्रयोग गर्दै भाषा शिक्षणलाई समय सापेक्ष बनाउनका लागि सुझाव प्रस्तुत गर्ने प्रमुख उद्देश्य रहेका थिए । यस उद्देश्य परिपूर्तिका निम्ति मूल रूपमा क्षेत्रीय अध्ययन विधि र प्राप्त सामग्रीको विश्लेषणका निम्ति पुस्तकालयीय विधिको पनि अवलम्बन गरिएको छ ।

यसरी उदयपुर जिल्ला भलायडाँडा र पञ्चावती गाँउ विकास समितिका निम्न माध्यमिक तह (कक्षा ७) मा नेपाली विषयको शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिताको अध्ययन शीर्षकमा गरिएको शोधकार्यबाट निम्न लिखित निष्कर्ष प्राप्त हुन आएका छन् :

१. यस अनुसन्धान कार्यमा उदयपुर जिल्ला अन्तर्गत निर्दिष्ट क्षेत्रभित्रका ४ उच्च माध्यामिक विद्यालय, १६ निम्न माध्यमिक विद्यालय गरी जम्मा २० ओटा विद्यालय अनुसन्धान कार्यका लागि छनोट गरिएको थियो ।
२. यसमा कुल २० ओटा विद्यालयका प्रधानाध्यापक २० जना तथा सम्बन्धित विद्यालयका २० जना नेपाली विषयका शिक्षकहरूलाई प्रतिनिधि जनसङ्ख्या मानिएको थियो ।
३. यस अध्ययनमा पाठ्यक्रम, पाठ्पुस्तक अनुरूपताका आधारमा नेपाली शिक्षक निर्देशिका (कक्षा ७) को अध्ययन गरिएको छ । अध्ययनबाट उक्त निर्देशिका पाठ्यक्रम र पाठ्य पुस्तक अनुरूप तयार भएको देखियो ।
४. आवश्यकताका आधारमा हेर्दा शिक्षक निर्देशिका सवै विषय शिक्षकका लागि अति आवश्यक रहेको सावित भएको छ ।

५. प्राप्यताका आधारमा हेर्दा शिक्षक निर्देशिका सवै विद्यालयहरूमा समयमा पुग्न नसकेको पाइयो ।

६. प्रयोगको दृष्टिले हेर्दा प्रायः विद्यालयहरूले निर्देशिका प्रयोग नगरेको अवस्था देखियो ।

७. भाषा शिक्षणलाई प्रभावकारी बनाउन निर्देशिकामा दिइएका निर्देशनअनुसार कक्षा सञ्चालन हुनुपर्ने देखियो ।

८. निर्देशिकाले पाठ्यक्रम र पाठ्य पुस्तकका उद्देश्य अनुसार शिक्षण गर्न मार्ग प्रदान गरेको छ ।

९. भाषाका चार सिप (सुनाइ, बोलाइ, पढाइ, लेखाइ) शिक्षणका लागि निर्देशिका उपयोगी देखिएको छ ।

१०. कार्यमूलक व्याकरण शिक्षणका लागि पनि निर्देशिका सचेत देखिन्छ ।

११. नेपाली भाषा पाठ्यक्रम कार्यन्वयनका लागि निर्देशिका अत्यावश्यक सामग्री हुने देखिन्छ ।

१२. शिक्षकहरूलाई आफ्नो शिक्षण कौशल प्रदर्शन गर्न उपयोगी साथी बन्ने देखिन्छ ।

१३. यसले पाठको प्रकृति र स्वरूप अनुसार पाठ्यवस्तु छनोट, शिक्षण विधिको चयन र प्रयोग गर्न मार्ग निर्देशन गरेको छ ।

१४. निर्देशिका पाठ्यक्रम र पाठ्य पुस्तकको प्रयोगलाई सहज र व्यावहारिक बनाई सहभागितामूलक शिक्षण कार्यकलापका लागि महत्त्वपूर्ण साधन सावित भएको छ ।

१५. शिक्षक निर्देशिका विद्यालयमा उपलब्ध गराउनमा प्रधानाध्यापकको भूमिका महत्त्वपूर्ण हुने देखिन्छ ।

१६. समुचित र सन्तुलित रूपमा निर्देशिकाको प्रयोग गरेमा शिक्षण सिकाइ प्रक्रियालाई उद्देश्यपूर्ण, व्यावहारिक र योजनाबद्ध बनाउन सकिन्छ ।

१७. निर्देशिका प्रयोगबाट शिक्षकले शिक्षण कौशल अभिबृद्धि गरी पेशागत दक्षता हासिल गर्न सक्ने देखिन्छ ।

१८. शिक्षक निर्देशिकाको अध्ययनबाट कुनै पनि कुराको सिलसिला बुझ्ने त्यसप्रति तार्किक ढङ्गले चिन्तन मनन र विश्लेषण गर्ने बानीको विकास हुन्छ ।

१९. विद्यालयका प्रधानाध्यापक तथा विषय शिक्षकहरू सजग भएमा समयमा निर्देशिका उपलब्ध हुन सक्ने देखिन्छ ।

२०. देशव्यापी रूपमा शिक्षणीय एकरूपता ल्याउन निर्देशिका उपयोगी साधन बन्न सक्ने देखिन्छ ।

२१. नेपाली भाषा शिक्षणमा रोचक प्रकारका आभ्यासात्मक कार्यकलापहरू मार्फत विविधतामूलक आकर्षण थपी भाषा शिक्षणका उद्देश्यहरूलाई जीवन्त बनाउने सवालमा शिक्षक निर्देशिका महत्त्वपूर्ण सामग्री साबित भएको छ ।

२२. शिक्षण सिकाइ प्रक्रियाको प्रमुख आधार वा मार्गनिर्देशक पाठ्यक्रम हो र पाठ्यक्रम कै प्रभावकरी कार्यान्वयनका लागि पाठ्य पुस्तक र शिक्षक निर्देशका लगायत अन्य शिक्षण स्रोत सामग्रीको समुचित उपयोग अपरिहार्य देखिन्छ ।

२३. शिक्षक निर्देशिकाको समुचित प्रयोग नभइरहेको अवस्था पाइयो । साथै शिक्षकहरूमा यसको महत्त्व बुझेर प्रयोग/उपयोग गर्ने कौशलताको अभाव देखियो ।

## ५.३ सुझाव

प्रस्तुत शोधपत्रबाट प्राप्त परिणामका आधारमा शिक्षक निर्देशिकाको प्रभावकारी प्रयोगका लागि निम्नलिखित सुझाव प्रस्तुत गरिएको छ :

१. निर्देशिका सहजरूपमा सबै विद्यालय तथा शिक्षकहरूले प्राप्त गर्नसक्ने वातावरण सिर्जना गर्न तर्फ सम्वन्धित पक्षको ध्यान जानु आवश्यक छ ।

२. विद्यालयमा कार्यरत प्रधानाध्यापक तथा शिक्षकहरूलाई भाषा शिक्षणसम्वन्धी तालिम दिंदा शिक्षक निर्देशिकाको प्रयोग र उपयोगसम्वन्धी तालिम दिनु आवश्यक देखिन्छ ।

३. शिक्षक निर्देशिकाको प्रभावकारिता र प्रयोग सम्वन्धमा नेपाली भाषा विषयक गोष्ठीहरूको आयोजना गरी यस सम्वन्धमा व्यापक खोज अनुसन्धान गरिनु पर्दछ ।

४. विद्यालय निरीक्षक तथा स्रोत व्यक्तिद्वारा विद्यालय अनुगमन तथा कक्षा अवलोकन गरी निर्देशिका प्रयोगमा आइपरेका समस्यामा छलफल गरी आवश्यक सल्लाह सुझाव दिनुपर्दछ ।

५. जिल्ला तथा स्रोतकेन्द्र स्तरमा विभिन्न कार्यशाला गोष्ठी आयोजना गरी शिक्षकहरूलाई निर्देशिका प्रयोग सम्बन्धी आवश्यक ज्ञान, सिप प्रदान गर्नुपर्दछ ।

६. विद्यालयको भौतिक अवस्था (कक्षाकोठा, कालोपाटी, फर्निचर आदि) को उचित व्यवस्थापन गर्न सम्वन्धित निकाय एवम् व्यक्तिले तदारुकताका साथ कदम चाल्नु पर्दछ ।

७. नेपाली शिक्षण प्रतिको समाजको नकारात्मक दृष्टिकोणको अन्त्य गर्न नेपाली शिक्षणलाई विशेष प्राथमिकता दिनुपर्ने देखिन्छ ।

८. शिक्षण प्रक्रियामा पाठ्यक्रम, पाठ्य पुस्तक तथा शिक्षण निर्देशिकाको प्रयोग गर्नु पर्ने तर्फ मूलतः भाषा शिक्षकको ध्यान जानुपर्ने देखिन्छ ।

९. शिक्षण सिकाइ प्रक्रियालाई उद्देश्यपूर्ण, योजनाबद्ध र व्यावहारिक बनाउन पाठ्यक्रम, पाठ्य पुस्तक र शिक्षक निर्देशिका वीच अन्योन्याश्रित सम्वन्धका साथ तिनको प्रयोग गरिनु पर्दछ ।

१०. शिक्षक निर्देशिकाको सान्दर्भिकता र व्यावहारिकतासम्वन्धमा बहस र छलफल गरी स्तरीय बनाउने तर्फ ध्यान जानु पर्ने देखिन्छ ।

११. अधिकांश शिक्षकले तालिममा सिकेका कुरा कक्षाकोठामा प्रयोग नगरी परम्परागत (चक एन्ड टक) विधि अपनाउने गरेको पाइएको हुँदा शिक्षक तालिमको प्रभावकारी प्रयोग भए नभएको, शिक्षण सिकाई क्रियाकलापमा देखिएका समस्यालाई निराकरण गर्न, पेशागत सहयोग दिलाउन अनुगमन संयन्त्रको विकास गरी पुरस्कार र दण्डको व्यवस्था गरिनु पर्दछ ।

१२. भाषा शिक्षणको प्रभावकारी कार्यन्वयनका लागि तालिम प्राप्त शिक्षकलाई शिक्षक निर्देशिकाको सामुहिक छलफल गर्न, स्थलगत भ्रमण गर्न, खोज, प्रयोगमा देखिएका समस्या समधानमा केन्द्रित रहन र शैक्षिक सामग्रीको प्रयोग गर्न आवश्यक पृष्ठपोषणको व्यवस्थाका लागि सम्वधित निकायको ध्यान जानुपर्दछ ।

१३. तालिमबाट प्राप्त जोस जाँगर विद्यालयमा फर्केपछि उपयोग गर्ने इच्छाशक्ति भए पनि स्रोत र साधनको अभावले सिकाइ प्रभावकारी हुन नसकेको पाइएको हुँदा स्रोत, साधन जुटाउनेतर्फ सम्बन्धित पक्षको ध्यान जानु पर्ने देखिन्छ ।

१४. शिक्षक निर्देशिका प्रयोगसँग सम्बन्धित समस्याहरूको सहज रूपमा व्यवस्थापन गर्नुका लागि शिक्षक स्वयम्मा मिहिनेत, अध्ययन, लगनशीलता तथा पेशाप्रति

सम्मान गर्दै आफ्नो कार्यक्षेत्रमा इमान्दारिताकासाथ लाग्नु पर्ने देखिन्छ भने विद्यालयले पनि शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन अपनाउन सकिने सम्पूर्ण प्रयासहरू संयुक्त पहलमा गरिनु पर्ने देखिन्छ ।

१५. शिक्षक निर्देशिकाको महत्त्व बुझेर यसको समुचित प्रयोग गर्ने तर्फ शिक्षकहरूको समयमै ध्यान जानु पर्ने देखिन्छ ।

## ५.४ उपयोगिता

अनुसन्धान अफैं एउटा जटिल प्रक्रिया हो । यसको सम्पादन तथ्याङ्कीय सूचनाहरूको विश्लेषणबाट प्राप्त निष्कर्षका आधारमा गरिन्छ । यसरी निष्कर्षबाट सम्बन्धित विषयको सकारात्मक र नकारात्मक पक्षको जानकारी हुनुका साथै समस्या समाधानका उपाय बताउन सजिलो हुन्छ । शोधपत्रमा नेपाली शिक्षक निर्देशिका (कक्षा ७) को प्रयोग र प्रभावकारिताको खोज गरिएको छ । यस अध्ययनको शैक्षिक प्रयोजनलाई बुँदागत रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

१. विद्यालयमा कार्यरत विषय शिक्षकहरूलाई शिक्षण प्रक्रियाका बारेमा मार्गनिर्देश गर्ने हुँदा विषय शिक्षक वा संस्थालाई सहयोग गर्दछ ।

२. शिक्षक निर्देशिकाको प्रभावकारिताका बारेमा विभिन्न आधारबाट गरिएको प्राप्त निष्कर्षले यस क्षेत्रमा सरोकार राख्ने जो कोहीलाई पनि मार्गनिर्देश गर्ने देखिन्छ ।

३. पाठ्य पुस्तकमा समावेश गरिएका विषयवस्तुहरूलाई पाठयोजनाअनुसार सहज रूपमा शिक्षण गर्न शिक्षकहरूलाई प्रेरित गर्दछ ।

४. पाठ्यक्रम र पाठ्य पुस्तकको उद्देश्यअनुसार भाषा शिक्षण गर्न निर्देशिकाको प्रयोग अपरिहार्य रहेको जानकारी दिन्छ ।

५. शिक्षणमा एकरूपता ल्याउन शिक्षक निर्देशिका प्रयोगमा शिक्षकहरूको ध्यान केन्द्रित हुने देखिन्छ ।

६. यस विषयको अध्ययनबाट शिक्षकहरूलाई पाठअनुकूलका सामग्री प्रयोग गरी शिक्षण क्रियाकलापलाई रोचक तथा प्रभावकारी बनाउन प्रेरणा मिल्ने देखिन्छ ।

७. शिक्षकलाई शिक्षण सिकाइ प्रक्रियामा सुधार गर्न मद्धत पुग्दछ ।

८. समसामयिक परिस्थितिमा निर्देशिका प्रयोगका समस्याहरू पहिचान गरी सुधारका लागि मार्गनिर्देश गर्न सक्दछ ।

९. नयाँ शोधार्थीलाई शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिताको थप अध्ययन तथा अनुसन्धान गर्ने प्रेरणा प्राप्त हुने देखिन्छ ।

१०. तालिम अप्राप्त शिक्षकलाई शिक्षाको सिद्धान्तअनुसार शिक्षण सिकाइ क्रियाकलाप गराइ पेशागत दक्षता अभिबृद्धिका लागि सहयोग पुऱ्याउने देखिन्छ ।

११. शिक्षक निर्देशिकाको महत्त्व बुझेर प्रयोग/उपयोग गर्दै शिक्षण सिकाइ क्रियाकलापलाई परिष्कृत र उपलब्धिमूलक बनाउन सहयोगी हुने देखिन्छ ।

### ५.४.१ नीतिगत तह

प्रस्तुत अध्ययनले नीति निर्माणका तहमा निम्नानुसार सहयोग गर्ने देखिन्छ ।

- पाठ्यक्रम तथा पाठ्य पुस्तक परिमार्ज गर्न,
- शिक्षक निर्देशिका परिमार्जन तथा सुधार गर्न,
- पाठ्यक्रम विकास केन्द्रलाई सल्लाह, सुझाव प्रदान गर्न,
- निर्देशिका लेखन र छपाइ कार्यमा सरोकारवाला पक्षलाई सचेत तुल्याउन,
- निर्देशिकामा नयाँ नयाँ शिक्षण विधि र सामग्रीको स्थान दिन,
- निर्देशिकालाई समयमै देशका सबैजसो दुर्गम र पिछडिएका क्षेत्रमा पुऱ्याउन,
- निर्देशिका प्रयोग सम्बन्धमा तालिम दिन सम्बन्धित निकायलाई सचेत बनाउन ।

### ५.४.२ प्रयोगगत तह

प्रस्तुत अध्ययनले प्रयोगगत तहमा निम्नानुसार सहयोग गर्ने देखिन्छ :

- निर्देशिका प्रयोग अनिवार्य बनाउन,
- निर्देशिका प्रयोगमा विद्यालय प्रशासन र शिक्षकहरूलाई सचेत तुल्याउन,
- स्थानीय स्तरमा उपलब्ध शैक्षिक सामग्रीको विकास निर्माण र प्रयोगमा सहयोग पुऱ्याउन ।
- नयाँ नयाँ शिक्षण विधि र सामग्रीको प्रयोग बढाउन,
- शिक्षण सिकाइलाई उद्देश्यमूलक, प्रभावकारी र व्यवस्थित बनाउन,
- पाठ्यक्रम र पाठ्य पुस्तकको उद्देश्य सहज रूपमा पुरा गर्न ।

### ५.४.३ भावी अध्ययनका लागि सम्भावित शीर्षकहरू

शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिता सम्बन्धी प्रस्तुत अध्ययनका क्रममा यस विषयसँग सम्बन्धित अध्ययन हुन बाँकी देखिएका एवम् गर्न नसकिएका अनुसन्धानका भावी शीर्षकहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

१. प्राथमिक विद्यालयहरूमा निर्देशिकाको सुलभताको वर्तमान अवस्थाको अध्ययन ।

२. प्राथमिक विद्यालयहरूमा विधाअनुसार शिक्षक निर्देशिकाको प्रभावकारिताको अध्ययन ।

३. प्राथमिक तह (कक्षा १) को नेपाली विषयको शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिताको अध्ययन ।

४. प्राथमिक तह (कक्षा ३) को नेपाली विषयको शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिताको अध्ययन ।

५. निम्न माध्यमिक तह (कक्षा ६) को नेपाली विषयको शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिताको अध्ययन ।

६. प्राथमिक तहमा निरन्तर मूल्याङ्कनका दृष्टिले नेपाली विषयको निर्देशिकाको अध्ययन ।

७. भाषिक सिप शिक्षणमा नेपाली विषयको शिक्षक निर्देशिका (कक्षा ४) को भूमिकाको अध्ययन ।

८. प्राथमिक तहका नेपाली शिक्षणमा शैक्षिक सामग्री निर्माण/छनौटमा शिक्षक निर्देशिकाको आवश्यकताको अध्ययन ।

९. पाठयोजना निर्माणका लागि निर्देशिकाको महत्त्व सम्बन्धी अध्ययन ।

# सन्दर्भ सामग्री सूची

अधिकारी, केशवती (२०६४), ***निम्न माध्यमिक तह कक्षा ८ को शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिता सम्बन्धी अध्ययन,*** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. कीर्तिपुर : शिक्षाशास्त्र केन्द्रीय विभाग ।

अधिकारी, विष्णु प्रसाद (२०६४), 'शिक्षण सिकाइ प्रक्रियामा सुधारका उपायहरू', ***शिक्षा*** (अर्धवार्षिक शैक्षिक पत्रिका) भक्तपुर : सानोठिमी ।

............................ (२०६७), 'नेपालमा बहुपाठ्य पुस्तक नीतिको आवश्यकता, सम्भावना र चुनौतीहरू', ***शिक्षा*** (अर्धवार्षिक शैक्षिक पत्रिका), भक्तपुर : सानोठिमी ।

अधिकारी, हेमाङ्ग राज (२०६१), ***नेपाली भाषा शिक्षण,*** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

आचार्य, रामजी (२०६२), ***माध्यमिक तहमा शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिता सम्बन्धी अध्ययन,*** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. कीर्तिपुर : शिक्षाशास्त्र केन्द्रीय विभाग ।

खनियाँ, बुद्धराज र अन्य (२०६६), ***नेपाली भाषा शिक्षण,*** काठमाडौं : जुपिटर प्रकाशक तथा वितरक प्रा.लि. ।

गौतम, रमन कुमार (२०६४), ***प्राथमिक तह कक्षा ५ मा शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिता सम्बन्धी अध्ययन,*** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. कीर्तिपुर : शिक्षाशास्त्र केन्द्रीय विभाग ।

घिमिरे, पुण्य प्रसाद (२०६४), 'पाठ्य पुस्तक लेखक र उसको लेखन धरातल', ***शिक्षा*** (अर्धवार्षिक शैक्षिक पत्रिका) भक्तपुर : सानोठिमी ।

ढकाल, शान्ति प्रसाद र खतिवडा तीर्थराज (२०६८), ***नेपाली भाषा र साहित्य शिक्षण,*** काठमाडौं : शुभकामना प्रकाशन प्रा.लि. ।

ढुङ्गेल, भोजराज र दाहाल दुर्गा प्रसाद (२०६४), ***भाषा पाठ्यक्रम, पाठ्य पुस्तक तथा शिक्षण पद्धति,*** काठमाडौं : एम.के. पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

पन्थी, दुर्गा (२०६५), ***निम्न माध्यमिक तह कक्षा ८ मा शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिता सम्बन्धी अध्ययन*** अप्रकाशित स्नातकोत्तर शोधपत्र, काठमाडौं : महेन्द्ररत्न क्याम्पस ।

पाठ्यक्रम विकास केन्द्र (२०६३), ***शिक्षा*** (अर्धवार्षिक शैक्षिक पत्रिका), भक्तपुर : सानोठिमी ।

.................................. (२०६४), ***शिक्षा*** (अर्धवार्षिक शैक्षिक पत्रिका), भक्तपुर : सानोठिमी ।

................................ (२०६४), ***नेपाली (निम्न माध्यमिक तहको) पाठ्यक्रम,*** भक्तपुर : सानोठिमी ।

................................ (२०६५), ***शिक्षा*** (अर्धवार्षिक शैक्षिक पत्रिका*),* भक्तपुर : सानोठिमी ।

................................. (२०६६), ***पाठ्यक्रम तथा पाठ्य पुस्तक प्रबोधीकरण सामग्री,*** भक्तपुर : सानोठिमी ।

................................ (२०६६), ***शिक्षा*** (अर्धवार्षिक शैक्षिक पत्रिका), भक्तपुर : सानोठिमी ।

................................ (२०६७), ***शिक्षा*** (अर्धवार्षिक शैक्षिक पत्रिका), भक्तपुर : सानोठिमी ।

.................................. (२०६७), ***हाम्रो नेपाली किताब शिक्षक निर्देशिका (कक्षा ७),*** भक्तपुर : सानोठिमी ।

................................ (२०६८), ***शिक्षा*** (अर्धवार्षिक शैक्षिक पत्रिका), भक्तपुर : सानोठिमी ।

पौडेल, राजेन्द्र प्रसाद र पण्डित सि.एन. (२०६८), ***अनुसन्धान पद्धति,*** काठमाडौं : प्रज्ञा प्रकाशन प्रा.लि. ।

प्रधान, मीरा (२०६४), ***नेपाली भाषा शिक्षण,*** काठमाडौं : अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन ।

भट्टराई, गणेश प्रसाद (२०६३), 'भाषा शिक्षणमा भाषिक सिप विकासका लागि अपेक्षित पक्ष', ***शिक्षा*** (अर्धवार्षिक शैक्षिक पत्रिका), भक्तपुर : सानोठिमी ।

भट्टराई, राम प्रसाद (२०६८), ***भाषिक अनुसन्धान विधि परिचय र प्रयोग,*** काठमाडौं : शुभकामना प्रकाशन प्रा.लि. ।

भण्डारी, विन्दु (२०६७), 'तालिमबाट प्राप्त ज्ञान, सिपको शिक्षणमा प्रयोग', ***शिक्षा*** (अर्धवार्षिक शैक्षिक पत्रिका), भक्तपुर : सानोठिमी ।

भण्डारी, पारस मणि र अन्य (२०६८), ***भाषिक अनुसन्धान विधि,*** काठमाडौं : पिनाकल पब्लिकेसन प्रा.लि. ।

लम्साल, रामचन्द्र र अन्य (२०६६), ***नेपाली भाषा शिक्षण,*** काठमाडौं : भुँडीपुराण प्रकाशन ।

लामिछाने, यादव प्रकाश (२०५२), ***नेपाली भाषा शिक्षण परिचय,*** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, केदार प्रसाद र पौडेल माधव प्रसाद (२०६०), ***नेपाली भाषा र साहित्य शिक्षण,*** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

.......................... (२०६८), ***नेपाली भाषा शिक्षणका सन्दर्भहरू,*** काठमाडौं : न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

शैक्षिक जनशक्ति विकासकेन्द्र (२०६३), ***नेपाली भाषा शिक्षण प्रशिक्षक निर्देशिका प्रथम मोडल,*** भक्तपुर : सानोठिमी ।

.................................... (२०६३), ***नेपाली भाषा शिक्षण प्रशिक्षक निर्देशिका दोस्रो मोडल,*** भक्तपुर : सानोठिमी ।

....................................(२०६३), ***नेपाली भाषा शिक्षण प्रशिक्षक निर्देशिका तेस्रो मोडल,*** भक्तपुर : सानोठिमी ।

## (परिशिष्ट -१

### प्रश्नावली

शोधार्थी: राम बहादुर केप्छाकी

विद्‌यालयको नाम /ठेगाना: मिति:

शिक्षकको नाम: कक्षा:

शिक्षकलाई सोधिएका प्रश्नहरू शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिता अध्ययन सम्बन्धी एम.एड. तहको शोध प्रयोजनको लागि मात्र तयार पारिएका हुन् । उक्त प्रयोजनका लागि तपाईले वास्तविक तथ्यहरू उपलब्ध गराइदिनुहुन हार्दिक अपिल गर्दछु । प्रश्नावली मार्फत प्राप्त तथ्यहरू अत्यन्त गोपनीयताका साथ राखिनेछ ।

### खण्ड-'क'

निम्न लिखित भनाइका बारेमा चित्त बुझेमा ठिक ☑ र नबुझेमा बेठिक ☒ चिह्न लगाउनुहोस्:

१. निर्देशिका पाठ्‌यक्रम र पाठ्‌य पुस्तक अनुहरू तयार भएको छ । ☐

२. निर्देशिकामा दिइएका निर्देशनअनुसार कक्षा संचालन भएको छ । ☐

३. शिक्षण गर्नु पूर्व निर्देशिका अध्ययन गर्नु आवश्यक छ । ☐

४. निर्देशिकाअनुसार शिक्षण गर्दा प्रभावकारी शिक्षण गर्न सकिन्छ । ☐

५. निर्देशिकामा दिइएका कार्यकलापहरू सबै उपयुक्त र व्यवहारिक छन् । ☐

६. तालिम अप्राप्त शिक्षकका लागि निर्देशिका बढी उपयुक्त छ । ☐

७. पाठ्‌यक्रम र पाठ्‌य पुस्तकले निर्धारण गरेका उद्‌देश्य प्राप्तिका लागि निर्देशिकाले महत्त्वपूर्ण भूमिका खेलेको छ । ☐

८. निर्देशिकामा गृहकार्यलाई पनि उचित ध्यान दिइएको छ । ☐

९. व्याकरण शिक्षण सम्बन्धमा निर्देशिकामा केही उल्लेख छ । ☐

१०. निर्देशिकामा स्थानीय सामग्रीलाई बढी जोड दिइएको छ । ☐

११. भाषिक सिपअनुसार मूल्याङ्कन गर्न खोजीएको छ । ☐

१२. निर्देशिकामा भएका सबै क्रियाकलापहरू पर्याप्त र व्यवहारिक छन् । ☐

१३. निर्देशिकामा पहिलो र पछिल्लो पाठको सह-सम्बन्ध छ । ☐

१४. निर्देशिकाले सृजनात्मक अभ्यासमा बढी जोड दिएको छ । ☐

१५. निर्देशिकामा कागत र छपाइको गुणस्तरमा उचित ध्यान दिइएको छ । ☐

१६. निर्देशिकाको बाह्य आकारप्रकार उपयुक्त देखिन्छ । ☐

१७. निर्देशिका समयमै सम्पूर्ण विद्यालयमा पुगेको छ । ☐

१८. ग्रामीण क्षेत्रमा निर्देशिकाको नाम सुनिएको छ । ☐

१९. भाषाका चार सिप शिक्षणका लागि निर्देशिका उपयोगी छ । ☐

२०. निर्देशिकाको अनुसरण नगर्दा पनि शिक्षण प्रभावकारी हुन्छ । ☐

२१. शिक्षक निर्देशिकाले पाठ्यक्रमको उद्देश्य पूरा गर्न ठोस भूमिका खेलेको देखिदैन । ☐

२२. निर्देशिका विद्यालयमा समयमै उपलब्ध गराउन प्रधानाध्यापकको भूमिका महत्त्वपूर्ण रहन्छ । ☐

## खण्ड-'ख'

तपाईंलाई उपयुक्त लागेको विकल्पमा ठीक ✓ चिह्न लगाउनुहोस्:

१. शिक्षक निर्देशिकाको बारेमा जानकारी छ ?

क) छ  ख) छैन  ग) थाहा छैन

२. तपाईको विद्यालयमा निर्देशिका समयमै प्राप्त हुन्छ ?

क) प्राप्त हुन्छ  ख) प्राप्त हुँदैन  ग) केही थाहा छैन

३. तपाईले निर्देशिका अननुसार शिक्षण गर्नुहुन्छ ?

क) गर्दछु  ख) कठिन  ग) गरेको छैन

४. निर्देशिका अनुसार शिक्षण गर्दा तपाइले कस्तो अनुभव गर्नुहुन्छ ?

क) सहज  ख) असहज  ग) केही अनुभव गर्दिनँ

५. शिक्षण गर्दा निर्देशिका प्रयोग गर्न आवश्यक छ ?

क) कहिलेकाहीँ  ख) छैन  ग) अति आवश्यक छ

६. निर्देशिकाअनुसार शिक्षण गर्न कठिनाइ छ वा छैन ?

क) कठिनाइ छ  ख) कठिनाइ छैन  ग) असम्भव छ

७. निर्देशिकाको प्रयोग के कारणले कठिन छ ?

क) शिक्षक तालिम अपर्याप्त हुनाले  ख) समयको अभावले

ग) कक्षा प्रभावकारी नहुनु ।

८. निर्देशिकामा क्रियाकलापहरू विधाका दृष्टिले उपयुक्त छन् ?

क) उपयोगी छन्  ख) उपयोगी छैनन्  ग) केहीमात्र छन्

९. निर्देशिकामा उल्लेखित शिक्षण सामग्री तपाईले प्रयोग गर्न सम्भव छ ?

क) कुनै पनि छैन ख) केही मात्र छन् ग) सबै सम्भव छन्

१०. कक्षामा ती सामग्री कत्तिको उपयोग गर्नुहुन्छ ?

क) कहिलेकाँही गर्छु ख) सँधै गर्छु ग) आवश्यक छैन

११. प्रश्नहरू पाठअनुसार विविध खालका छन् ?

क) विविध छन् ख) खासै ध्यान दिएको छैन ग) सबै एकै खालका छन्

१२. निर्देशिकाले कुन पक्षलाई जोड दिएको छ ?

क) भाषिक सिप ख) शिक्षण सामग्री ग) विषयवस्तु

१३. नेपाली मातृभाषी र विमातृभाषी दुवैका लागि निर्देशिका महत्त्वपूर्ण छ ?

क) महत्त्वपूर्ण छ ख) कत्ति पनि छैन ग) केही मात्रामा छ

१४. निर्देशिकाको निर्देशन प्रत्येक विद्यालयमा अनिवार्य लागू गर्नुपर्दछ ?

क) लागू गर्नुपर्दछ ख) लागू गरिएकोछ ग) थाहा छैन

१५. निर्देशिकामा दिइएका अभ्यासात्मक प्रश्नहरू कस्ता खालका छन् ?

क) विविध ख) एकै खालका ग) विषय वस्तुमा मात्र केन्द्रित

१६. निर्देशिकाको प्रभावकारी प्रयोगको लागि कार्यशालाको आयोजना गरिंदै आएको छ?

क) थाहा पाएको छैन ख) कहिलेकाँही गरिन्छ ग) गरिंदैन

१७. निर्देशिका प्रयोगको सम्बन्धमा अनुगमन कार्य हुँदै आएको छ ?

क) छैन ख) थाहा छैन ग) कहिलेकाँही गरिन्छ

१९. निर्देशिका प्रयोग गर्ने कार्यमा प्रधानाध्यापकबाट सहयोग पाउनु भएको छ ?

क) छ ख) थाहा छैन ग) कहिलेकाँही पाइन्छ

# परिशिष्ट -२

## कक्षा अवलोकन फाराम

अवलोकन कर्ताः राम बहादुर केप्छाकी

विद्यालयको नाम /ठेगानाः

शिक्षकको नामः विषयः

शैक्षिक योग्यताः एकाइः

नियुक्तिको प्रकारः पाठ्यवस्तुः

शिक्षण अनुभवः कक्षाः

तालिमः मितिः

तलका प्रश्नहरू निम्न माध्यमिक तह कक्षा-७ को शिक्षक निर्देशिका प्रयोग र प्रभावकारितासँग मात्र केन्द्रित रही शोधप्रयोजनका लागि कक्षा अवलोकनका आधारमा गरिने छ ।

| १. | **कक्षाको प्रारम्भ** | **निम्न** | **मध्यम** | **उत्तम** | **अत्युत्तम** | **कैफियत** |
|---|---|---|---|---|---|---|
| | क) पूर्व पाठमा आधारित | | | | | |
| | ख) पाठप्रति रुचि जागरण | | | | | |
| | ग) कक्षा व्यवस्थापन | | | | | |
| | घ) विद्यार्थी सहभागिता | | | | | |
| २. | **पाठको प्रस्तुतीकरण** | **निम्न** | **मध्यम** | **उत्तम** | **अत्युत्तम** | **कैफियत** |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | क) विषयवस्तुको ज्ञान | | | | | |
| | ख) विषयवस्तुको प्रयाप्तता | | | | | |
| | ग) पाठको क्रमवद्धता | | | | | |
| | घ) उदाहरणको उपयुक्तता | | | | | |
| | ङ) भाषिक सिपको स्तरयुक्त प्रयोग | | | | | |
| | च) स्तरयुक्तता | | | | | |
| ३. | **शिक्षक/विद्यार्थी कार्यकलाप** | **निम्न** | **मध्यम** | **उत्तम** | **अत्युत्तम** | **कैफियत** |
| | क) निर्देशिकाको उद्देश्य प्राप्तिमा सहायक | | | | | |
| | ख) शब्दार्थ सम्बन्धी कठिनाइहरूको निवारण | | | | | |
| | ग) विषयवस्तुअनुसार हाउभाउ | | | | | |
| | घ) प्रश्नोत्तर उपयुक्तता | | | | | |
| | ङ) प्रश्नोत्तर | | | | | |
| | च) विद्यार्थीलाई प्रोत्साहन | | | | | |
| | छ) विद्यार्थी सक्रियता | | | | | |
| | ज) निर्देशिकाको निर्देशन पालना | | | | | |
| | झ) अनुशासन | | | | | |
| | ञ) विद्यार्थी सङ्ख्या | | | | | |
| ४. | **शिक्षण विधिको प्रयोग** | **निम्न** | **मध्यम** | **उत्तम** | **अत्युत्तम** | **कैफियत** |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | क) प्रश्नोत्तर | | | | | |
| | ख) छलफल | | | | | |
| | ग) लेखन अभ्यास | | | | | |
| | घ) व्याख्यान | | | | | |
| | ङ) प्रदर्शन | | | | | |
| | च) हाउभाउ | | | | | |
| ५. | **कालोपाटी तथा अन्य शैक्षिक सामग्रीको प्रयोग** | | | | | |
| | क) उद्देश्य प्राप्तिमा सहायक | | | | | |
| | ख) स्पष्ट देखिने र बुझिने | | | | | |
| | ग) शब्दपत्ती, वाक्य पत्तीको प्रयोग | | | | | |
| | घ) पाठसँग सम्बन्धित तालिका र नमुनाको प्रयोग | | | | | |
| | ङ) कालोपाटीको प्रयोग | | | | | |
| | च) पाठका विषयवस्तु सम्बन्धी सूची र बुँदाको प्रयोग | | | | | |
| | छ) स्थानीय सामग्रीको प्रयोग | | | | | |
| ६. | **मूल्याङ्कन** | **निम्न** | **मध्यम** | **उत्तम** | **अत्युत्तम** | **कैफियत** |
| | क) निरन्तर विद्यार्थी मूल्याङ्कन | | | | | |
| | ख) उद्देश्य प्राप्तिमा सहायक | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ग) शिक्षण विधिमा विविधता | | | | | |
| | घ) कक्षा कार्य | | | | | |
| | ङ) प्रश्नोत्तर | | | | | |
| | च) गृहकार्य | | | | | |

७. कक्षा कार्यकलापमा शिक्षक निर्देशिका प्रयोग र प्रभावकारिता सम्बन्धमा अन्य टिप्पणी

अवलोकनकर्ताः-

दस्तखतः-

अवलोकन मितिः-

# परिशिष्ट -३

| क्र.सं. | विद्यालयको नाम | प्र.अ.को नाम | शिक्षकको नाम | कैफियत |
|---|---|---|---|---|
| १. | श्री उ.मा.वि. भलायडाँडा-३, खाडडाँडा | दिनानाथ दाहाल | दिनानाथ दाहाल | |
| २. | श्री उ.मा.वि. भलायडाँडा-९, हाडेबास | छत्रनारायण यादव | राम कार्की | |
| ३. | श्री उ.मा.वि. पञ्चावती गढी-४, पञ्चावती | सुरेश कार्की | सुरेश कार्की | |
| ४. | श्री उ.मा.वि. पञ्चावती-३, नेपालटार | नारायण खपाङ्गी मगर | विमला खत्री | |
| ५. | श्री मा.वि. पञ्चावती-५, बोहोरीबोट | हिरा कार्की | सिता मगर | |
| ६. | श्री मा.वि. पञ्चावती-७, भसुवा | ज्ञानी महत | धन बहादुर खड्का | |
| ७. | श्री जनकल्याण मा.वि.पञ्चावती-४, रुम्जाटार | नेत्र पोखरेल | बोध कुमारी मगर | |
| ८. | श्री राजाजी नि.मा.वि. भलायडाँडा-९, कोल्टे | विनोद खड्का | दिपक मगर | |
| ९. | श्री ककनी नि.मा.वि. भलायडाँडा-९, विरालीटार | नेत्र कुमारी मगर | उमेश खड्का | |
| १०. | श्री बलान नि.मा.वि. भलायडाँडा-३, कपासे | सुरेन्द्र चौधरी | भक्ति मगर | |
| ११. | श्री नि.मा.वि. नाङ्राङे-३, नाङ्राङे | पदम अधिकारी | पदम अधिकारी | |
| १२. | श्री महेन्द्र नि.मा.वि.भलायडाँडा-१, चियाबारी | छविन्द्र पुलामी मगर | नवीन पुलामी मगर | |
| १३. | श्री नि.मा.वि. भलायडाँडा-३, नरेटार | गोविन्द खपाङ्गी मगर | कविता खपाङ्गी मगर | |
| १४. | श्री नि.मा.वि. सितले-५, सितले | खड्ग गुरागाई | विमला मगर | |
| १५. | श्री मुनाल नि.मा.वि. भलायडाँडा-९, ध्वासे | निरा कुमारी कार्की | सुजाता आले मगर | |

| | | | | |
|---|---|---|---|---|
| १६. | श्री नि.मा.वि. भलायडाँडा-६, लामिखोला | कल्पना राई | हिरा खपाङ्गी मगर | |
| १७. | श्री नि.मा.वि. भलायडाँडा-९, सत्यावती | गोपी मिजार | गोपाल मगर | |
| १८. | श्री नि.मा.वि. भलायडाँडा-७, चुरुम्फा | हिमाल पुलामी मगर | हिमाल पुलामी मगर | |
| १९. | श्री नि.मा.वि. भलायडाँडा-३, झाँक्री खोप | पद्मा मगर | पद्मा मगर | |
| २०. | श्री नि.मा.वि. पञ्चावती-४ सोलिघोप्टे | ताराकुमारी मगर | पृथबहादुर केप्छाकी मगर | |

# व्यक्तिगत विवरण

| | | |
|---|---|---|
| नाम | : | राम बहादुर केप्छाकी |
| ठेगाना | : | भलायडाँडा-९, उदयपुर |
| जन्ममिति | : | २०४३/०३/१३ |
| पिता | : | बल बहादुर केप्छाकी |
| माता | : | हर्कमाया केप्छाकी |
| श्रीमती | : | पुजा मगर |
| राष्ट्रियता | : | नेपाली |
| धर्म | : | हिन्दू |
| लिङ्ग | : | पुरुष |
| पेशा | : | शिक्षण |
| शिक्षण अनुभव | : | ४ वर्ष |
| सम्पर्क नं. | : | ९८४२८३९७४४ |

**शैक्षिक योग्यता**

| क्र.सं. | योग्यता | साल | अध्ययन गरेको संस्था | श्रेणी |
|---|---|---|---|---|
| १ | एस.एल.सी. | २०५९ | श्री जनता उच्च मा.वि., शिशुवारी, सप्तरी | द्वितीय |
| २ | १० + २ | २०६२ | श्री जनता उच्च मा.वि., शिशुवारी, सप्तरी | द्वितीय |
| ३. | आई.एड. | २०६७ | श्री सूर्यनारायण सत्यनारायण मोरवैता यादव बहुमुखी क्याम्पस, सिरहा | द्वितीय |
| ३ | बी.एड. | २०६५ | श्री सूर्यनारायण सत्यनारायण मोरवैता यादव बहुमुखी क्याम्पस, सिरहा | द्वितीय |